# विषयसूची


"फोहोरमैला व्यवस्थापन ऐन २०७८" ............ १

सन्धिखर्क नगरपालिकाको बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७८ ............ १६

सामुदायिक वन सञ्चालन तथा व्यवस्थापन, ऐन २०७८ ............ ३६

संस्था दर्ता ऐन, २०७८ ............ ४५

सन्धिखर्क नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७८ ............ ५०

सार्वजनीक निजी साझेदारी ऐन, २०७८ ............ ६४

सन्धिखर्क नगरपालिकामा साबिक स्थानीय निकायबाट समायोजन भएका स्थायी कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ ............ ८३

जलस्रोत उपयोग सम्बन्धी, ऐन २०७९ ............ ८८

एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०८० ............ ९६

तथ्याङ्क तथा अभिलेख व्यवस्थान ऐन, २०८० ............ १२६

सामाजिक सुरक्षा ऐन, २०८० ............ १३३

सिंचाइ ऐन, २०८० ............ १३९

# “फोहोरमैला व्यवस्थापन ऐन, २०७८”

**प्रमाणीकरण मितिः २०७८/१०/०९**

**प्रस्तावनाः**

फोहोरमैला स्रोतमा न्यूनीकरण, पुनः प्रयोग, प्रशोधन वा विसर्जन गरी सन्धिखर्क नगरपालिका क्षेत्रभित्र फोहरमैलाको उचित र प्रभावकारी व्यवस्थापन गर्न तथा जनस्वास्थ्य एवम् वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गरी गरी स्वच्छ, स्वस्थ र मनोरम वातावरण कायम गर्न वान्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिकः

१. **सङ्क्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम सन्धिखर्क नगरपालिकाको”फोहोरमैला व्यवस्थापन ऐन, २०७८” रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “नगरपालिका” भन्नाले सन्धिखर्क नगरपालिका सम्झनु पर्दछ ।

(ख) “नगर कार्यपालिका” भन्नाले सन्धिखर्क नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) “प्रमुख” भन्नाले सन्धिखर्क नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(घ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले सन्धिखर्क नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ङ) “समिति” भन्नाले फोहोरमैला व्यवस्थापन समिति सम्झनु पर्दछ ।

(च) “औद्योगिक प्रतिष्ठान” भन्नाले कुनै उद्योग, व्यवसाय वा सेवा सञ्चालन गर्ने उद्देश्यले कानुन बमोजिम स्थापित कुनै कम्पनी, उद्योग, फर्म वा यस्तै प्रकृतिको निकाय सम्झनु पर्दछ ।

(छ) “औद्योगिक फोहोरमैला” भन्नाले औद्योगिक प्रतिष्ठानबाट निष्काशन हुने हानिकारक तथा प्रदुषित फोहोरमैला सम्झनु पर्दछ ।

(ज) “कन्टेनर” भन्नाले फोहोरमैला सङ्कलन गर्ने प्रयोजनको लागि निश्चित स्थानमा राखिएको फोहोरमैला थुपार्ने भाँडो, बाल्टिन वा यस्तै प्रकारको अन्य कुनै वस्तु सम्झनु पर्दछ ।

(झ) “निष्काशन” भन्नाले फोहोरमैला उत्पादन स्थलबाट नगरपालिकाले तोकेको स्थानमा थुपार्ने वा निकाल्ने कार्य सम्झनु पर्दछ ।

(ञ) "सङ्कलन केन्द्र" भन्नाले घर घरबाट निस्कने फोहोरमैला सङ्कलन गरी निर्धारित समयसम्म राख्न वा थुपार्न नगरपालिकाले तोकेको स्थान सम्झनुपर्छ र घरघरमा फोहोरमैला सङ्कलन गर्न आउने नगरपालिकाले तोकेको फोहोरमैला सङ्कलक वा फोहोरमैला सङ्कलन गर्ने साधन समेतलाई जनाउँछ ।

(ट) "फोहोरमैला" भन्नाले घरेलु फोहोरमैला, औद्योगिक फोहोरमैला, रासायनिक फोहोरमैला, स्वास्थ्य संस्थाबाट निस्कने फोहोरमैला वा हानिकारक फोहोरमैला सम्झनु पर्दछ र यस शब्दले प्रयोगमा नआउने तथा फालिएका वस्तु, सडे गलेका वस्तु र वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएका वस्तुहरू लगायत अनाधिकृत सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्लपेट र नगरपालिकाले राजपत्रमा सूचना प्रकाशन गरी फोहोरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई जनाउँछ ।

(ठ) "प्रशोधन" भन्नाले फोहोरमैला को रूप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तु तयार गर्ने, मल, ग्यास, उर्जा वा अन्य वस्तु उत्पादन गरी फोहोरमैलाको व्यवस्थापन गर्ने प्रक्रिया सम्झनु पर्दछ ।

(ड) "फोहोरमैला सङ्कलन" भन्नाले फोहोरमैला उत्पादन स्थलबाट उठाउने, घरघरबाट सङ्कलन गर्ने, सार्वजनिक स्थलमा रहेको फोहोरमैला बढार्ने, थुपार्ने, झारपात उखेल्ने तथा अनाधिकृत रूपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्प्लेट हटाई सङ्कलन गर्ने कार्यलाई सम्झनु पर्दछ ।

(ढ) "फोहोरमैला व्यवस्थापन स्थल" भन्नाले फोहोरमैला विसर्जन वा प्रशोधन गर्नका लागि नगरपालिकाले तोकेको स्थल सम्झनु पर्दछ ।

(ण) "विर्सजन" भन्नाले फोहोरमैलाको अन्तिम निष्काशन तथा व्यवस्थापन सम्झनु पर्दछ ।

(त) "सामुदायिक संस्था" भन्नाले नाफा आर्जन नगर्ने उद्देश्यले समुदायको हितको लागि प्रचलित कानुन बमोजिम स्थापित र सहभागितामूलक टोल विकास संस्था तथा उपभोक्ता समुह, सरकारी संस्था वा गैर सरकारी संस्था सम्झनु पर्दछ ।

(थ) "फोहोरमैला सङ्कलन तथा ढुवानी साधन" भन्नाले फोहोरमैला सङ्कलन तथा ढुवानी गर्ने प्रयोजनका लागि प्रयोग गरिने साधन, उपकरण वा औजार सम्झनु पर्दछ ।

(द) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

## परिच्छेद-२

## फोहोरमैला उत्पादन, सङ्कलन, न्यूनीकरण तथा निष्काशन सम्बन्धी व्यवस्थाः

**३. फोहोरमैला व्यवस्थापनमा नगरपालिकाको मुख्य जिम्मेवारी रहनेः**

(१) फोहोरमैला व्यवस्थापनका लागि फोहोरमैला व्यवस्थापन स्थल, प्रशोधन प्लान्ट, कम्पोष्ट प्लान्ट, वायोग्यास प्लान्ट लगायत फोहोरमैलाको सङ्कलन, अन्तिम विर्सजन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने मुख्य जिम्मेवारी नगरपालिकाको हुनेछ ।

(२) फोहोरमैला सङ्कलन केन्द्र वा कुनै स्थानमा फालिएको वा राखिएको फोहोरमैला वा सरसफाईको शिलशिलामा जम्मा भएको फोहोरमैलाको आवश्यक प्रवन्ध गर्ने वा कुनै किसिमबाट प्रयोग गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि हानिकारक फोहोर मैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला वा औद्योगिक फोहोरमैलाको प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधिनमा रही त्यस्तो फोहोरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ ।

(४) कुनै उद्योग वा स्वास्थ्य संस्थाले हानिकारक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला, रासायनिक फोहोरमैला तथा औद्योगिक फोहोरमैला प्रशोधन गरी बाँकी रहेको फोहोरमैला तथा अन्य फोहोरमैलाको व्यवस्थापन गरिदिन नगरपालिकालाई अनुरोध गरेमा वा नगरपालिकाले निर्माण गरेको फोहोरमैला स्थल प्रयोग गर्न माग गरेमा नगरपालिकाले निर्धारण गरे बमोजिम को सेवा शुल्क लिई फोहोरमैलाको व्यवस्थापन गरिदिन वा फोहोरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ ।

**४. फोहोरमैलाको उत्पादन कम गर्नेः**

(१) कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम गर्दा उत्पादन हुने फोहोरमैला यथाशक्य कम गर्नु पर्नेछ ।

(२) आफ्नो क्षेत्रभित्र विसर्जन हुन सक्ने फोहोरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहोर मैला मात्र निष्काशन गरी फोहोरमैलाको परिणामलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ ।

**५. फोहोरमैलाको पृथकीकरणः**

(१) नगरपालिकाले फोहोरमैलालाई जैविक, अजैविक र अन्य प्रकारमा विभाजन गरी स्रोत छुट्टाउने गरी तोक्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले तोकिदिए बमोजिम फोहोरमैलालाई विभिन्न तहमा छुटयाई सङ्कलन केन्द्र सम्म पुऱ्याउने दायित्व त्यस्तो फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ र यसको लागि नगरपालिकाले आवश्यक प्रविधि, मालसमान, उपकरण, कन्टेनर आदि उपलब्ध गराउन सक्नेछ ।

**६. फोहोरमैलाको निष्काशनः**

(१) फोहोरमैला निष्काशनको समय, स्थान र तरिका नगरपालिकाले निर्धारण गरे

बमोजिम हुनेछ ।

(२) हानिकारक फोहोरमैला वा रासायनिक फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहोरमैला तोकिए बमोजिम व्यस्थापन गर्नु पर्नेछ ।

(३) हानिकारक फोहोरमैला वा रासायनिक फोहोरमैला सङ्कलन केन्द्रमा निष्काशन गर्न पाइने छैन ।

**७. सङ्कलन केन्द्र तोक्नेः**

(१) नगरपालिकाले फोहोरमैलालाई व्यवस्थित रूपमा सङ्कलन गर्न प्रत्येक टोल वा वस्तीमा सङ्कलन केन्द्र तोकी आवश्यक कन्टेनरको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सङ्कलन केन्द्र तोक्दा सकेसम्म टोल वा बस्तीका सबैलाई पायक पर्नेगरी वातावरणीय रूपले उपयुक्त स्थान तोक्नु पर्नेछ ।

**८. फोहोरमैलाको ढुवानीः**

(१) सङ्कलन केन्द्रमा जम्मा भएको फोहोरमैलालाई फोहोरमैला व्यवस्थापन स्थलसम्म ढुवानीगर्ने दायित्व नगरपालिका वा नगरपालिकाले व्यवस्था गरेको संस्था वा निकायको हुनेछ ।

(२) फोहोरमैला ढुवानी गर्दा तोकिए बमोजिम को ढुवानी साधन प्रयोग गर्नु पर्नेछ । यस्तो साधन तोक्दा तौल, क्षमता, तरिका, सडकको क्षमता तथा वातावरणमा पर्न सक्ने प्रभाव समतेलाई विचार गरी तोक्नु पर्नेछ ।

(३) फोहोरमैला ढुवानी गर्दा नगरपालिकाले दफा ८ बमोजिम स्रोतमा छुट्याई निष्काशन तथा सङ्कलन गरिएको फोहोरमैला को अलग-अलग ढुवानी गर्नु पर्नेछ ।

**९. फोहोरमैलाको न्यूनीकरण, पुनःप्रयोग तथा पुनःचक्रीय प्रयोगः** नगरपालिकाले फोहोरमैला न्यूनीकरण, पुनःप्रयोग तथा पुनःचक्रिय प्रयोगलाइ प्रोत्साहन गर्न समन्वयात्मक व्यवस्था मिलाउनेछ र यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

## परिच्छेद-३
## फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

**१०. फोहोरमैला व्यवस्थापन स्थलः**

(१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र सङ्कलन भएको फोहोरमैलालाई व्यवस्थापन तथा स्थायी रूपमा विसर्जन गर्नका लागि वातावरण सम्बन्धी प्रचलित कानुनको अधिनमा रही फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थल तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम फोहोरमैला व्यवस्थापन स्थल तोक्नको लागि नगरपालिकाको जग्गा नभएमा वा जग्गा भए तापनि फोहोरमैला व्यवस्थापन स्थल तोक्न उपयुक्त नभएमा उपयुक्त जग्गा भाडामा लिई वा खरिद गरी व्यवस्थापन स्थल तोक्न सक्नेछ ।

(३) नगरपालिकाले उपदफा (१) र (२) बमोजिम फोहोरमैला व्यवस्थापन स्थल तोक्नको लागि जग्गाको अभाव भएमा उपयुक्त जग्गाको छनौट गरी उपलव्ध गराउनका लागि सङ्घीय सरकार समक्ष अनुरोध गर्न सक्नेछ ।

(४) नगरपालिकाले अर्को कुनै एक वा सो भन्दा बढी स्थानीय तह समेतले संयुक्त रूपमा एउटै फोहोरमैला व्यवस्थापन स्थल प्रयोग गर्न उपयुक्त भएमा त्यस्ता स्थानीय तह बिच आवश्यक समन्वय गरी त्यस्तो स्थललाई सम्बन्धित स्थानीय तहहरूको बिच लिखित सहमति र शर्तहरूमा संयुक्त रूपमा प्रयोग गर्ने गरी मिलाउन सक्नेछ ।

(५) नगरपालिकाको फोहोरमैला व्यवस्थापन स्थल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य तोकिएको वातावरणीय मापदण्ड अनुरूप गर्नु पर्नेछ ।

(६) नगरपालिकाले फोहोरमैला व्यवस्थापन स्थल क्षेत्रलाई आवश्यक परेमा वातावरणीय रूपले संवेदनशील क्षेत्र घोषण गर्न सक्नेछ ।

(७) नगरपालिकाले उपदफा (६) बमोजिम को क्षेत्रमा पशुपंक्षी, जीवजन्तु तथा मानवको अनाधिकृत प्रयोगलाई रोक लगाउने, माटो, ढुंगा, गिटी र वालुवा निकाल्ने कार्यमा रोक लगाउनुको साथै वातावरण संरक्षण र त्यस्तो क्षेत्रको उचित व्यवस्थापनको लागि निर्देशन तथा निर्देशिका जारी गरी लागु गर्न सक्नेछ ।

## परिच्छेद-४

## फोहोरमैला व्यवस्थापनमा निजी तथा सामुदायिक क्षेत्रको संलग्नताः

**११. अनुमति सम्बन्धी व्यवस्थाः**

(१) यो ऐन बमोजिम नगरपालिकाको अनुमति नलिई कसैले पनि फोहोरमैला व्यवस्थापन सम्बन्धी काम गर्न गराउन सक्ने छैन ।

(२) फोहोरमैला व्यवस्थापन गर्न स्वदेशी वा विदेशी कम्पनी, संस्था वा निकायले देहायको विवरण खुलाई अनुमतिको लागि नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(क) फोहोरमैला व्यवस्थापन सम्बन्धी योजना,

(ख) फोहोरमैला व्यवस्थापनको लागि आवश्यक जनशक्ति तथा प्रविधिको विवरण,

(ग) तोकिए बमोजिम को अन्य विवरण ।

(३) नगरपालिकाले उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर आवश्यक निर्णय गरी अनुमति दिन सक्नेछ ।

(४) फोहोरमैला व्यवस्थापन, प्रशोधन, पुनःचक्रीय प्रयोग र विसर्जनमा आवश्यक पर्ने प्रविधि स्वदेशमा उपलब्ध हुने अवस्था नदेखिएमा त्यस्तो प्रविधि उपलब्ध गराउन सक्ने कुनै विदेशी कम्पनी, संस्था वा निकायलाई सम्झौतामा उल्लेखित

अवधिभित्र त्यस्तो प्रविधि हस्तान्तरण गर्ने गरी सङ्घीय सरकारको स्वीकृत लिई नगरपालिकाले उपदफा (३) बमोजिम अनुमतिपत्र दिन सक्नेछ ।

(५) अनुमति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१२. निजी क्षेत्रबाट फोहोरमैला व्यवस्थापनको कार्य गराउन सकिनेः**

(१) नगरपालिकाले आवश्यकता अनुसार दफा (११) बमोजिम अनुमति प्राप्त निजी क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्रबाट दफा (१३) बमोजिम प्रतिस्पर्धा गराई वा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी कानुनको आवश्यक प्रकृया अबलम्वन गरी आफ्नो क्षेत्रको फोहोरमैला व्यवस्थापन गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम फोहोरमैला व्यवस्थापन गर्दा निजी क्षेत्रका कम्पनीको हकमा देहायका सबै वा कुनै र सामुदायिक वा गैर सरकारी संघ संस्थाका हकमा देहायका कुनै काम गराउन सकिनेछ ।

(क) फोहोरमैला न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि,

(ख) फोहोरमैला सङ्कलन,

(ग) फोहोरमैला ढुवानी,

(घ) फोहोरमैलाको प्रयोग, पुनःप्रयोग, पुनःचक्रीय प्रयोग वा प्रशोधन,

(ङ) फोहोरमैला विसर्जन र

(च) फोहोरमैला व्यवस्थापन सम्बन्धी कुनै काम ।

**१३. प्रतिस्पर्धा गराई फोहोरमैला व्यवस्थापनको जिम्मा दिनेः**

(१) नगरपालिकाले दफा १२ बमोजिम निजी क्षेत्र वा सामुदायिक संस्थाबाट फोहोरमैला व्यवस्थापन गराउँदा तोकिएको विधि बमोजिम प्रतिस्पर्धा गराई छनौट पश्चात व्यवस्थापन गर्ने जिम्मा दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छनौट गर्दा देहायका आधारमा गर्नु पर्नेछ ।

(क) नगरपालिकालाई बुझाउन कबूल गरेको रकम,

(ख) फोहोरमैलाबाट उर्जा शक्ति वा प्राङ्गारिक मल उत्पादन गर्न क्षमता, पूँजी, प्रविधि र जनशक्तिको स्थिति,

(ग) आर्थिक तथा प्राविधिक क्षमता,

(घ) व्यवस्थापनमा प्रयोग गरिने प्रविधिको दिगोपना र वातावरणीय प्रभाव न्यूनीकरण,

(ङ) व्यवस्थापन करार गर्ने भए प्रस्ताव गरिएको व्यवस्थापन शुल्क,

(च) फोहोरमैलाको प्रयोग, प्रशोधन, पुनः प्रयोग गर्ने सम्बन्धमा भए नगरपालिकालाई बुझाउन मञ्जुर गरिएको रोयल्टी ।

(३) फोहर मैला व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

(४) यस दफा बमोजिम फोहोरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी, संस्था वा निकायले नगरपालिकासँग गरेको सम्झौताको अधिनमा रही दफा १६ बमोजिम को शुल्क उठाउन सक्नेछ ।

(५) फोहोरमैला व्यवस्थापनमा निजी तथा गैर सरकारी क्षेत्रको संलग्नता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१४. फोहोरमैला व्यवस्थापन स्थल निर्माण तथा सञ्चालन गर्न स्वीकृत दिन सकिनेः**

(१) निजी क्षेत्रबाट फोहोरमैला व्यवस्थापनका लागि फोहोरमैला व्यवस्थापन स्थल, प्रशोधन स्थल वा अन्य संयन्त्र निर्माण गरी सञ्चालन गर्न स्वीकृति माग गरेमा वातावरण तथा अन्य प्रचलित कानुनको अधिनमा रही त्यस्तो संयन्त्र निर्माण तथा सञ्चालनका लागि नगरपालिकाले स्वीकृति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निजी क्षेत्रबाट फोहोरमैला व्यवस्थापन संयन्त्रको निर्माण तथा सञ्चालन गर्दा वातावरणीय मापदण्ड अनुरुप भए नभएको अनुगमन नगरपालिकाले गर्नेछ ।

(३) यसरी अनुगमन गर्दा तोकिएको मापदण्ड अनुरूप नभए समयावधि तोकी मापदण्ड अनुरूप गर्न लगाउने र तोकिएको समयावधि भित्र मापदण्डको पालना नगरे त्यस्ता व्यक्ति, संस्था वा कम्पनीलाई दिएको स्वीकृति नगरपालिकाले रद्द गर्न सक्नेछ ।

**१५. सार्वजनिक निजी साझेदारीमा फोहोरमैला व्यवस्थापन गर्न सकिनेः'**

(१) नगरको फोहरमैला व्यवस्थापनका लागि नगरपालिकाले सार्वजनिक निजी साझेदारीको अवधारणामा कार्य गर्न गराउन सक्नेछ ।

(२) यसरी सार्वजनिक निजी साझेदारीको अवधारणामा कार्य गर्दा गराउँदा प्रचलित स्थानीय सरकार सञ्चालन ऐन, सार्वजनिक खरिद ऐन तथा नियमावली लगायत अन्य प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

(३) सार्वजनिक निजी साझेदारीमा कार्य गर्दा/गराउँदा लाभ, लागत र जोखिम दुबै पक्षमा रहने गरी व्यवस्थापन गरिनेछ ।

(४) सार्वजनिक निजी साझेदारीमा कार्य गर्दा/गराउँदा सकेसम्म स्थानीय स्तरमा रहेका निजी क्षेत्रलाई साझेदारको रूपमा लिइनेछ ।

(५) स्थानीय क्लब, सामुदायिक संस्था, टोल विकास संस्था, गैर सरकारी संस्था वा नाफा आर्जन गर्ने उद्देश्यले स्थापना भएका कम्पनीहरू वा अन्य स्थानीय तथा बाह्य संघ/संस्थाहरूलाई निजी क्षेत्रका रूपमा लिन सकिनेछ ।

(६) विभिन्न स्थानमा फरक फरक निजी क्षेत्र परिचालन भएको अवस्थामा सबैको कार्य प्रति एकरूपता ल्याउनका लागि सबै साझेदारहरूको संलग्नतामा नगर स्तरीय संयन्त्र तयार गरी सोही संयन्त्र मार्फत सार्वजनिक निजी साझेदारीका क्रियाकलापहरूलाई व्यवस्थित र नियमित गर्ने व्यवस्था नगरपालिकाले मिलाउन

सक्नेछ ।

(७) फोहोरमैला व्यवस्थापन गर्न नगरपालिकाले फोहरमैला उत्पादक सँग सरसफाई सेवा शुल्क लिनेछ । यसरी लिने शुल्क नगरपालिकाले तोकिदिए बमोजिम हुनेछ ।

(८) सहज र सरल रूपमा फोहरमैलाको व्यवस्थापन गर्ने प्रयोजनका लागि नगरपालिकाले नगरबासीलाई पारिवारिक परिचयपत्र उपलब्ध गराउन सक्नेछ । यसरी परिचयपत्र उपलब्ध गराउँदा नगरपालिकाले उक्त परिचयपत्रको बहुउपयोग हुने गरी तयार गर्नेछ र यसको प्रयोग नगरपालिकाको सम्पूर्ण सेवा सुविधा सँग जोडेर सोही अभिलेखको आधारमा सेवा सुविधा उपलव्ध गराउन सक्नेछ ।

## परिच्छेद-५
## फोहोरमैला व्यवस्थापन सेवा शुल्क सम्बन्धी व्यवस्थाः

**१६. सेवा शुल्क उठाउन सक्नेः**

(१) नगरपालिकाले फोहोरमैला व्यवस्थापन गरे वापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट तोकिए बमोजिम को सेवा शुल्क उठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम शुल्कको निर्धारण फोहोरमैलाको परिमाण, तौल तथा प्रकृति र तोकिएका अन्य आधारमा गरिनेछ ।

(३) यस दफा बमोजिम निर्धारण गरिएको शुल्क नगरपालिका आफैले वा नगरपालिकाले तोकेको संस्था वा निकाय मार्फत समेत उठाउन सकिनेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा १३ बमोजिम फोहोरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले नगरपालिकासँग भएको सहमतिको आधारमा फोहोरमैला व्यवस्थापन गरे वापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउन सक्नेछ ।

(५) यस दफा बमोजिम शुल्कबाट प्राप्त आम्दानी तथा फोहोरमैला व्यवस्थापनमा निजी क्षेत्रमार्फत सङ्कलन गराउँदा प्राप्त हुने आम्दानी नगरपालिकाले एउटा छुट्टै शीर्षकमा राखी उक्त रकम फोहोरमैला व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहोरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा खर्च गर्नु पर्नेछ ।

**१७. सेवा निलम्बन वा अन्त्य गर्न सक्नेः**

(१) नगरपालिकाले दफा १६ बमोजिम सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहोरमैला सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ ।

(२) फोहोरमैला व्यवस्थापन गर्न दफा १३ बमोजिम जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले दफा १६ को उपदफा (४) बमोजिम को सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहोरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा

अन्त्य गर्न सक्नेछ । यसरी सेवा निलम्वन वा अन्त्य गरिएमा नगरपालिकालाई जानकारी दिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम सेवाको निलम्बन वा अन्त्य गरिएको अवस्थामा आफ्नो घरबाट उत्पादन हुने फोहोरमैलाको व्यवस्थापन सम्बन्धित व्यक्ति, घरधनी, संस्था वा निकाय आफैले गर्नु पर्नेछ ।

(४) शुल्क नबुझाउने निलम्बित सेवाग्राहीले दफा १६ बमोजिम बुझाउनु पर्ने सेवा शुल्क बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिनेछ ।

## परिच्छेद-६

## प्रदुषण नियन्त्रण तथा फोहोरमैला व्यवस्थापन कार्यको अनुगमन सम्बन्धी व्यवस्थाः

**१८. प्रदुषण नियन्त्रणः**

(१) आफ्नो क्षेत्रभित्रबाट सङ्कलित फोहोरमैलाबाट सो क्षेत्रमा पर्न सक्ने प्रतिकूल वातावरणीय प्रभावलाई यथासक्य कम गरी प्रदुषण रहित ढंगले व्यवस्थापन गर्ने दायित्व नगरपालिकाको हुनेछ ।

(२) नगरपालिकाले सङ्कलित फोहोरमैला निष्काशन तथा व्यवस्थापन गर्दा तोकिएको मापदण्डको पालना गर्नु पर्नेछ ।

**१९. फोहोरमैला व्यवस्थापनको अनुगमनः**

(१) नगरपालिकाले फोहोरमैला व्यवस्थापन तथा निष्काशन कार्यको नियमित अनुगमन गर्नु वा गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा नगरपालिकाले आवश्यक कार्य योजना बनाई लागु गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुगमनमा खटिने व्यक्तिले अनुगमन पश्चात सोको प्रतिवेदन नगरपालिका समक्ष दिनुपर्नेछ ।

(४) प्राप्त प्रतिवेदनमा औल्याइएका विषयहरूको सुधार तथा कार्यान्वयनका लागि नगरपालिकाले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(५) नगरपालिकाले यस दफा बमोजिम अनुगमन गर्ने कार्यका लागि प्राविधिक सहितको छुट्टै संयन्त्र निर्माण गरी कार्यादेश दिन सक्नेछ ।

**२०. फोहोरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको आर्थिक, सामाजिक विकास तथा वातावरण संरक्षण सम्बन्धी व्यवस्थाः**

(१) नगरपालिकाले फोहोरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको आर्थिक, सामाजिक, भौतिक विकास तथा वातावरणीय संरक्षणको गुरूयोजना बनाई सो योजना कार्यान्वयनको लागि विभिन्न कार्यक्रम बनाई कार्यान्वयन गर्नेछ ।

(२) नगरपालिकाले मुलतः देहायका क्षेत्रमा स्थानीय समुदायको सहभागितामा कार्यक्रम सञ्चालन गर्नेछ,

(क) सडक, विद्युत, खानेपानी तथा ढल, सरसफाई र वातावरण संरक्षण,

(ख) विद्यालय र स्वास्थ्य संस्थाको स्थापना र सञ्चालन,

(ग) प्रभावित क्षेत्रमा आर्थिक, सामाजिक रूपले पिछडिएका विपन्न वर्गको उत्थान तथा विकासका लागि आवश्यक कार्यक्रम ।

## परिच्छेद-७

## फोहोरमैला व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

**२१. फोहोरमैला व्यवस्थापन समितिको गठनः**

**(१)** फोहोरमैला व्यवस्थापनका सम्बन्धमा अवलम्बन गर्नुपर्ने नीति निर्धारण र अन्य आवश्यक कार्यहरूका लागि नगरपालिकामा एक फोहोरमैला व्यवस्थापन समिति रहने छ ।

(२) उपदफा (१) बमोजिम को समितिमा देहायका सदस्यहरू रहने छन् ।

(क) नगरपालिका प्रमुख - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) फाहोरमैला हेर्ने विषयगत समितीको संयोजक - सदस्य

(घ) कार्यपालिकाका सदस्यहरू मध्ये नगर कार्यपालिकाले मनोनित गरेका १ जना महिला सहित २ जना -सदस्य

(ङ) स्थानीय उद्योग तथा वाणिज्य संघ सँग सम्बन्धित संस्थाका अध्यक्ष एक जना - -सदस्य

(च) नगरपालिका, स्वास्थ्य शाखाका प्रमुख -सदस्य

(छ) नगर कार्यपालिकाले मनोनित गरेको फोहोरमैला प्रभावित क्षेत्रमा बसोवास गर्ने व्यक्तिहरू मध्ये बाट एक महिला सहित दुई जना -सदस्य

(ज) फोहोरमैला व्यवस्थापन तथा नगरपालिका भित्र रहेका खानेपानी तथा सरसफाई संस्थाहरू बाट दुई जना -सदस्य

(झ) योजना शाखा वा शहरी विकास शाखा प्रमुख -सदस्य

(ञ) नगर क्षेत्रभित्र फोहरमैला व्यवस्थापनमा कार्य गर्ने निजी क्षेत्र/गै.स.स.को तर्फबाट प्रमुखले तोकेको १ जना -सदस्य

(ट) नगरपालिकाले तोकेको फोहोरमैला व्यववस्थापन सम्बन्धी विज्ञ एक जना -सदस्य

(ठ) फोहोरमैला व्यवस्थापन तथा वातावरण शाखा प्रमुख -सदस्य सचिव

(३) उपदफा (२) बमोजिम गठन भएको समितिमा मनोनित सदस्यको पदावधि ३ वर्षको हुनेछ ।

**२२. समितिको काम कर्तब्य र अधिकारः**

(१) दफा २१ (२) बमोजिम गठित समितिको काम, कर्तब्य र अधिकार देहाय

बमोजिम हुनेछः

(क) फोहोरमैला व्यवस्थापन सम्बन्धी आवश्यक नीति तर्जुमा गरी स्वीकृतिका लागि नगर कार्यपालिकामा पेस गर्ने ।

(ख) फोहोरमैला व्यवस्थापन कार्यसँग सम्बद्ध निकायहरू बिच समन्वयको लागि नीतिगत व्यवस्था गर्ने ।

(ग) फोहोरमैला व्यवस्थापनका लागि नगरपालिकाले शुल्क निर्धारण गर्दा आवश्यक पर्ने मापदण्ड तयार गरी नगर कार्यपालिकामा पेस गर्ने ।

(घ) फोहोरमैला एकीकृत रूपमा व्यवस्थापन गर्न नगरपालिकाले कुनै लगानी गर्नुपर्ने अवस्थामा त्यस्तो लगानी गर्नु पर्ने रकमको प्रतिशत निर्धारण गर्ने ।

(ङ) फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यमा कुनै अवरोध उत्पन्न भएमा सरोकारवाला पक्षहरू सँग छलफल गरी समाधान खोज्ने

(च) तोकिए बमोजिम अन्य काम गर्ने ।

**२३. समितिको बैठक सम्बन्धी व्यवस्थाः**

(१) समितिको बैठक ३ महिनामा कम्तिमा १ पटक समितिका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा नगर प्रमुखको हैसियतमा नगर उपप्रमुखले बैठकको अध्यक्षता गर्नेछ ।

(३) सम्पूर्ण सदस्य संख्याको ५० प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या मानिनेछ ।

(४) बैठकको निर्णय सामान्यतः सहमतिमा गरिनेछ सहमति हुन नसकेमा बहुमतको आधारमा हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिने छन् ।

(५) समितिले आवश्यक देखेमा फोहोरमैला व्यवस्थापन सम्बन्धी कुनै विज्ञ वा पदाधिकारीलाई आमन्त्रण गर्नसक्नेछ ।

(६) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(७) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-८
## कसुर र दण्ड सजाय

**२४. कसुरः**

(१) कसैले देहायको कुनै काम गरेमा यस ऐन बमोजिम कसुर गरेको मानिनेछः

(क) नगरपालिकाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहोरमैला निष्काशन गरेमा,

(ख) कन्टेनर वा फोहोरमैला सङ्कलन केन्द्रमा राखिएको फोहोरमैला अनाधिकृत तवरले प्रयोग गरेमा,

(ग) फोहोरमैला सङ्कलन केन्द्रमा राखिएको कन्टेनर तोडफोड गर्ने, क्षति पुऱ्याउने कार्य गरेमा राखिएको स्थलबाट हटाउने वा सङ्कलन केन्द्रमा कुनै नोक्सानी पुऱ्याउने,

(घ) यस ऐन बमोजिम अनुमति नलिई फोहोरमैला व्यवस्थापनको कार्य गरेमा,

(ङ) यस ऐन बमोजिम फोहोरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमति पत्रमा उल्लेखित शर्तहरू उल्लंघन गरेमा,

(च) फोहोरमैला सङ्कलन केन्द्र, कन्टेनर वा फोहोरमैला थुपार्ने ठाउँमा कुनै किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने कार्य गरेमा,

(छ) घर, कम्पाउन्ड वा परिसरको फोहोरमैला सडक वा अन्य सार्वजनिक स्थलमा जथाभावी राख्ने, फाल्ने वा थुपार्ने,

(ज) फोहोरबाट निस्केको दुषित पानी वा ढल चुहाई अन्य व्यक्तिको घर, जग्गा वा सार्वजनिक स्थल प्रदुषित गराउने,

(झ) नगरपालिकाले तोकेको स्थान बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहोरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने,

(ञ) रासायनिक फोहोरमैला, औद्योगिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला वा हानिकारक फोहोरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने,

(ट) फोहोरमैला सङ्कलन, ढुवानी तथा फोहोरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने,

(ठ) फोहोरमैला सङ्कलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने ,

(ड) स्रोतमै फोहोरमैला पृथकीकरण नगरी दफा ५ को विपरित फोहोरमैला मिसाएर निष्काशन गर्ने,

(ढ) मरेको वा मारेको पशु पंक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने ।

**२५. सजायः**

(१) दफा २४ को खण्ड (क) बमोजिम कसुर गर्ने व्यक्तिलाई नगर प्रमुखले पहिलो पटक भए ५ हजारसम्म जरिवाना, दोस्रो पटक सोही कसुर गरेमा ५ हजारदेखि १० हजारसम्म, तेस्रो वा सो भन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि

१५ हजारका दरले जरिवाना गरी फोहोरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असुल उपर गर्न सक्नेछ ।

(२) दफा २४ को खण्ड (ख) बमोजिम को कसुर गर्ने लाई नगरपालिकाले ५ सय देखि ५ हजारसम्म जरिवाना गर्न सक्नेछ ।

(३) दफा २४ को खण्ड (ग) बमोजिम कसुर गर्नेलाई नगरपालिकाले १५हजार देखि ५० हजारसम्म जरिवाना गरी कन्टेनर वा सङ्कलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असुल उपर गर्न सक्नेछ ।

(४) दफा २४ को खण्ड (घ) र (ङ) बमोजिम को कसुर गर्ने लाई १५ हजार देखि ५० हजारसम्म जरिवाना गरी अनुमती नलिएसम्म त्यस्तो कार्य गर्न रोक लगाउनेछ ।

(५) दफा २४ को खण्ड (च) बमोजिम को कसुर गर्नेलाई नगरपालिकाले ५ हजार देखि १५ हजारसम्म जरिवाना गर्न सक्नेछ ।

(६) दफा २४ को खण्ड (छ), (ज) र (ढ) बमोजिम को कसुर गर्नेलाई नगरपालिकाले ५ हजारदेखि १५ हजारसम्म जरिवाना गर्न सक्नेछ ।

(७) दफा २४ को खण्ड (झ) बमोजिम को कसुर गर्नेलाई नगरपालिकाले ३० हजार देखि ५० हजारसम्म जरिवाना गर्न सक्नेछ ।

(८) दफा २४ को खण्ड (ञ) बमोजिम को कसुर गर्नेलाई नगरपालिकाले ५० हजार देखि १ लाख सम्म जरिवाना गर्न सक्नेछ । सोही कसुर पुनः गरेमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गरी प्रचलित कानुन बमोजिम अनुमति रद्द गर्नका लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ ।

(९) दफा २४ को खण्ड (ट) र (ठ) बमोजिम को कसुर गर्नेलाई प्रचलित कानुन बमोजिम दण्ड र जरिवाना गर्न सकिनेछ ।

(१०) दफा २४ को खण्ड (ड) बमोजिम को कसुर गर्ने लाई नगरपालिकाले प्रत्येक पटक ५ सय रुपैयाँ जरिवाना गर्न सक्नेछ ।

२६. **सेवा सुविधा रोक्का गर्न सकिनेः**

(१) यस ऐन बमोजिम तोकिएको सेवा शुल्क नबुझाउने वा बुझाउन अटेर गर्ने व्यक्तिलाई नगरपालिकाले उपलब्ध गराउने कुनै सेवा सुविधाको अतिरिक्त विद्युत तथा टेलिफोन सेवा रोक्का गरिदिन तथा निजको नामको घरजग्गा बिक्री रोक्का गर्नको लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ । तर यसरी लेखि पठाउनु अघि सम्बन्धित व्यक्तिलाई सो सम्बन्धमा लिखित जानकारी गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखि आएमा त्यस्तो सेवा सुविधा रोक्नु सम्बन्धित निकायको कर्तब्य हुनेछ ।

२७. **पुनरावेदन दिन सक्नेः** दफा २५ को उपदफा (१) बमोजिम गरेको सजायको आदेश

उपर चित्त नबुझ्ने पक्षले त्यस्तो आदेश भएको मितिले ३५ दिनभित्र नगरपालिकामा उजुरी दिन सक्नेछ ।

## परिच्छेद-९
## विविध

**२८. स्वास्थ्य संस्थाजन्य फोहोरमैला व्यवस्थापनः**

(१) स्वास्थ्य संस्था स्थापना गर्नका लागि प्रचलित कानुन बमोजिम अनुमति दिने निकायले अनुमति दिनु पुर्व फोहोरमैला व्यवस्थापनको उपयुक्त व्यवस्था गरेर मात्र अनुमति दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति दिदा स्वास्थ्य संस्थाले फोहोरमैला व्यवस्थापन सम्बन्धमा पालना गर्नुपर्ने विशेष शर्त वा कायम गर्नुपर्ने मापदण्ड समेत तोकिदिन सक्नेछ ।

**२९. रासायनिक विषादी सम्बन्धी व्यवस्थाः**

(१) रासायनिक विषादीको आयात गर्दा तोकिए बमोजिम को मापदण्डको अधिनमा रही गर्नु पर्नेछ ।

(२) समयावधि सकिएको रासायनिक विषादी तोकिएको मापदण्डको अधिनमा रही नष्ट गर्ने जिम्मेवारी सम्बन्धित व्यक्ति वा संस्थाको हुनेछ ।

**३०. फोहोरमैला व्यवस्थापन कोषः**

(१) नगरपालिकामा एक फोहोरमैला व्यवस्थापन कोष रहनेछ र उक्त कोषमा देहायका रकमहरू जम्मा गरिनेछ ।

(क) दफा १६ बमोजिम प्राप्त हुने सेवा शुल्क वापतको रकम,

(ख) दफा १३ बमोजिम प्राप्त हुने शुल्क रकम र रोयल्टी वापतको रकम,

(ग) दफा २५ बमोजिम जरिवाना वापत प्राप्त हुने रकम,

(घ) सङ्घीय वा प्रादेशिक सरकारबाट फोहोरमैला व्यवस्थापनका लागि प्राप्त हुने अनुदान रकम

(ङ) नगरपालिकाले निर्णय गरी उक्त कोषमा राख्ने रकम,

(च) अन्तर्राष्ट्रिय तथा राष्ट्रिय संघ संस्था वा निकायबाट फोहोरमैला व्यवस्थापनका लागि प्राप्त हुने अनुदान र सहयोग रकम,

(छ) खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाबाट प्राप्त हुने रकम,

(ज) अन्य कुनै श्रोतबाट प्राप्त हुने रकम ।

(२) उपदफा (१) को खण्ड (च) बमोजिम उक्त रकम प्राप्त गर्नको लागि सङ्घीय सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(३) यस दफा बमोजिम कोषको रकम खर्च गर्दा नगरपालिकाले आवश्यक कार्यक्रम बनाई फोहोरमैला व्यवस्थापन कार्यमा मात्र खर्च गर्नु पर्नेछ ।

(४) यस कोषको लेखा, खर्च प्रकृया र लेखापरीक्षण सम्बन्धी व्यवस्था नगरपालिकाको अन्य कोष सरह हुनेछ ।

**३१. फोहोरमैला व्यवस्थापनमा संलग्न सामुदायिक निकायको अभिलेख राख्नेः**

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको फोहोरमैला व्यवस्थापनमा काम गर्ने सामुदायिक संस्थाहरूको अद्यावधिक विवरण राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिने विवरणमा त्यस्ता संस्थाले काम गरिरहेको क्षेत्र र प्रकृति, जनशक्ति, आर्थिक तथा प्राविधिक स्रोत तथा अन्य आवश्यक विवरण समेत उल्लेख गर्न सकिनेछ ।

**३२. स्वीकृति लिनुपर्नेः** नगरपालिकाले कुनै विदेशी व्यक्ति, संघ संस्था वा दातृ निकायबाट सहयोग लिई फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा प्रदेश/सङ्घीय सरकारको पूर्व स्वीकृति लिई गराउनु पर्नेछ ।

**३३. पुरस्कार दिन सकिनेः**

(१) फोहोरमैला व्यवस्थापनका लागि नवीनतम अवधारणाको विकास गर्ने, त्यस्तो कार्यलाई प्रोत्साहन गर्न तथा फोहोरमैला व्यवस्थापन कार्यमा योगदान गर्ने व्यक्ति वा संस्थालाई नगरपालिकाले सम्मान स्वरूप उपयुक्त पुरस्कार दिन सक्नेछ ।

(२) यस ऐनको प्रतिकूल हुने गरी जथाभावी फोहोरमैला राख्ने, थुपार्ने वा फाल्ने व्यक्तिको बारेमा प्रमाण सहित उजुरी दिने व्यक्तिलाई नगरपालिकाले सम्मान एवम् नगद पुरस्कार समेत दिन सक्नेछ ।

**३४. नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाई लागु गर्न सक्नेछ ।

**३५. मापदण्ड वा निर्देशिका जारी गर्न सक्नेः** यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही नगरपालिकाले फोहोरमैला व्यवस्थापनका लागि बेग्ला बेग्लै मापदण्ड तथा निर्देशिका बनाई जारी गर्न सक्नेछ ।

**३६. खारेजी र बचाउः**

(१) फोहोरमैला सम्बन्धी विषयमा यस ऐनमा उल्लेख भएका कुराहरूमा यसै ऐन बमोजिम र अन्य कुराहरूमा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा भएको कुनै व्यवस्था प्रचलित सङ्घीय र प्रदेश कानुनसँग बाझिने भएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

# सन्धिखर्क नगरपालिकाको बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७८

प्रमाणीकरण मितिः २०७८/१०/०९

**प्रस्तावनाः**

स्थानीय वस्तु तथा सेवा बजारको व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई एकल अधिकारको रुपमा व्यवस्था गरिएकोले स्थानीय बजार व्यवस्थापन गरी स्वच्छ बजारको माध्यमबाट गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने उपभोक्ताको मौलिक हकलाई स्थानीय तहमा संरक्षण तथा सम्वर्धन गर्न, बजार व्यवस्थापन तथा अनुगमन र उपभोक्ता हित संरक्षण तथा सम्बर्द्धन सम्बन्धी कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम"सन्धिखर्क नगरपालिकाको बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन तुरून्त लागुहुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः**

(क) "अनुचित व्यापारिक क्रियाकलाप" भन्नाले यस ऐनको दफा १० बमोजिमको क्रियाकलापलाई सम्झनु पर्दछ ।

(ख) "उपभोक्ता" भन्नाले कुनै वस्तु वा सेवा उपभोग वा प्रयोग गर्ने व्यक्ति वा संस्थालाई सम्झनु पर्दछ ।

(ग) "उपभोक्ता संस्था" भन्नाले उपभोक्ता हित संरक्षण तथा सम्वर्धनको उद्देश्यले प्रचलित कानुन बमोजिम स्थापना भएको संस्था वा त्यस्तो संस्थाको नगरपालिका स्तरीय शाखा समेतलाई सम्झनु पर्दछ ।

(घ) "कार्यपालिका" भन्नाले सन्धिखर्क नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "गुणस्तरहीन वस्तु" भन्नाले यस ऐनको दफा १९ बमोजिमको अवस्था भएको वा रहेको उपभोग्य वस्तु सम्झनु पर्दछ ।

(च) "गुणस्तरहीन सेवा" भन्नाले कुनै सेवाको गुणस्तर तोकिए वा दाबी गरिएकोमा त्यस अनुरुप नभएको भन्ने सम्झनु पर्दछ ।

(छ) "तोकिए वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिमको नियम, कार्यविधि, निर्देशिका तथा कार्यपालिकाको निर्णयबाट वा प्रचलित नेपाल कानुनद्वारा तोकिएको भए सो बमोजिम तोकिएको सम्झनु पर्दछ ।

(ज) “नगरपालिका” भन्नाले सन्धिखर्क नगरपालिकालाई सम्झनु पर्दछ ।

(झ) “निरीक्षण अधिकृत” भन्नाले यस ऐनको दफा २६ बमोजिम नियुक्त निरीक्षण अधिकृतलाई सम्झनु पर्दछ ।

(ञ) “वस्तु” भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तुको सम्मिश्रणबाट बनेको पदार्थलाई सम्झनु पर्छ र सो शब्दले उपभोग्य वस्तुको निर्माणमा प्रयोग हुने कच्चा पदार्थ, रंग, सुगन्ध वा रसायनलाई समेत जनाउँछ । सो शब्दले मूल्य लिई वा नलिई बिक्री वितरण गरिने सबै प्रकारका वस्तुलाई जनाउँनेछ ।

(ट) “बजार अनुगमन टोली” भन्नाले कार्यपालिकाबाट यस ऐनको दफा २३ बमोजिम गठन गरेको बजार अनुगमन टोलीलाई सम्झनु पर्दछ ।

(ठ) “प्रदायक” भन्नाले मूल्य वा दस्तुर वा पारिश्रमिक लिई वा नलिई सबै प्रकारका वस्तु वा सेवा बिक्री वितरण गर्ने व्यक्ति फर्म , कम्पनी वा संस्था सम्झनु पर्दछ ।

(ड) “लेबल” भन्नाले उपभोग्य वस्तु वा उपभोग्य वस्तु राखिएको भाँडो वा त्यस्तो उपभोग्य वस्तु वा उपभोग्य वस्तुमा लेखिएको, छापिएको, लिथो गरिएको वा अन्य कुनै किसिमको देखाएको ट्याग, चिन्ह, तस्विर वा अन्य विवरणात्मक वस्तुलाई सम्झनु पर्दछ ।

(ढ) “समिति” भन्नाले दफा २१ बमोजिम गठित बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिलाई सम्झनु पर्दछ ।

(ण) “सेवा” भन्नाले, विद्युत, खानेपानी, टेलिफोन, सूचना प्रविधि, सञ्चार, ढल निकास, शिक्षा, वातावरणीय, बैंक तथा वित्तीय, स्वास्थ्य तथा सामाजिक सेवा, पर्यटन, मनोरञ्जन तथा खेलकुद सेवा, निर्माण तथा इन्जिनियरिङ सेवा, यातायात, चिकित्सा लगायतका दस्तुर वा पारिश्रमिक लिई वा नलिई प्रदान गरिने सम्पूर्ण सेवाहरूलाई सम्झनु पर्दछ ।

(त) “स्थानीय बजार” भन्नाले सन्धिखर्क नगरपालिका क्षेत्र भित्रको वस्तु वा सेवा बजारलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२
## बजार व्यवस्थापन सम्बन्धी व्यवस्था

**३. बजार व्यवस्थापनः**

(१) नगरपालिकाले बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण सम्बन्धी देहायका कार्यहरू गर्नेछः

(क) स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा गरी कार्यान्वयन र नियमन गर्ने,

(ख) बजार तथा हाट बजार सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ग) स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमनको काम गर्ने,

(घ) स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण गर्ने,

(ङ) स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन गर्ने,

(च) स्थानीय स्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन गर्ने,

(छ) स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान गर्ने,

(ज) निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने,

(झ) स्थानीय व्यापार प्रवर्द्धन र अभिलेखाङ्कन गर्ने,

(ञ) स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन, सहजीकरण र नियमन गर्ने,

(ट) उपभोक्ता सचेतना अभिवृद्धि, उपभोक्ता जागरण तथा सशक्तिकरण, उपभोक्ताको गुनासो व्यवस्थापन, जागरुक उपभोक्ता तथा नैतिकवाहन विक्रेतालाई प्रोत्साहन गर्ने, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण गर्ने,

(ठ) स्थानीय तहमा जनस्वास्थ्य प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचबिखन र उपभोग तथा वातावरणीय प्रदुषण र हानिकारक पदार्थहरूको नियन्त्रण, अनुगमन तथा नियमन गर्ने,

(ड) वस्तु र सेवा बजारको व्यवस्थापन तथा स्थानीय बजारको सुपरिवेक्षण तथा अनुगमन गर्ने,

(ढ) स्थानीय बजार व्यवस्थापन सम्बन्धी तोकिए बमोजिमका अन्य कार्य गर्ने,

(२) उपदफा (१) बमोजिमका कार्यहरू सम्पन्न गर्न नगरपालिकाले सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा आवश्यक कार्ययोजना सहित बजेट व्यवस्थापन र कार्यक्रम गर्नेछ ।

## परिच्छेद-३

## उपभोक्ताको अधिकार तथा बजारसँग सम्बद्ध पक्षको दायित्व सम्बन्धी व्यवस्था

**४. उपभोक्ताको अधिकारको संरक्षण र सम्बर्द्धन सम्बन्धी व्यवस्थाः**

(१) नगरपालिकाले प्रचलित कानुन बमोजिमको उपभोक्तालाई प्राप्त अधिकार सम्बर्द्धन र संरक्षण गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अधिकार संरक्षण र सम्वर्धनको लागि नीति तथा कार्यक्रम तयार गर्नेछ ।

(३) नगरपालिकाले विश्व उपभोक्ता अधिकार दिवस मनाउन विविध कार्यक्रम सञ्चालन गर्नेछ ।

(४) उपभोक्ताको अधिकार संरक्षण गर्न नगरपालिकाले आवश्यक नीतिगत तथा संस्थागत व्यवस्था गर्न सक्नेछ ।

(५) नगरपालिकाले उपभोक्ता हित संरक्षणको लागि वस्तु र सेवाको आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, लेबल, विज्ञापन आदिको नियमित बजार सुपरिवेक्षण तथा अनुगमन सम्बन्धी व्यवस्था समितिले तोके बमोजिम गर्नेछ ।

(६) नगरपालिका भित्र उपभोक्ता सचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रम तोकिए बमोजिम हुनेछ ।

५. **वस्तु वा सेवाको बजारसँग सम्बद्ध पक्षको दायित्वः** नगरपालिका भित्र वस्तु वा सेवा प्रदान गर्ने प्रत्येक उत्पादक, आयातकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, बिक्रेता र सेवा प्रदायकले कानुन बमोजिमको दायित्व पूरा गर्नु पर्नेछ ।

## परिच्छेद-४
## दर्ता, अनुमति, सिफारिस, नवीकरण र खारेजी सम्बन्धी व्यवस्था

६. **व्यवसाय दर्ता तथा स्वीकृति सम्बन्धी व्यवस्थाः**

(१) नगरपालिका क्षेत्र भित्र बिक्री वितरण गर्ने उद्देश्यले स्थापित वस्तु वा सेवाका उत्पादक, आयातकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, सङ्कलक लगायतका प्रदायक वा आफनो कारोबार सञ्चालन गर्दा नगरपालिकामा दर्ता वा अनुमति लिई कारोबार सञ्चालन गर्नु पर्नेछ ।

(२) नगरपालिका क्षेत्र भित्र कुनै वस्तु वा सेवा व्यवसाय गर्ने उद्देश्यले स्थापित हाटबजार, होमस्टे, महोत्सव, मेला वा पर्यटनसँग सम्बन्धित र्‍याफ्टिङ, क्यानिङ, प्यारागलाइडिङ लगायतका व्यवसाय कारोबार सञ्चालन गर्दा नगरपालिकामा दर्ता वा अनुमति लिई कारोबार सञ्चालन गर्नु पर्नेछ ।

(३) प्रदायक वा बिक्रेताले आफुले सञ्चालन गर्ने कारोबारको प्रचलित सङ्घ र प्रदेश कानुन बमोजिम दर्ता स्वीकृति लिनुपर्ने भए लिएको प्रमाण समेत आवेदनका साथ पेस गर्नु पर्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिम पेस भएको दर्ता वा अनुमतिको आवेदन उपर नगरपालिकाले छानबिन गरी दर्ता गर्न मिल्ने भए दर्ता गरी दर्ता प्रमाणपत्र उपलब्ध गराउने छ । दर्ता वा अनुमति दिन नमिल्ने भए सोको स्पष्ट कारण सहित आवेदन दर्ता भएको मितिले सात दिन भित्र आवेदकलाई जानकारी गराउनु पर्नेछ ।

(५) कुनै वस्तु वा सेवाको प्रदायक वा बिक्रेताका हकमा दर्ता वा अनुमति प्रदान गर्नुअघि कुनै निश्चित सर्त पालना गर्नुपर्ने वा तालिम वा अभिमुखीकरण लिनुपर्ने गरी कार्यपालिकाले दर्ता वा अनुमति सम्बन्धी कार्यविधि निर्धारण गर्न सक्नेछ ।

(६) नगरपालिका क्षेत्र भित्र कुनै उद्योग वा वस्तु वा सेवा प्रदान गर्ने उद्देश्यले कसैले प्रचलित कानुन बमोजिम कुनै फर्म, कम्पनी, एजेन्सी, संस्था दर्ता गर्न चाहेमा नगरपालिकाले आवश्यक सिफारिस गर्न सक्नेछ ।

(७) दर्ता अनुमति तथा सिफारिस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. **दर्ता नवीकरण गर्नुपर्नेः** दफा ६ बमोजिमका नगरपालिकामा दर्ता गरिएका उद्योग, फर्म, पसल, कारोबार, व्यवसाय, हाटबजार मेला, महोत्सव, पर्यापर्यटन जस्ता प्रदायकले प्रत्येक वर्ष असोज मसान्त भित्र तोकिए बमोजिम लाग्ने शुल्क वा दस्तुर बुझाई दर्ता वा अनुमति नवीकरण गर्नु पर्नेछ ।

८. **दर्ता तथा अनुमति खारेजी सम्बन्धी व्यवस्थाः**

(१) नगरपालिकामा दर्ता भएका वस्तु वा सेवा प्रदायकको अनुमति देहायको अवस्थामा खारेज गर्न सक्नेछः-

(क) लगातार ४ वर्षसम्म नवीकरण नगरेमा,

(ख) उद्देश्य विपरीत काम गरेमा,

(ग) यस ऐन तथा यस ऐन अन्तर्गतको नियमको कम्तीमा तीन पटक उल्लङ्घन गरेमा,

(घ) स्वीकृति बेगर तोकिएको स्थान भन्दा अन्यत्रै कारोबार सञ्चालन गरेमा,

(ङ) आफुले उत्सर्जन गरेको फोहोर वा अन्य पदार्थको उचित व्यवस्थापन नगरेमा वा वातावरणमा हानि नोक्सानी पुऱ्याएमा,

(च) अनुचित व्यापारिक क्रियाकलाप गरेमा,

(छ) तोकिएका अन्य कुराहरू ।

(२) दर्ता तथा अनुमति खारेज गर्नु अघि वस्तु तथा सेवा प्रदायकलाई सुनुवाइको मौका प्रदान गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको खारेजको निर्णय उपर सम्बन्धित व्यवसायीले थाहा पाएको मितिले २१ दिन भित्र प्रमुख समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रमुखले गरेको निर्णय अन्तिम हुनेछ ।

(५) दर्ता वा अनुमतिको खारेजी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. **प्रदायकले उद्योग, फर्म, पसल, व्यवसाय सञ्चालन मापदण्डको पालना गर्नुपर्नेः**

(१) प्रचलित कानुनले तोकेको गुणस्तर वा मापदण्ड भित्र रही उद्योग, फर्म, व्यवसाय, कारोबार, सेवा प्रदान स्थलको पूर्वाधार तयार गरी सेवा प्रदायकले व्यवसाय सञ्चालन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गुणस्तर वा मापदण्ड नतोकिएको हकमा नगरपालिकाले तोकेको मापदण्ड वा सर्त पालना गर्नु पर्नेछ ।

## परिच्छेद-५

## अनुचित व्यापारिक क्रियाकलाप र बजार व्यवस्थापन सम्बन्धी व्यवस्था

१०. **अनुचित व्यापारिक क्रियाकलाप गर्न नहुनेः**

(१) कसैले पनि नगरपालिका क्षेत्र भित्र देहाय बमोजिमको अनुचित व्यापारिक क्रियाकलाप गर्न वा गराउन पाइने छैन ।

(२) उपभोग्य वस्तु वा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य, नापतौल, ढाँचा, बनावट आदि ढाँटी लुकाइ छिपाई वा झुक्याई त्यस्तो वस्तु वा सेवा बिक्री वा प्रदान गर्ने,

(३) झुट्टा वा भ्रमपूर्ण विज्ञापन गरी वस्तु वा सेवा बिक्री गर्ने वा गराउने,

(४) उपभोग्य वस्तु वा सेवाको हकमा मौखिक, लिखित वा दृश्यबाट देहायका कुनै काम गर्नेः

(क) कमसल वस्तुलाई विशिष्ट वा गुणस्तर भएको स्तरमान, गुणस्तर, मात्रा श्रेणी संरचना, डिजाइन देखाई बिक्री गर्ने,

(ख) पुनर्निर्मित वा पुराना वस्तुलाई नयाँ हो भनि देखाई वा झुक्याई बिक्री गर्ने,

(ग) घोषणा गरिएका कुनै फाइदा नहुने अवस्थामा पनि वस्तु वा सेवाको बिक्री गर्दा झुट्टा र भ्रमपूर्ण रुपमा विज्ञापन वा सूचना प्रसार गर्ने,

(घ) उपभोग्य वस्तुको उपभोगबाट उपभोक्ताको कुनै रोग निको हुने भन्ने तथ्यगत आधार विना त्यस्तो दावी गरी बिक्री गर्ने ।

(ङ) कुनै उपभोग्य वस्तु वा सेवाको वास्तविक लागतको आधार भन्दा फरक आधारमा उपभोक्ता मूल्यमा भार पर्ने गरी मूल्य निर्धारण गरेमा वा कुनै प्रतियोगिता, चिठ्ठा, अवसर आदिको लागतसमेत समावेश गरी मूल्य तय गर्ने वा त्यस्तो मूल्यमा बिक्री गर्ने,

(च) कुनै उपभोग्य वस्तु वा सेवाको मूल्यमा दान, इनाम वा निःशुल्क पाइने अन्य वस्तुको मूल्य वा लागत समावेश गरी मूल्य निर्धारण गर्ने वा त्यस्तो मूल्यमा त्यस्तो वस्तु वा सेवाको बिक्री गर्ने,

(छ) कुनै उपभोग्य वस्तु वा सेवामा तोकिएको गुणस्तर वा मानकभन्दा घटि हुने वा बढि हुने गरी वा त्यस्तो वस्तु वा सेवा उपभोगबाट उपभोक्तालाई हानि, नोक्सानी पुऱ्याउने गरी त्यस्तो वस्तु उत्पादन, मिश्रण वा आपूर्ति वा ओसारपसार वा सञ्चय वा बिक्री गर्ने,

(ज) कुनै उपभोग्य वस्तुको अनुचित सञ्चय वा कृत्रिम अभाव हुने गरी मूल्य बढाउने, जम्मा खोरी गर्ने वा बिक्री गर्ने गरी कालोबजारी गर्ने,

(झ) त्रुटिपूर्ण उत्पादनबाट नष्ट भएको वस्तुको मूल्य वा व्यापारिक कारोबारको सिलसिलामा करार भएको वस्तुको मूल्य समेत अन्य वस्तुको लागत मूल्यमा समावेश गरी बिक्री गर्ने,

(ञ) सक्कली वस्तुलाई विस्थापित गर्ने नक्कली वस्तु उत्पादन गर्ने वा त्यस्तो उत्पादनको बिक्री गर्ने,

(ट) बिक्री गरेको वस्तु वा सेवाको बिल वा बिजक जारी गर्न इन्कार गर्ने वा बिल वा बिजक जारी नगर्ने,

(ठ) कुनै उपभोग्य वस्तु उपभोग गर्दा उपभोक्तालाई हानि, नोक्सानी वा क्षति पुग्ने गरी विषादी वा कुनै रसायनको प्रयोग गर्ने वा त्यसरी प्रयोग भएको वस्तु बिक्री गर्ने,

(ड) उपभोग्य वस्तु उपभोग गरी सक्नुपर्ने अवधि व्यतित भइसकेको वस्तु वा उपभोग गर्न नमिल्ने वस्तुमा नयाँ लेबल लगाई त्यस्तो वस्तु बिक्री गर्ने,

(ढ) उपभोग गर्न नसकिने गुणस्तरहीन वस्तु पैठारी वा बिक्री गर्ने,

(ण) उत्पादक, आपूर्तिकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता वा बिक्रेता वा त्यस्ता व्यक्ति र अन्य व्यक्ति, संघ संस्थाको मिलेमतोबाट लागेको लागत र तोकिए भन्दा बढी मूल्य निर्धारण गर्ने वा बिक्री गर्ने,

(त) कुनै उपभोग्य वस्तु वा सेवा बिक्री गर्दा तोकिएको व्यापारिक तहभन्दा बढी तह वा शृङ्खला खडा गरी बिक्री वा प्रदान गर्ने,

(थ) कुनै उपभोग्य वस्तु वा सेवा बिक्री वा प्रदान गर्न कुनै संरचना, मानक वा मापदण्ड तोकिएकोमा त्यस्तो संरचना, मानक वा मापदण्ड पूरा नगरी बिक्री गर्ने,

**११. बजारको तह निर्धारण सम्बन्धी व्यवस्थाः**

(१) नगरपालिकाले उपभोक्ता हक हित संरक्षण गर्न, बजारको नियम (मार्केट रुल) बमोजिम बजार व्यवस्थापन गर्न, बजारलाई स्वच्छ, सुलभ तथा पारदर्शी बनाउन तोकिएको कुनै पनि वस्तु वा सेवाको लागि बजार वा प्रदायकको तह निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिए भन्दा बढि तह कायम हुने गरी कसैले पनि वस्तु वा सेवाको बिक्री वितरण गर्न पाइने छैन ।

**१२. आपूर्ति व्यवस्थापनः**

(१) नगरपालिका क्षेत्रमा आवश्यक वस्तु वा सेवाको बजार माग अनुसार आपूर्तिको व्यवस्थापन सम्बन्धित वस्तु वा सेवाको प्रदायक वा बिक्रेताले गर्नु पर्नेछ ।

(२) समितिले वस्तु वा सेवाको बजारमा माग अनुसार उत्पादन, आयात, मौज्दात तथा भण्डारणको अवस्थाका सम्बन्धमा नियमित विश्लेषण गरी सोको आधारमा सम्बन्धित प्रदायक वा बिक्रेतालाई आपूर्ति व्यपस्थापनका लागि आवश्यक निर्देशन गर्नेछ ।

(३) नगरपालिका आफैले वा सार्वजनिक निजी साझेदारी वा सहकारी वा अन्य कुनै व्यवस्थापनबाट नगरपालिका क्षेत्र भित्र वस्तु र सेवाको आपूर्ति व्यवस्थापन गर्न सक्नेछ ।

(४) नगरपालिका वा समितिले मागेको वस्तु र सेवाको मौज्दात वा सञ्चय लगायतका विवरण तोकिएको समय भित्र सम्बन्धित प्रदायक वा बिक्रेताले दिनु पर्नेछ ।

(५) अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति व्यवस्थालाई असहज बनाउने उद्देश्यले कसैले पनि कृत्रिम अभावको सिर्जना, जम्माखोरी, कृत्रिम मूल्य वृद्धि र नाफाखोरी जस्ता कार्य गर्न गराउन हुँदैन ।

(६) विपद् वा अन्य कुनै कारणले बजारमा दैनिक उपभोग्य अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति व्यवस्थामा गम्भीर सङ्कट वा विचलनको अवस्था आएमा नगरपालिकाले त्यस्तो वस्तु वा सेवाको बजारलाई नियन्त्रण गरी सहज आपूर्तिको व्यवस्था नभएसम्मको लागि कुनै निजी सार्वजनिक संस्था वा सहकारीमार्फत त्यस्तो वस्तु र सेवाको बिक्री वितरण व्यवस्था गराउन सक्नेछ ।

(७) आपूर्ति व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१३. वस्तु र सेवाको बिक्री स्थल सम्बन्धी व्यवस्थाः**

(१) नगरपालिका क्षेत्र भित्र वस्तु वा सेवाको व्यापार व्यवसाय गर्दा दर्ता वा अनुमति प्राप्त गरेको स्थलमा बाहेक अन्यत्र सेवा सञ्चालन तथा वस्तुको बिक्री वितरण गर्न, गराउन पाइने छैन ।

(२) उपदफा (१) बमोजिम प्रदायकले तोकिएको स्थल बाहेक अन्यत्र वा निषेधित क्षेत्रमा कसैले पनि सेवा वा वस्तुको बिक्री वितरण गर्न पाइने छैन ।

(३) वस्तु वा सेवा सञ्चालन वा बिक्री वितरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१४. सुपथ मूल्यको पसलको स्थापना तथा सञ्चालन गर्नेः**

(१) नगरपालिकाले दैनिक उपभोग्य वस्तुहरूको सहज र सुपथ उपलब्धताको लागि सार्वजनिक सहकारी तथा निजी क्षेत्रसँगको सहकार्यमा सुपथ मूल्यका पसलको स्थापना तथा सञ्चालन गर्न गराउन सक्नेछ ।

(२) सुपथ मूल्यको पसलको मालवस्तुलाई कसैले पनि बढि मूल्यमा बिक्री गर्न गराउन पाइने छैन ।

(३) सुपथ मूल्य सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१५. स्थान र समय निर्धारण गर्न सक्नेः**

(१) नगरपालिकाले वस्तु वा सेवा प्रदायकको बिक्री वितरणका लागि कुनै निश्चित स्थान वा समय निर्धारण गर्न वा सो सम्बन्धी पूर्वाधार निर्माण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थान, समय निर्धारण वा पूर्वाधार निर्माण गर्दा एकीकृत बजार वा एकै प्रकारका फर्म, पसल, कम्पनी, उद्योग, व्यवसायलाई एकै ठाउँमा सञ्चालन गर्ने गरी दर्ता वा अनुमति प्रदान गरी व्यवस्थापन गर्न सक्नेछ ।

(३) स्थान वा समय निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१६. वातावरण सफा र स्वच्छ राख्नुपर्नेः**

(१) नगरपालिका क्षेत्रमा कारोबार गर्ने वस्तु वा सेवाका प्रदायकले नगरपालिका क्षेत्रको सरसफाई र स्वच्छतामा हानी, नोक्सानी हुने कुनै गतिविधि सञ्चालन गर्न पाइने छैन ।

(२) कारोबार स्थल, सडक, बाटो सफा राख्न तथा आफूले उत्सर्जन गरेको फोहरको उचित व्यवस्थापन गर्नु सम्बन्धित प्रदायकको कर्तव्य हुनेछ ।

## परिच्छेद-६
## अत्यावश्यक वस्तु र सेवाको सूची र मूल्य निर्धारण सम्बन्धी व्यवस्था

### १७. अत्यावश्यक वस्तु र सेवाको सूची र मूल्य निर्धारणः

(१) नगरपालिकाले समय समयमा अत्यावश्यक वस्तु वा सेवाको सूची निर्धारण वा अधिकतम उपभोक्ता मूल्य निर्धारण गरी सार्वजनिक सूचना प्रकाशित गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिका भित्र तोकिएको अधिकतम मूल्यभन्दा बढी हुने गरी कसैले पनि वस्तु वा सेवा बिक्री गर्न पाइने छैन ।

(३) उपदफा (१) बमोजिमको अत्यावश्यक वस्तु वा सेवाको सूची र अधिकतम उपभोक्ता मूल्य सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

### १८. मूल्य सूची तथा दर्ता प्रमाणपत्र राख्नुपर्नेः

(१) वस्तु वा सेवाका प्रदायकले पसलमा रहेको प्रत्येक उपभोग्य वस्तुको कारखाना मूल्य तथा बिक्रेताले बिक्री वितरण गर्ने प्रत्येक वस्तुको थोक वा खुद्रा मूल्य र सेवा प्रदायकले प्रदान गर्ने सेवाको शुल्क स्पष्ट रुपमा उल्लेख गरी मूल्य सूची राखु पर्नेछ ।

(२) उत्पादक वा बिक्रेता वा सेवा प्रदायकले खरिद बिक्री सम्बन्धी बिल बिजक दुरुस्त राखु पर्नेछ ।

(३) बिक्रेता वा सेवा प्रदायकले वस्तु वा सेवाको बिल वा बिजक नगरपालिका, समिति, अनुगमन टोली र निरीक्षण अधिकृतले मागेको बखत उपलब्ध गराउनु पर्नेछ ।

(४) वस्तु वा सेवा बिक्री गर्दा उपभोक्तालाई बिक्रेताले अनिवार्य बिल दिनु पर्नेछ ।

## परिच्छेद-७
## गुणस्तर सम्बन्धी व्यवस्था

### १९. गुणस्तरहीन वस्तु र सेवाको बिक्री, वितरण गर्न नहुनेः

(१) कसैले पनि नगरपालिका क्षेत्र भित्र गुणस्तरहीन वस्तु र सेवाको उत्पादन, पैठारी तथा बिक्री वितरण गर्नु हुँदैन । गुणस्तरहीन वस्तु भन्नाले देहायको कुनै अवस्था भएको वा रहेको उपभोग्य वस्तु सम्झनुपर्दछः

(क) तोकिएकोभन्दा कम गुणस्तर भएको वा त्यस्तो वस्तुमा हुनुपर्ने आवश्यक तत्व वा पदार्थको परिमाण घटाइएको वा अर्को कुनै पदार्थको मिसावट गरिएको,

(ख) मानव स्वास्थ्यलाई हानि हुने गरी सडेको, गलेको वा फोहोरमैला वा विषादी मिश्रण गरि तयार गरिएको वा स्वास्थ्यलाई हानि हुने कुनै रसायन, रङ वा सुगन्ध प्रयोग गरिएको,

(ग) त्यस्तो वस्तुको केही वा सबै भाग कुनै रोगी वा रोगकारक पशुपंक्षी वा हानीकारक वनस्पतिबाट बनाइएको,

(घ) तोकिएको मापदण्ड पूरा नगरी उत्पादन ढुवानी, सञ्चय, भण्डारण वा बिक्री वितरण गरिएको,

(ङ) उपभोग्य वस्तुको गुणस्तर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा उत्पादक वा पैठारीकर्ता वा बिक्रेताले तोके बमोजिमको गुणस्तर नभएको ।

**२०. लेबल र उपभोग्य म्यादः**

(१) नगरपालिका भित्र प्रचलित कानुन बमोजिम लेबल भएको वस्तु मात्र उत्पादन, पैठारी, ढुवानी, भण्डारण तथा बिक्री वितरणको लागि राख्नुपर्ने छ ।

(२) गुणस्तरहीन वस्तु वा म्याद गुज्रेको वस्तु फिर्ता गर्ने, नष्ट गर्ने समेतको दायित्व सम्बन्धित वस्तु वा सेवा प्रदायकको हुनेछ ।

## परिच्छेद-८

## समिति र बजार अनुगमन टोलीको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

**२१. बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिः**

(१) यस ऐन कार्यान्वयन गर्न नगरपालिका भित्र देहाय बमोजिमको बजार व्यवस्थापन उपभोक्ता हित संरक्षण समितिको गठन हुनेछः-

(क) उपप्रमुख - संयोजक

(ख) प्रमुखले तोकेको कार्यपालिका सदस्य तीन जना -सदस्य

(ग) जिल्ला प्रशासन कार्यालय, सन्धिखर्कको प्रतिनिधि (कम्तीमा रा.प.तृतीय श्रेणीको अधिकृतस्तर) एक जना - सदस्य

(घ) नगरपालिकाको क्षेत्र भित्र कार्यरत विभिन्न वस्तु र सेवा क्षेत्रका नगरपालिका, सङ्घीय वा प्रदेश सरकार अन्तर्गत कार्यालय/एकाइका प्रतिनिधि (कम्तीमा रा.प तृतीय श्रेणीको अधिकृतस्तर दुईजना) -सदस्य

(ङ) उद्योग वाणिज्य संघ सन्धिखर्कको अध्यक्ष वा प्रतिनिधि एक जना -सदस्य

(च) नगरपालिकाले तोकेको उपभोक्ता हित संरक्षणमा सक्रिय संस्थाको प्रतिनिधि एक जना -सदस्य

(छ) नगरपालिकाले तोकेको उपभोक्ता हित संरक्षणमा काम गर्ने स्थानीय व्यक्ति एक जना -सदस्य

(ज) नगरपालिकाको उपभोक्ता अधिकार हित संरक्षण हेर्ने प्रशासनिक एकाईको प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (च) र (छ) बमोजिमको सदस्यको पदावधि दुई वर्षको हुनेछ र पुनः समितिमा तोकिन सक्नेछ ।

(३) समितिले आवश्यकता अनुसार विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**२२. समितिको काम, कर्तव्य र अधिकारः**

(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) उपभोक्ता हित संरक्षण तथा स्वच्छ बजार व्यवस्थापन सम्बन्धी आवश्यक नीतिगत व्यवस्था गर्ने,

(ख) बजारलाई स्वच्छ, प्रतिस्पर्धी र उपभोक्ता मैत्री बनाउन उपभोक्ताको हकहितमा प्रतिकूल असर पर्ने वा पर्न सक्ने एकाधिकार वा अनुचित व्यापारिक क्रियाकलापको रोकथाम र नियन्त्रण गर्ने वा त्यस सम्बन्धमा कार्ययोजना बनाई लागु गर्ने,

(ग) अत्यावश्यक वस्तुहरूको माग र आपूर्तिको अवस्था सम्बन्धी तथ्याङ्क सङ्कलन गरी माग बमोजिम आपूर्ति व्यवस्था सहज र सुलभ बनाउन आवश्यक कार्यहरू गर्ने,

(घ) आपूर्ति व्यवस्थालाई सहज, सुलभ र पहुँच योग्य बनाउन सार्वजनिक संस्था, सहकारी र निजी क्षेत्रलाई प्रोत्साहन गर्ने,

(ङ) उपभोक्ताको हित संरक्षण गर्न आपूर्ति व्यवस्था र उपभोग्य वस्तु वा सेवाको छड्के अनुगमन गर्ने,

(च) उपभोक्ता शिक्षा सम्बन्धी सचेतना र बजार अनुगमनको कार्ययोजना तयार गरी लागु गर्ने,

(छ) उपभोक्ताको गुनासो तथा सूचना प्राप्त गर्न नगरपालिकाले उपभोक्ता हटलाइन जस्ता सेवा सञ्चालन गरी उपभोक्तालाई गुनासो गर्न सहज सुलभ बनाई उपभोक्तालाई जायज गुनासो गर्न प्रोत्साहन तथा पुरस्कृत गर्ने,

(ज) बजार अनुगमन सम्बन्धी कामको मूल्याङ्कन गरी अनुगमन टोलीलाई आवश्यक निर्देशन गर्ने,

(झ) कार्यपालिकाले दिइएका अन्य निर्देशन र आदेशको कार्यान्वयन गर्ने, गराउने,

(ञ) उपभोक्ता हित विपरीत भएका कार्यमा आवश्यक कानुनी कारवाहीको लागि संरक्षण वा अनुसन्धान अधिकृत तोक्ने,

(ट) नगरपालिका भित्र खपत हुने उपभोग्य वस्तु वा सेवाको माग र आपूर्ति स्थितिको निरन्तर विश्लेषण तथा समीक्षा गरी माग अनुसारको आपूर्ति व्यवस्थापन गर्ने/गराउने,

(ठ) वस्तु वा सेवाका उत्पादक, बिक्रेता वा वितरकले अवाञ्छित तरिकाले गरेको मूल्य वृद्धिलाई रोक्न र नियन्त्रण गर्न आवश्यक व्यवस्था गर्ने,

(ड) उपभोक्तालाई उचित मूल्य र सहज रुपमा खाद्यान्न लगायतका अन्य दैनिक अत्यावश्यक उपभोग्य वस्तुको आपूर्ति सुनिश्चित गर्न नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्था वा निजी फर्म वा कम्पनीलाई प्रोत्साहित गर्ने

(ढ) कुनै ठाँउ विशेषको लागि कुनै वस्तु वा सेवाको निश्चित अवधिका लागि अधिकतम मौज्दातको परिमाण तोक्ने,

(ण) नगरपालिका क्षेत्र भित्र उत्पादित कुनै खाद्य वस्तुको अभाव भएमा त्यस्तो खाद्य वस्तुको निश्चित परिमाण निर्धारण गरि तोकिएको वा उचित मूल्यमा उत्पादक, भण्डारक, आयातकर्ता वा बिक्रेताबाट खाद्य वस्तु प्राप्त गरी सर्वसाधारणलाई बिक्री वितरणको व्यवस्था गर्ने,

(त) थोक वा खुद्रा व्यवसायलाई व्यवस्थित गर्न त्यस्ता व्यवसायसँग सम्बन्धित व्यापारिक फर्म वा कम्पनीको नाम ठेगाना उपभोग्य वस्तुको मौज्दात लगायत अन्य आवश्यक विवरण खुलाउन लगाई उचित मूल्यमा बिक्री वितरण गर्न निर्देशन दिने,

(थ) उपभोक्ताको हकहित संरक्षण गर्न र आपूर्ति व्यवस्थालाई नियमित गर्नको लागि कुनै उपभोग्य वस्तु वा सेवाको कृत्रिम अभाव हुन नदिन, सबै ठाँउमा नियमित रुपमा उपभोग्य वस्तु वितरण गर्न सम्बन्धित निकायहरूसँग समन्वय गर्ने,

(द) उपभोग्य वस्तुको बिक्री वितरण प्रणालीलाई नियमित गर्ने र अनुपयुक्त तबरले अभाव सिर्जना गर्ने वा कालोबजारी गर्ने काम वा अनुचित व्यापारिक क्रियाकलापलाई नियन्त्रण गर्ने,

(ध) आवश्यकता अनुसार छड्के सुपरिवेक्षण तथा अनुगमन गरी कारबाही गर्ने,

(न) आवश्यकता अनुसार बजार अनुगमन समिति, बजार अनुगमन टोली, विषयगत अनुगमन टोली वा संयुक्त बजार अनुगमन टोली गठन गरी परिचालन गर्ने,

(प) नगरपालिकाको आवश्यकता अनुसार केन्द्रीय, प्रदेशस्तरीय बजार अनुगमन समिति तथा विभिन्न विषयगत अनुगमन समितिहरूलाई बजार अनुगमन गर्न सहजीकरण गर्न लेखी पठाउने,

(फ) समितिका अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(१) समितिले छड्के सुपरिवेक्षण तथा अनुगमन गर्दा यस ऐनको व्यवस्था प्रतिकुल कसैबाट काम कारबाही भएको पाइएमा सुपरिवेक्षण तथा अनुगमन गरिएको फाइलसाथ आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

(२) सम्बन्धित निकायले पनि सो सम्बन्धमा भएको काम कारबाहीको जानकारी समितिलाई गराउनु पर्नेछ ।

(३) समितिले बजार छड्के अनुगमन गर्दा यस ऐन बमोजिम निरीक्षण अधिकृतलाई प्राप्त सम्पूर्ण अधिकार प्रयोग गर्न सक्नेछ ।

(४) मितिले गरेको काम कारबाहीको त्रैमासिक प्रतिवेदन कार्यपालिकामा पेस गरी छलफल गरिनेछ ।

**२३. बजार अनुगमन टोलीको गठनः**

(१) यस ऐन बमोजिम अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप भए नभएको, मूल्य सूची राखे नराखेको, वस्तु वा सेवाको गुणस्तर, मूल्य, परिमाण‌का सम्बन्धमा नियमित रुपमा बजार अनुगमन तथा निरीक्षण गर्न नगरपालिकाले देहाय बमोजिमको नगरपालिका बजार अनुगमन टोली गठन गर्नेछ ।

(क) नगरपालिकाको उपभोक्ता अधिकार/हित संरक्षण हेर्ने प्रशासनिक एकाइ प्रमुख - संयोजक

(ख) सम्बन्धित वडा समितिले अनुगमनका लागि तोकेको कर्मचारी -सदस्य

(ग) स्थानीय प्रशासनको प्रतिनिधि -सदस्य

(घ) नगर प्रहरीको प्रतिनिधि दुई जना -सदस्य

(ङ) समितिले मनोनयन गरेको नगरमा क्रियाशिल उपभोक्ता हित संरक्षणसँग सम्बन्धित संस्थामध्येबाट एकजना महिला सहित दुई जना -सदस्य

(च) उद्योग वाणिज्य सङ्घ सन्धिखर्कका प्रतिनिधि एक जना - सदस्य

(छ) पत्रकार महासंघ सन्धिखर्क शाखाका प्रतिनिधि एक जना - सदस्य

(ज) समितिले मनोनयन गरेको सम्बन्धित वस्तु वा सेवा क्षेत्रको विज्ञ वा जानकार प्रतिनिधि एक जना -सदस्य

(२) उपदफा (१) बमोजिमको बजार अनुगमन टोलीमा सम्बन्धित वडाले तोकेको वडा सदस्य आमन्त्रित सदस्यको रुपमा रहनेछ ।

(३) उपदफा (१) बमोजिम गठित बजार अनुगमन टोलीले अनुगमन गर्दा यस ऐन बमोजिम निरीक्षण अधिकृतलाई प्राप्त सम्पूर्ण अधिकार प्रयोग गर्न सक्नेछ ।

(४) बजार अनुगमन टोलीको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(५) समिति र अनुगमन टोलीको बैठक तथा सेवा सर्त, सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-९

## बजार अनुगमन सम्बन्धी व्यवस्था

**२४. बजार अनुगमनमा हेर्नुपर्ने विषयः**

(१) बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा देहायका विषय भए नभएको हेर्नु पर्नेछः

(क) बिक्रेता वा सेवा प्रदायकले नियामक निकायबाट कानुन बमोजिम प्रदान गरिने गरेको व्यवसाय दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (पान) को प्रमाणपत्र लगायतका आवश्यक कागजातहरू लिएको छ/छैन प्रमाणपत्र नियमित रुपमा नवीकरण छ/छैन

(ख) बिक्रेता वा सेवा प्रदायकले आफनो व्यवसायको नगरपालिकाले तोके बमोजिमको साइन बोर्ड राखेको छ/छैन

(ग) सेवाप्रदायकले वस्तुको बिक्री कक्षमा मूल्यसूची राखेको छ/छैन

(घ) माल, वस्तुको परिमाण, मूल्य, गुणस्तर र तौल ठीक छ/छैन

(ङ) प्याकेजिङ गरिएको वस्तुको लेबलमा उत्पादक वा पैठारीकर्ताको नाम, उत्पादन मिति, उपभोग्य अवधि वा मिति, अधिकतम खुद्रा मूल्य, मिश्रण, भण्डारण र उपभोग गर्ने तरिका उल्लेख गरिएको छ/छैन

(च) औषधी बिक्री गर्न इजाजत प्राप्त व्यक्ति औषधी बिक्री स्थलमा भए नभएको एवम् औषधी बिक्रेता प्रमाणपत्र छ /छैन

(छ) उत्पादन मिति, उपभोग्य मिति केरमेट गरेको वा पुनः लेबलिङ वा छपाई गरेको छ/छैन

(ज) माछामासु, फलफूल, तरकारी, मिठाई पसल, डेरी र होटेल वधशाला वा माछामासु बिक्री स्थल सफा सुग्घर र मापदण्ड अनुसार छ/छैन

(झ) बिक्रेताले क्रेतालाई बस्तुको बिलबिजक जारी गरेको छ/छैन

(ञ) अन्य तोकिए बमोजिमका कुराहरू ।

(२) बजार अनुगमनकर्ताले अनुगमन तथा निरीक्षण कार्य गर्दा देहायको विषयमा ध्यान दिनुपर्ने छः

(क) अनुगमन सम्बन्धी सूची (चेकलिस्ट) साथमा लिई जानु पर्नेछ ।

(ख) स्थानीय प्रशासन र प्रहरीलाई अनुगमन पूर्व वा अनुगमन पछि शान्ति, सुरक्षाका लागि सूचना गर्न तयारी गर्नु पर्नेछ ।

(ग) अत्यावश्यक वस्तु तथा सेवामध्ये कुन कुन विषयलाई पहिलो प्राथमिकतामा राख्ने भन्ने किटान गरी विषय सूची तयार गर्नु पर्नेछ ।

(घ) वस्तु तथा सेवाको आपूर्ति बिक्री वितरण, मूल्य, गुणस्तर आदिको बारेमा पर्याप्त सूचना र जानकारी हासिल गर्नु पर्नेछ ।

(ङ) अनुगमन वा निरीक्षण गर्न जानु अगावै तालिका बनाई आवश्यक पर्ने साधन, सहयोग आदिको पूर्वतयारी गर्नु पर्नेछ ।

(च) आकस्मिक/आवधिक प्रबन्धनात्मक उदेश्यमूलक अनुगमन गर्ने सम्बन्धमा निरीक्षण पूर्वको गोपनीयता कायम गर्नु पर्नेछ ।

(छ) अन्य तोकिए बमोजिमका कुराहरू ।

(३) अनुगमनकर्ताले अनुगमनका क्रममा प्रदायकसँग शिष्ट व्यवहार गर्नु पर्नेछ ।

(४) टोलीले बजार अनुगमन गरी भएको कारबाही सम्बन्धी बिस्तृत विवरण खुलेको दैनिक प्रतिवेदन पेस गर्नु पर्नेछ । यस्तो प्रतिवेदन विद्युतीय माध्यमबाट समेत पेस गर्न सकिनेछ ।

(५) अनुगमन सम्बन्धी तोकिएका अन्य आचारसंहिता पालना गर्नु पर्नेछ ।

## परिच्छेद-१०
## निरीक्षण अधिकृत सम्बन्धी व्यवस्था

**२५. निरीक्षण अधिकृतको नियुक्तिः**

(१) नगरपालिकाले प्रचलित कानुन वा यस ऐन वा तोकिए बमोजिमको बजार अनुगमन, अनुसन्धान, तहकिकात लगायतका काम गर्न कुनै अधिकृत कर्मचारीलाई निरीक्षण अधिकृतको रुपमा नियुक्ति गर्न वा खटाउन सक्नेछ ।

(२) नगरपालिकाले आवश्यक देखेमा प्रचलित नेपाल कानुन वा उपभोक्ता संरक्षण ऐन, २०७५ वा प्रदेश व्यापार तथा व्यवसाय ऐन बमोजिमको कुनै निरीक्षण अधिकृत तोक्नको लागि कुनै अधिकृत कर्मचारीलाई सिफारिस गर्न सक्नेछ ।

(३) निरीक्षण अधिकृतको पदमा नियुक्ति हुने व्यक्तिको योग्यता र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२६. निरीक्षण अधिकृतको काम, कर्तव्य र अधिकारः**

(१) निरीक्षण अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) उपभोग्य वस्तुको उत्पादन, बिक्री वितरण गर्ने वा कुनै सेवा प्रदान गरेको ठाउंमा प्रवेश गर्ने,

(ख) उपभोग्य वस्तुको उत्पादन बिक्री वितरण गर्ने वा सेवा प्रदान गर्ने व्यक्तिसँग आवश्यक विवरण वा जानकारी लिने,

(ग) उपभोग्य वस्तुको उत्पादन, बिक्री वितरण गर्ने वा कुनै सेवा प्रदान गर्ने व्यक्तिसँग वा सोसँग सम्बन्धित अन्य व्यक्तिसँग आवश्यक बयान लिने,

(घ) कुनै उपभोग्य वस्तुको परीक्षण गर्न आवश्यक देखिएमा आवश्यक पर्ने परिमाणमा नमूना लिई प्रयोगशालामा परीक्षण गर्न लगाउने,

(ङ) कुनै उपभोग्य वस्तु वा सेवाको तत्काल उत्पादन बिक्री वितरण वा सेवा प्रदानमा रोक लगाउन आवश्यक देखिएमा रोक लगाउने,

(च) कुनै उपभोग्य वस्तुको परीक्षण गर्न आवश्यक देखिएको कारणबाट त्यसको परीक्षणको लागि नमूना लिईएकोमा प्रयोगशालाबाट नमूनाको परीक्षण भई नआएसम्मको लागि त्यस्ता वस्तुको बिक्री वितरणमा रोक लगाउने,

(छ) निरिक्षण वा जाँचबुझको सिलसिलामा उत्पादक वा बिक्रेतालाई तत्काल कुनै आदेश दिन उपयुक्त देखिएमा सो आदेश दिने ,

(ज) आवश्यकता अनुसार अनुगमनका क्रममा उत्पादन स्थल, गोदाम र पसलको खानतलासी गर्ने,

(झ) तोकिए बमोजिम अन्य कार्य गर्ने ।

## २७. निरीक्षण अधिकृतले अपनाउनु पर्ने कार्यविधिः

(१) निरीक्षण अधिकृतले निरीक्षण जाँचबुझ वा खानतलासी गर्दा अपनाउन पर्ने कार्यविधि प्रचलित कानुन बमोजिम वा तोकिए बमोजिम हुनेछ ।

# परिच्छेद -११

# कसुर र सजाय सम्बन्धी व्यवस्था

## २८. कसुर गरेको मानिनेः

(१) कसैले देहायको काम कारबाही गरे वा गराएमा यस ऐन अन्तर्गतको कसुर गरेको मानिनेछः-

(क) दफा ६ (१) वा (२) विपरीत दर्ता वा अनुमति नलिई कारोबार सञ्चालन गरे, गराएमा ।

(ख) दफा ७ बमोजिम नवीकरण नगरी कारोबार सञ्चालन गरे, गराएमा ।

(ग) दफा ९ बमोजिम गुणस्तर वा मापदण्ड पूरा नगरी कारोबार सञ्चालन गरे, गराएमा ।

(घ) दफा १० बमोजिम अनुचित व्यापारिक क्रियाकलाप गरे, गराएमा ।

(ङ) दफा ११ (२) बमोजिम तोकिए भन्दा बढी बजार तह कायम गरी बिक्री वितरण गरे, गराएमा ।

(च) दफा १२ (५) बमोजिम कसैले पनि कृत्रिम अभावको सिर्जना, जिम्माखोरी, कृत्रिम मूल्यवृद्धि र नाफाखोरी जस्ता कार्य गरे गराएमा ।

(छ) दफा १३ (१) बमोजिम नगरपालिका क्षेत्र भित्र वस्तु वा सेवाको व्यापार व्यवसाय गर्दा दर्ता वा अनुमति प्राप्त गरेको स्थलमा  बाहेक अन्यत्र सेवा सञ्चालन तथा वस्तुको बिक्री वितरण गरे गराएमा ।

(ज) दफा १३ (२) बमोजिम प्रदायकले तोकिएको स्थल  बाहेक अन्यत्र वा निषेधित क्षेत्रमा सेवा वा वस्तुको बिक्री वितरण गरे गराएमा ।

(झ) दफा १४ (२) विपरीत बढी मूल्यमा बिक्री गरे गराएमा ।

(ञ) दफा १६ (१) बमोजिम प्रदायकले वातावरण स्वच्छ र सफा नराखेमा ।

(ट) दफा १७ (२) बमोजिम तोकिएको अधिकतम मूल्यभन्दा बढी हुनेगरी वस्तु वा सेवा बिक्री गरे गराएमा

(ठ) दफा १८ बमोजिमका कार्यहरू पूरा नगरेमा र

(ड) दफा १९ (१) बमोजिम गुणस्तहीन वस्तु र सेवाको उत्पादन, पैठारी तथा बिक्री वितरण गरे गराएमा ।

**२९. जरिवाना सम्बन्धी व्यवस्थाः**

(१) कसैले दफा २९ अन्तर्गत कसुर गरे, गराएमा कसुरको मात्रा हेरी निरीक्षण अधिकृतले देहाय बमोजिम जरिवाना गर्न सक्नेछः-

(क) खण्ड (क), (ख), (ग), (ङ), (छ), (ज), (झ) र (ठ) बमोजिमको कसुर गर्ने वा गराउने लाई पाँच हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म ।

(ख) खण्ड (घ), (च), (ञ) र (ट) र (ड) बमोजिमको कसुर गर्ने वा गराउनेलाई १० हजार रुपैयाँदेखि दुई लाख रुपैयाँ सम्म ।

(२) निरीक्षण अधिकृतले यस दफा बमोजिम जरिवाना गर्नुपर्ने कारण र जरिवाना गरेको रकम लगायतको सम्पूर्ण विवरण खुलाई तीन दिन भित्र समितिलाई जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम गर्ने गरी निर्णय भएको मितिले सात दिन भित्र सो जरिवाना नतिर्ने, नबुझाउने प्रदायक विरुद्ध निरीक्षण अधिकृतले देहायको कार्य गर्न सक्नेछः-

(क) जरिवाना भएको रकम नबुझाएसम्म त्यस्तो वस्तु वा सेवा सिलबन्दी गरेर राख्ने,

(ख) जरिवाना भएको रकम नबुझाएसम्म त्यस्तो वस्तु वा सेवाको उत्पादन, ढुवानी, पैठारी वा बिक्री गर्ने अन्य वस्तुसमेत रोक्का राख्ने ।

(४) यस दफा बमोजिम निरीक्षण अधिकृतले गरेको निर्णय उपर चित्त नबुझेमा निर्णय भएको मितिले १५ दिन भित्र अर्घाखाँची जिल्ला अदालत समक्ष पुनरावेदन गर्न सक्ने ।

(५) अन्य दफाहरूमा जेसुकै लेखिएको भए पनि यस ऐन बमोजिम बजार अनुगमनका क्रममा गम्भीर प्रकृतिको कसुरमा बाहेक कम जरिवाना हुन सक्ने सामान्य प्रकृतिका कसुरमा कसुरदारले कसुर स्वीकार गरी सुधार गर्ने प्रतिबद्धता जनाएको अवस्थामा समिति, बजार अनुगमन समिति वा नगरपालिका बजार निरीक्षण अधिकृतले एउटा प्रदायकलाई बढीमा फरक फरक प्रकृतिको कसुरमा गरी बढीमा एक पटकसम्म सुधार गर्ने मौका प्रदान गरी कारबाही स्थगित गर्न सक्नेछ ।

**३०. सजाय सम्बन्धी अन्य व्यवस्थाः**

(१) दफा ३० मा उल्लिखित जरिवाना सम्बन्धी व्यवस्था बाहेकको कसुरमा प्रचलित नेपाल कानुन बमोजिम सजाय हुनेछ ।

(२) यस ऐन बमोजिम गरिएको जरिवानाले प्रचलित कानुन बमोजिम सजाय गर्न बाधा पुऱ्याएको मानिने छैन ।

## परिच्छेद-१२

## उजुरी तथा तहकिकात सम्बन्धी व्यवस्था

**३१. उजुरी दिन सक्नेः**

(१) यस ऐन वा यस ऐन अन्तर्गतको नियम विपरीत कुनै प्रदायकले कुनै कसुर गरेको पाइएमा नगरपालिका वा समिति वा निरीक्षण टोली वा निरीक्षण अधिकृत समक्ष उजुरी दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको निकाय वा अधिकारीले उजुरी वा सार्वजनिक सञ्चार माध्यमबाट प्राप्त सूचनालाई उजुरीको रुपमा ग्रहण गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम प्राप्त उजुरी वा सूचना वा अन्य कुनै सरकारी निकायबाट अनुगमनको लागि लेखी आएमा समिति वा बजार अनुगमन टोलीले एक आपसमा समन्वय गरी अनुगमन तथा निरीक्षण गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा प्रदायकले यस ऐनको विपरीत व्यापारिक क्रियाकलाप गरेको पाइएमा तत्काल कारबाही चलाउनेछ ।

(५) उपदफा (४) बमोजिम अनुगमन टोलीले गरेको काम कारबाहीमा चित्त नबुझेमा प्रदायकले समिति समक्ष लिखित रुपमा उजुरी दिन सक्नेछ ।

**३२. सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखी पठाउन सक्नेः**

(१) यस ऐन बमोजिमको अनुगमन वा उजुरीबाट प्रचलित कानुन बमोजिम कुनै कसुर भएको वा भइरहेको वा हुन सक्ने सम्भावना समिति वा अनुगमन टोली वा निरीक्षण अधिकृतले देखेमा सम्बन्धित निकाय वा अधिकारी समक्ष छानबिन र अनुसन्धानका लागि लेखी पठाउन सक्नेछ

(२) उपदफा (१) बमोजिम सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखि पठाएको विषयमा सम्बन्धित व्यक्तिले जानकारी माग गरेमा समिति वा अनुगमन टोली वा निरीक्षण अधिकृतले जानकारी गराउनु पर्नेछ ।

**३३. प्रचलित कानुन बमोजिम मुद्दा चलाउँदा बाधा नपुग्नेः** यस ऐन बमोजिम ठहर्ने कसुर अन्य कानुनबाट समेत कसुर ठहरिने रहेछ भने त्यस्तो कानुन बमोजिम मुद्दा चलाउन बाधा पर्ने छैन ।

**३४. सूचना दिने, अनुगमन तथा अनुसन्धानको काममा सहयोग गर्नेलाई पुरस्कृत तथा प्रोत्साहित गर्नेः**

(१) यस ऐन बमोजिमको कसुरमा सूचना दिने तथा अनुसन्धानको काममा सहयोग गर्ने व्यक्तिलाई कसुरदारबाट असुल भएको बिगोको २५ प्रतिशत रकम त्यस्तो व्यक्ति वा संस्थालाई पुरस्कार दिइनेछ । तर समिति, निरीक्षण टोली, सम्बन्धित विभाग, शाखाका कर्मचारी तथा उनीहरूको परिवार तथा नातेदारले दिएको सूचना वापत पुरस्कार दिइने छैन ।

(२) यस ऐन बमोजिमको कसुरका सम्बन्धमा सही सूचना दिने र अनुसन्धानका काम कारबाहीमा सहयोग पुऱ्याउने व्यक्ति वा संस्थालाई सूचना सङ्कलन गर्दा वा सूचना दिंदा लागेको उचित खर्च रकम नगरपालिकाले प्रोत्साहन स्वरुप दिनेछ ।

(३) यस दफा बमोजिम सूचना दिने व्यक्तिले चाहेमा निजको नाम, ठेगाना तथा निजबाट प्राप्त भएको सूचना सम्बन्धी विवरण गोप्य राखिनेछ ।

**३५. समितिको कार्यक्रम तथा बजेटः**

(१) नगरपालिकाले बजार व्यवस्थापन, अनुगमन तथा उपभोक्ता सचेतना अभिवृद्धिको सक्रिय उपभोक्ता संस्थासँगको साझेदारीमा सचेतना कार्यक्रमका लागि वार्षिक कार्यक्रम र बजेट विनियोजन गर्नेछ ।

(२) नेपाल सरकार तथा प्रदेश सरकारबाट बजार अनुगमन तथा व्यवस्थापन तथा उपभोक्ता हित संरक्षणको सचेतनाको लागि अनुदान प्राप्त भएमा उपदफा (१) बमोजिमको कार्यक्रममा समावेश गर्नेछ ।

(३) नगरपालिकाले बजार व्यवस्थापन, अनुगमन तथा उपभोक्ता सचेतना अभिवृद्धिको लागि नेपाल सरकार, सहकारी, निजी क्षेत्र, उपभोक्ता हित संरक्षणसँग सम्बन्धित सङ्घ संस्थासँग साझेदारी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

**३६. स्थानीय प्रशासनको कर्तव्यः** नगरपालिका, समिति, बजार अनुगमन टोली र निरीक्षण अधिकृतले बजार अनुगमनका क्रममा सहयोग माग गरेमा सुरक्षा लगायतका आवश्यक सहयोग उपलब्ध गराउनु स्थानीय प्रशासनको कर्तव्य हुनेछ ।

**३७. असल नियतले गरेका कामको बचाउः** यस ऐन बमोजिम बजार अनुगमन गर्दा असल नियतले गरेका काममा अनुगमन गर्ने व्यक्ति उपर कुनै कारबाही गरिने छैन ।

**३८. स्थानीय तहहरू बिच साझेदारी तथा सहकार्य गर्न सक्नेः** नगरपालिकाले बजार व्यवस्थापन तथा अनुगमनको लागि अन्य स्थानीय तहसँग सहकार्य, समन्वय तथा साझेदारीका कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ ।

**३९. उपभोक्ता हित कोषः** यस ऐन बमोजिम असुल भएको जरिवाना रकमको पचास प्रतिशत रकम उपभोक्ता हित कोषमा जम्मा गरिनेछ । उक्त कोषबाट उपभोक्ता सचेतना कार्यक्रम, क्षतिपूर्ति तथा उपभोक्ता हकहित प्रवर्द्धनात्मक कार्यक्रममा समितिको निर्णयानुसार खर्च हुनेछ ।

**४०. नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागु गर्न सक्नेः**

(१) यस ऐनलाई कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) नगरपालिकाले यस ऐन अन्तर्गत बनाएको नियमावली कार्यान्वयन गर्न आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

**४१. खारेजी र बचाउः**

(१) सन्धिखर्क नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७५ खारेज गरिएको छ ।

(२) सन्धिखर्क नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७५ बमोजिम भए गरेका कारबाही यसै ऐन बमोजिम भए गरेका मानिनेछ ।

# सामुदायिक वन सञ्चालन तथा व्यवस्थापन, ऐन २०७८

**प्रमाणीकरण मिति २०७८/१०/०९**

**प्रस्तावनाः**

वन ऐन २०७६ र वन नियमावली २०७७ बमोजिम डिभिजन वन कार्यालयमा दर्ता भइ सन्धिखर्क नगरपालिका क्षेत्र भित्र सञ्चालनमा आएका र यस नगरपालिकामा कानुन बमोजिम दर्ता हुने सामुदायिक वनहरुको सञ्चालन, व्यवस्थापन, संरक्षण तथा सम्वर्धन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम"सन्धिखर्क नगरपालिकाको सामुदायिक वन सञ्चालन तथा व्यवथापन ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन तुरुन्त लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले सन्धिखर्क नगरपालिका सम्झनु पर्दछ ।

(ग) "सभा" भन्नाले सन्धिखर्क नगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।

(घ) "नगर कार्यपालिका" भन्नाले सन्धिखर्क नगर कार्यपालिका भन्ने सम्झनु पर्दछ ।

(ङ) "प्रमुख" भन्नाले सन्धिखर्क नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सन्धिखर्क नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(छ) "वन" भन्नाले पूर्ण वा आंशिक रुपले रुखहरुले ढाककिएको क्षेत्र सम्झनु पर्दछ र सो शब्दले संघीय, प्रदेश कानुन र यस ऐन बमोजिम सञ्चालित वन समेत सम्झनु पर्दछ ।

(ज) "वन पैदावार" भन्नाले वनमा रहेको वा पाइएको वा वनबाट ल्याइएको देहायको पैदावार सम्झनु पर्दछ ।

(१) काठ, दाउरा, गोल, खैरकच, खोटो, काठको तेल, बोक्रा, लाहा, पिपला, पिपली वा

(२) रुख, पात, फल, फूल, महुवा, चिराइतो, कुटकी र सबै प्रकारका जङ्गली जडीबूटी, वनस्पती तथा तीनका विभिन्न भाग वा अंश वा

(३) चट्टान, माटो, ढुङ्गा, गिट्टी, वालुवा वा

(४) पशुपंछी, वन्यजन्तु र पशुपन्छी वा वन्य जन्तुको आखेटोपहार ।

(झ) "सामुदायिक वन" भन्नाले वन ऐन, २०७६ तथा नियमावली २०७७ बमोजिम डिभिजन वन कार्यालयमा दर्ता गरी सञ्चालनमा रहेका र संघीय, प्रदेश कानुन र यस ऐन बमोजिम सन्धिखर्क नगरपालिकामा दर्ता भई सञ्चालन हुने सामुदायिक वन सम्झनु पर्दछ ।

(ञ) "समिति" भन्नाले संघीय, प्रदेश कानुन र यस ऐन बमोजिम सामुदायिक वन सञ्चालन तथा व्यवस्थापनका लागि गठित समिति सम्झनु पर्दछ ।

(ट) "उपभोक्ता समूह" भन्नाले संघीय, प्रदेश कानुन र यस ऐन बमोजिम सामुदायिक वनको व्यवस्था तथा उपयोग गर्न दर्ता भएको उपभोक्ता समूह सम्झनु पर्दछ ।

(ठ) "औजार" भन्नाले वन क्षेत्रमा आवाद वा खनजोत गर्न प्रयोग गरिने सबै किसिमका कृषि औजार तथा रुख विरुवा ताछ्ने, काट्ने, खुकुरी, बन्चरो, आरा, तथा मेशिन समेत सम्झनु पर्दछ ।

(ड) "बोझ वाहक" भन्नाले गाडा, ट्रक, लहरी, मोटर, ट्याक्टर, नाउ, डुङ्गा वा वन पैदावार आदि ल्याउने यस्तै प्रकारका अन्य साधन वा जनावर समेत सम्झनु पर्दछ ।

(ढ) "चौपाया" भन्नाले जुनसुकै जातको पाल्तु चार खुट्टे जनावर सम्झनु पर्दछ ।

(ण) "टाँचा" भन्नाले काठ वा खडा रुखमा लगाइने छाप, चिन्ह वा निशाना सम्झनु पर्दछ ।

(त) "गस्ती" भन्नाले वन पैदावार चोरी निकासी रोक्न, वन क्षेत्रमा सुरक्षा कायम गर्न तथा असामान्य स्थितिको नियन्त्रण गर्न वा वन संरक्षण गर्नका लागि खटाइएको टोली वा व्यक्तिले सावधानी पूर्वक घुम्ने, रेखदेख गर्ने, पहरा वा रखवारी गर्ने कार्य सम्झनु पर्दछ ।

(थ) "अनुगमन समिति" भन्नाले यस ऐनको दफा १४ बमोजिम गठित नगर स्तरीय अनुगमन समिति सम्झनु पर्दछ ।

(द) "समन्वय समिति" भन्नाले सन्धिखर्क नगरपालिका भित्र रहेका सामुदायिक वनहरुको बिचमा समन्वय तथा सहजीकरण गर्न दफा ५ बमोजिम गठित समिति सम्झनु पर्दछ ।

(ध) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले संघीय, प्रदेश कानुन र यस ऐन बमोजिम नगर कार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिमको व्यवस्था सम्झनु पर्दछ ।

## परिच्छेद-२
## सामुदायिक वन सम्बन्धी व्यवस्था

३. **सामुदायिक वन उपभोक्ता समूहको दर्ता सम्बन्धी व्यवस्थाः**

(१) संघीय, प्रदेश कानुन तथा यस ऐन बमोजिम सञ्चालन भएका र सञ्चालन हुने सामुदायिक वनका उपभोक्ता समूहहरुले यो ऐन प्रारम्भ भएको मितिले तीन महिना भित्र यस नगरपालिकामा दर्ता गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता हुने उपभोक्ता समूहहरूले रु. ५००।- को नगदी रसिद काटी समूहको विधान सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पर्न आएका निवेदन उपर आवश्यक जाँचबुझ गरी प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-२ बमोजिमको ढाँचामा उपभोक्ता समूह दर्ताको प्रमाणपत्र उपलव्ध गराउनु पर्नेछ ।

४. **दर्ता नवीकरण सम्बन्धी व्यवस्थाः**

(१) संघीय, प्रदेश कानुन र यस ऐन बमोजिम गठित सामुदायिक वन उपभोक्ता समूहले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र वन संरक्षणको लागि तोकिएको रकम नगरपालिकाको कोष खातामा जम्मा गरी भौचर सहित नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकारीले आवश्यक जाँचबुझ गरी समूह दर्ताको प्रमाणपत्रमा नविकरण गर्नेछ ।

## परिच्छेद-३
## सामुदायिक वन संरक्षण सम्बन्धी व्यवस्थाः

५. **सामुदायिक वन समन्वय समितिः**

(१) सामुदायिक वन संरक्षण तथा व्यवस्थापनको लागि नगर स्तरीय एक समन्वय समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका पदाधिकारीहरु रहने छनः-

(क) नगर प्रमुख - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) नगर वन वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक -सदस्य

(घ) नगर भित्र रहेका सबै सामुदायिक वन उपभोक्ता समितिका अध्यक्षहरु - सदस्य

(ङ) नगर क्षेत्र भित्र रहेका नेपाल प्रहरीका प्रमुख वा प्रतिनिधि - सदस्य

(च) नगर क्षेत्र भित्र रहेका वन कार्यालयका प्रमुख -सदस्य

(छ) नगरपालिकाको वन तथा वातावरण शाखा हेर्न तोकिएको कर्मचारी -सदस्य सचिव

६. **सामुदायिक वन समन्वय समितिको काम, कर्तव्य र अधिकारः**

(१) सामुदायिक वन समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नगर भित्र सञ्चालनमा रहेका सामुदायिक वनहरुको संरक्षण तथा सम्बर्द्धनमा सहयोग गर्ने ।

(ख) सामुदायिक वनहरुका विभिन्न गतिविधिको सम्बन्धमा समन्वय तथा सुधार गर्नको लागि कार्यपालिकामा पेश गर्ने ।

(ग) सामुदायिक वनको व्यवस्थापन तथा संरक्षणको लागि आवश्यक कार्ययोजना तर्जुमा गरी स्वीकृतिको लागि नगर कार्यपालिकामा पेश गर्ने ।

(घ) सामुदायिक वनको संरक्षण संवर्धन तथा सुधारको लागि आवश्यक नीति तथा योजना तयार गरी स्वीकृतिको लागि नगरपालिकामा पेश गर्ने ।

(ङ) संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको विषयमा संघ तथा प्रदेश सँग आवश्यक समन्वय गरी वन सुधारका कार्ययोजना तयार गर्ने ।

(च) वातावरण तथा जैविक विविधताको संरक्षण, भूक्षय तथा प्राकृतिक प्रकोप नियन्त्रणको माध्यमबाट बन विकास सम्बन्धी कार्यक्रम तर्जुमा तथा सञ्चालन गर्ने ।

(छ) सामुदायिक वनको संरक्षणको लागि गस्ती परिचालनको व्यवस्था मिलाउने ।

तर समन्वय समितिले आवश्यक निर्णय गरी गस्ती परिचालनको जिम्मा अध्यक्ष वा गस्ती टोली प्रमुखलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(ज) नगर कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ।

७. **गस्ती सम्बन्धी व्यवस्थाः**

(१) यस सन्धिखर्क नगरपालिका अन्तर्गत सञ्चालनमा रहेका सामुदायिक वनको संरक्षण गर्न तथा वन पैदावारको चोरी निकासी रोक्नको लागि सामुदायिक वन समन्वय समितिको सिफारिसमा नेपाल प्रहरी कर्मचारीको नेतृत्वमा रहने गरी एक गस्ती टोली खटाइनेछ ।

(२) उपदफा (१) बमोजिमको गस्ती टोलीमा तपसिलका सदस्यहरु रहनेछन् ।

(क) नगर क्षेत्र भित्र रहेका नेपाल प्रहरीको सम्बन्धित ईलाका प्रहरी कार्यालयबाट खटाइएको कर्मचारी,

(ख) नगर क्षेत्र भित्रका सामुदायिक वनहरुले खटाएका कर्मचारी वा पदाधिकारी

(ग) नगरपालिकाले तोकेर पठाएका पदाधिकारी वा कर्मचारी

८. **गस्ती टोलीको काम, कर्तब्य र अधिकारः**

(१) गस्ती टोलीको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा समूहले विना ईजाजत वन वा वनजन्य पदार्थ चोरी निकासी गर्ने, गराउने कार्य गरेमा तत्काल पक्री थुनामा राख्ने व्यवस्था मिलाउने ।

(ख) सामुदायिक वनमा कोही कसैले वन ऐन, नियमावली तथा यस ऐन विपरितका कार्य गरेको पाइएमा त्यस्तो कार्यमा प्रयोग भएका बोझवाहक साधन, औजार तथा यस्तै प्रकृतिका अन्य साधनहरु तत्काल कब्जामा लिई कानुन बमोजिम गर्ने, गराउने ।

(ग) कम्तीमा हप्तामा एक पटक समन्वय समितिले खटाएको बखत वन क्षेत्रभर गस्ती गर्ने तर अत्यावश्यक परेमा नगर प्रमुख र गस्ती टोली प्रमुखको आदेशानुसार सो भन्दा बढी समेत गस्ती गर्ने ।

(घ) समन्वय समितिले तोके बमोजिमका अन्य कार्य गर्ने ।

९. **गस्ती परिचालन सम्बन्धी व्यवस्थाः**

(१) समन्वय समितिको सिफारिसमा नगर क्षेत्रका सबै सामुदायिक वनहरुलाई मिलाई नेपाल प्रहरीको क्षेत्राधिकार अनुसारको क्षेत्र बाँडी नगर क्षेत्रमा नेपाल प्रहरीको नेतृत्वमा कम्तीमा दुई वटा गस्ती परिचालन गर्न सकिनेछ ।

(२) प्रत्येक गस्ती टोलीमा बढीमा पन्ध्र जना खटाउन सकिनेछ ।

(३) गस्तीमा खटिने टोलीलाई प्रचलित कानुनको अधिनमा रही हतियार प्रयोग गर्ने अधिकार हुनेछ ।

(४) गस्तीमा खटिने व्यक्तिलाई समन्वय समितिको निर्णय अनुसारको सेवा सुविधा प्रदान गर्न सकिनेछ ।

(५) वन संरक्षणमा गस्तीमा खटाउने लगायतका कार्यमा सहयोग गर्नु नेपाल प्रहरी, वन कार्यालय, उपभोक्ता समूह, नगरपालिका लगायत सरोकारवाला सबैको कर्तव्य हुनेछ ।

१०. **सुराकी सम्बन्धी व्यवस्थाः**

(१) वन पैदावार चोरी निकासी रोक्ने कार्यमा सहयोग गर्न जुनसुकै व्यक्तिले समन्वय समिति वा गस्ती टोली प्रमुखलाई सुराकी दिन सक्नेछ ।

(२) सुराकी दिने व्यक्तिलाई सामुदायिक वन समन्वय समितिको निर्णय अनुसार उचित पुरस्कार प्रदान गरिनेछ ।

(३) सुराकी दिने व्यक्तिको नाम, मोवाईल नं. वा अन्य व्यक्तिगत विवरण गोप्य राखिनेछ ।

११. **गस्ती टोलीबाट बरामद भएको वन पैदावार सम्बन्धी व्यवस्थाः** (१) संघीय तथा प्रादेशिक कानुनमा अन्य व्यवस्था भएकोमा बाहेक गस्ती टोलीले अवैध चोरी निकासीबाट बरामद गरिएका वन पैदावार बिक्रीबाट प्राप्त रकम देहाय बमोजिम बाँडफाँड गरिनेछ ।

(क) कूल रकमको ३० प्रतिशत वन समन्वय समितिलाई,

(ख) ३० प्रतिशत सम्बन्धित सामुदायिक वन उपभोक्ता समितिलाई,

(ग) बाँकी ४० प्रतिशत मध्ये पुरस्कार स्वरुप २५ प्रतिशत सुराकिलाई र १५ प्रतिशत गस्ती टोलीलाई ।

## परिच्छेद-४
## सामुदायिक वन संरक्षण विशेष कोष सम्बन्धी व्यवस्था

१२. **सामुदायिक वन संरक्षण विशेष कोषः**

(१) नगरपालिकामा एक सामुदायिक वन संरक्षण कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् ।

(क) नगरपालिकाबाट प्राप्त अनुदान वा रकम ,

(ख) वन ऐन तथा नियमावलीमा उल्लेख भएको वन संरक्षणको लागि सामुदायिक वनले खर्च गर्ने गरी तोकिएको रकमको अतिरिक्त पहिलो बर्षको लागि सामुदायिक वनको कारोबारको पाँच प्रतिशत रकम,

तर, दोस्रो बर्ष देखी कुल बार्षिक बजेटको ७५ प्रतिशत रकम सामुदायिक वनले र २५ प्रतिशत रकम नगरपालिकाले वेहोर्ने गरी खर्च व्यवस्थापन गर्ने ।

(ग) दण्ड जरिवानाबाट प्राप्त रकम,

(घ) दान दातव्य तथा पुरस्कारबाट प्राप्त रकम,

(ङ) विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघ सँस्थाबाट प्राप्त रकम,

(च) अन्य तोकिए बमोजिमका रकमहरु ।

१३. **कोषको रकम खर्च गर्ने सम्बन्धी व्यवस्थाः**

(१) दफा १२ बमोजिमको कोषमा जम्मा भएको रकम देहायका कार्यमा खर्च गर्न सकिनेछ ।

(क) गस्ती टोलीमा गरिने खर्च,

(ख) सुराकीलाई दिइने पुरस्कार रकम,

(ग) सामुदायिक वन संरक्षणमा हुने प्रशासनिक खर्च,

(घ) गस्ती टोलीमा खटिने व्यक्तिको औषधि उपचार तथा विमा खर्च,

(ङ) समन्वय समितिको निर्णय अनुसार गस्ती टोलीलाई दिइने अन्य खर्च,

(च) वन पैदावार चोरी निकासीमा संलग्न व्यक्तिलाई हिरासतमा राख्नु पर्ने भएमा सोमा दिइने सिदा वा खाना खर्च ।

(२) उपदफा १ बमोजिमका रकम खर्च गर्नु अघि समन्वय समितिबाट निर्णय गराउनु पर्नेछ । तर आकस्मिक कार्यमा खर्च गर्नु परेमा खर्च गरेको रकमको पुष्ट्याई सहित अनुमोदन गर्ने गरी खर्च गर्न यस उपदफाले बाधा पुर्याएको मानिने छैन

(३) कोषको सञ्चालन अध्यक्ष, सामुदायिक वनको प्रतिनिधि सदस्य र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चान हुने गरी खाता सञ्चालन हुनेछ

(४) कोषको लेखापरीक्षण नगरपालिकाले तोकेको लेखा परीक्षकबाट गरिनेछ ।

(५) कोषको लेखापरीक्षण प्रतिवेदन सामुदायिक वन समन्वय समितिबाट अनुमोदन गराउनु पर्नेछ ।

## परिच्छेद-५
## विविध

१४. **अनुगमन सम्बन्धी व्यवस्थाः**

(१) नगरपालिका अन्तर्गत गठित सामुदायिक वनको क्षेत्राधिकार अन्तर्गत भए गरेका समग्र कार्यहरुको अनुगमन गर्न एक नगर स्तरीय अनुगमन समिति गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको अनुगमन समितिमा तपसिलका पदाधिकारीहरु रहनेछन् ।

(क) नगर प्रमुख वा निजले तोकेको नगर कार्यपालिका सदस्य-अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी सदस्य

(ग) सामुदायिक वन उपभोक्ता समूहहरु मध्ये समन्वय समितिले तोकेको दुई जना महिला सहित चार जना सदस्य

(घ) सुरक्षा निकायको एक जना प्रतिनिधि सदस्य

(ङ) वन कार्यालयको प्रतिनिधि एक जना सदस्य

(च) उद्योग वाणिज्य संघबाट दुईजना सदस्य

(छ) नगर वन तथा वातावरण शाखा प्रमुख सदस्य सचिव

१५. **दण्ड जरिवाना सम्बन्धी व्यवस्थाः** वन पैदावार चोरी निकासीमा संलग्न व्यक्ति वा मतियारलाई संघीय तथा प्रदेश कानुनमा उल्लेख भएकोमा सोही अनुसार दण्ड जरिवाना गरिनेछ र उल्लेख नभएका विषयमा सामुदायिक वन समन्वय समितिले निर्णय गरी तोके बमोजिम दण्ड जरिवाना गरिनेछ ।

१६. **नियम बनाउने अधिकारः** यस ऐनको कार्यान्वयन गर्न सन्धिखर्क नगरपालिकाले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

१७. **खारेजी र बचाउः** संघीय तथा प्रदेश कानुनमा उल्लेख भएकोमा सोही अनुसार तथा उल्लेख नभएका विषयमा यसै ऐन बमोजिम हुनेछन् ।

## अनुसूची-१
## दफा ३ को उपदफा (२) सँग सम्बन्धित
## उपभोक्ता समूहले समूह दर्ता/सूचिकृतको लागि दिने निवेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
सन्धिखर्क नगरपालिका, सन्धिखर्क, अर्घाखाँची ।

**विषयः उपभोक्ता समूह दर्ता गरी पाउँ ।**

वन ऐन २०७६ तथा नियमावली २०७७ बमोजिम दर्ता भएको .................... सामुदायिक वन उपभोक्ता समूह यस सन्धिखर्क नगरपालिकाको सामुदायिक वन सञ्चालन तथा व्यवस्थापन ऐन २०७८ मा भएको व्यवस्था अनुसार दर्ता /सूचिकृत गरी पाउन सोको विधान संलग्न गरी पेस गरेका छौं । उपभोक्ता समूह दर्ता /सूचिकृत गरी सोको जानकारी पाउन अनुरोध गरेका छौं ।

निवेदक
उपभोक्ता समूहको तर्फबाट
दस्तखतः ..............................
नामथरः ........................................
पदः .........................................
मितिः .........................

उपभोक्ता समूहका पदाधिकारीको विवरण

| क्र.सं. | नामथर र ठेगाना | पद |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |
| ६. | | |

**अनुसूची-२**

**दफा ३ को उपदफा (३) सँग सम्बन्धित**

**उपभोक्ता समूह दर्ताको प्रमाणपत्रको ढाँचा**

**सन्धिखर्क नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय सन्धिखर्क, अर्घाखाँची**

**लुम्बिनी प्रदेश, नेपाल**

**उपभोक्ता समूह दर्ताको प्रमाणपत्र**

दर्ता नं. मितिः-

श्री ........................उपभोक्ता समूह

सन्धिखर्क अर्घाखाँची ।

यस कार्यालयको मिति ......................... को निर्णय अनुसार सन्धिखर्क नगरपालिकाको सामुदायिक वन सञ्चालन तथा व्यवस्थापन ऐन, २०७८ ले दिएको अधिकार प्रयोग गरी त्यस उपभोक्ता समूहलाई यस नगरपालिकामा दर्ता गरी यो प्रमाण पत्र दिइएको छ ।

उपभोक्ता समूहको विवरण

उपभोक्ता समूहको क्षेत्रः

घरधुरीको संख्याः

कूल जनसंख्याः

प्रमाणपत्र दिने अधिकारीकोः

नामः

दर्जाः

दस्तखतः

मितिः

**नविकरण**

| नविकरण गरेको मिति | दर्ताको प्रमाणपत्र वहाल रहने अवधि | नविकरण दस्तुर/५ प्रतिशतले हुने रकम | रसिद नं. | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |

# संस्था दर्ता ऐन, २०७८

**प्रमाणीकरण मितिः २०७८/१०/०९**

**प्रस्तावनाः**

सन्धिखर्क नगर क्षेत्र भित्र सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, खेलकुद, शारीरिक वा परोपकारी संस्थाहरूको स्थापना तथा दर्ता गर्न र कानुन बमोजिम दर्ता भएका संस्थाहरूको नियमन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो ऐनको नाम" सन्धिखर्क नगरपालिकाको संस्था दर्ता ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन तुरून्त लागु हुनेछ ।

२. **परिभाषा र व्याख्याः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(१) "नगर सभा" भन्नाले सन्धिखर्क नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(२) "नगरपालिका" भन्नाले सन्धिखर्क नगरपालिका सम्झनु पर्दछ ।

(३) "प्रमुख" भन्नाले सन्धिखर्क नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(४) "स्थानीय अधिकारी" भन्नाले सन्धिखर्क नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(५) "संस्था" भन्नाले आर्थिक, सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक तथा परोपकारी कार्यहरूको विकास एवम् विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लब, आमा समूह, मण्डल, अध्ययन केन्द्र आदि सम्झनु पर्दछ र सो शव्दले टोल विकास संस्था समेतलाई जनाउँछ ।

(६) "प्रबन्ध समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रबन्ध समितिलाई सम्झनु पर्दछ ।

(७) "तोकिएको" वा"तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

३. **दर्ता नगरी संस्था खोल्न नहुनेः**

(१) यस ऐन बमोजिम सन्धिखर्क नगरपालिकामा दर्ता नगरी कसैले पनि संस्था स्थापना र सञ्चालन गर्न हुँदैन ।

(२) प्रचलित नेपाल कानुन बमोजिम अन्यत्र संस्था स्थापना गरी यस नगरपालिका क्षेत्र भित्र शाखा विस्तार गर्दा समेत यस नगरपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ ।

४. **संस्थाको दर्ताः**

(१) यो ऐन बमोजिम संस्था दर्ता गर्न चाहनेले सात जना वा सो भन्दा बढी व्यक्तिहरूले संस्था सम्बन्धी देहायको विवरण खुलाई स्थापना गर्न चाहेको संस्थाको विधानको १ (एक) प्रति र तोकिएको दस्तुर सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(क) संस्थाको नाम,

(ख) उद्देश्यहरू,

(ग) प्रबन्ध समितिका सदस्यहरूको नाम, ठेगाना र पेसा,

(घ) आर्थिक स्रोत,

(ङ) कार्यालय खोल्ने ठेगाना,

(च) पदाधिकारीको नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपी ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानविन गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ता प्रमाणपत्र दिनेछ ।

तर प्रचलित नेपाल कानुन विपरित हुने गरी कुनै संस्था दर्ता गरी सञ्चालन गर्न पाइने छैन र संस्थाको नामबाट कानुनले प्रतिबन्ध लगाएको कार्य गर्न पाइने छैन ।

(३) यस दफा अन्तर्गत दिईने प्रमाणपत्रको ढाँचा, अवधि, र नवीकरण दस्तुर तोकिए बमोजिम हुनेछ ।

**५. संगठित संस्था मानिनेः**

(१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(१) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचविखन गर्न सक्नेछ ।

(२) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्नेछ ।

**६. संस्थाको सम्पत्तिः**

(१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरूद्ध संस्थाको कुनै सम्पत्ति दुरूपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो सम्पत्ति दुरूपयोग गर्ने, कब्जा वा रोक्का राख्ने संस्था वा व्यक्तिबाट संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतले गरेको कारबाहीमा चित्त नबुझने व्यक्तिले सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरूद्ध कुनै अपराध गरेमा संस्था, संस्थाको कुनै सदस्य वा प्रमुख प्रशासकीय अधिकृतले प्रचलित कानुन बमोजिम मुद्दाको कारबाही चलाउन सक्नेछ ।

७. **यस अघि दर्ता नभई स्थापना भएको संस्थाले दर्ता गर्नेः** यो ऐन प्रारम्भ हुनु भन्दा अघि तत्काल प्रचलित कानुन बमोजिम दर्ता नभई स्थापना भएका संस्थाले पनि यो ऐन बमोजिम संस्था दर्ता गर्नु पर्नेछ ।

८. **संस्थाको उद्देश्यहरूमा हेरफेरः**

(१) संस्थाको उद्देश्यहरूमा हेरफेर गर्न आवश्यक देखिएमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको कार्य समितिले तत् सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरूले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ । तर सो प्रस्ताव लागु गर्न प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिनु पर्नेछ ।

९. **हिसाबको विवरण पठाउनु पर्नेः** प्रबन्ध समितिले आफ्नो संस्थाको कामको प्रगति, हिसाबको विवरण, लेखापरीक्षकको प्रतिवेदन प्रत्येक वर्ष नगरपालिका समक्ष पेस गर्नु पर्नेछ ।

१०. **हिसाब जाँच गर्नेः**

(१) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा संस्थाको हिसाब आफुले खटाएको वा नियुक्त गरेको कुनै कर्मचारीद्धारा जाँच गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए बापत प्रमुख प्रशासकीय अधिकृतले हिसाब जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा तीन प्रतिशतमा नबढाई आफूले निर्धारित गरेको दस्तुर असुल गरी लिन सक्नेछ ।

(३) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरू वा सोधेको प्रश्नको उपयुक्त जवाफ दिनु प्रत्येक संस्थाका पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाब जाँच गर्ने अधिकृतले प्रमुख प्रशासकीय अधिकृतले तोकिदिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेस गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरूपयोग गरेको छ भन्ने प्रमुख प्रशासकीय अधिकृतलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी भएको रकम वा जिन्सी असुल गर्न प्रचलित कानुन बमोजिम कारबाही चलाउन सक्नेछ ।

तर प्रचलित कानुनले सजाय समेत हुने अपराध भएकोमा अन्य प्रचलित कानुन बमोजिम निज उपर मुद्दा चलाउन बाधा पर्ने छैन ।

११. **निर्देशन दिनेः** नगरपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

१२. **दण्ड र सजायः**

(१) ऐनको दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगरी संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाका प्रबन्ध समितिका सदस्यहरूलाई प्रमुख प्रशासकीय अधिकृतले जनही पाँच सय रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।

(२) दफा ९ बमोजिमको विवरण नपठाएमा प्रबन्ध समितिका सदस्यहरूलाई प्रमुख प्रशासकीय अधिकृतले जनही दुई सय रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

(३) तर कुनै सदस्यले दफा ९ उल्लंघन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने प्रमुख प्रशासकीय अधिकृतलाई लागेमा निजलाई सजाय मिनाहा दिन सक्नेछ ।

(४) दफा १० को उपदफा (३) बमोजिम हिसाब जाँच गर्न सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरू वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले पाँचसय रूपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

(५) दफा ८ बमोजिम प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृती नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुनेगरी कामकारबाही गरेमा नगरपालिकाले दिएको निर्देशन पालन नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संस्थाको दर्ता निलम्बन वा खारेज गर्न सक्नेछ ।

१३. **पुनरावेदनः** प्रमुख प्रशासकीय अधिकृतले गरेको अन्तिम निर्णय उपर ३५ दिन भित्र अर्घाखाँची जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

१४. **संस्थाको विघटन र त्यसको परिणामः**

(१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा नगरपालिकाको हुनेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले खामेसम्म त्यस्तो दायित्व नगरपालिकाले बेहोर्नेछ । तर संस्थाको जायजेथाले नखाम्ने अन्य दायित्व नगरपालिकाले बेहोर्ने छैन ।

१५. **अन्य नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्नेः** यस ऐन बमोजिम दर्ता भएको संस्था प्रचलित नेपाल कानुन बमोजिम अन्यत्र दर्ता र इजाजत लिई सञ्चालन गर्नु पर्ने रहेछ भने यस ऐन बमोजिम दर्ता भएको संस्थाले सो ऐन बमोजिम दर्ता वा स्थापना गरी इजाजत लिनुपर्नेछ ।

**१६. नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले नियम बनाउन सक्नेछ ।

**१७. खारेजी र बचाउः**

(१) संस्था दर्ता, नविकरण सम्बन्धी कार्यहरू अन्य प्रचलित कानुनमा व्यवस्था भएकोमा बाहेक यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(२) यस ऐनमा भएको कुनै व्यवस्था प्रचलित संघीय र प्रदेश कानुनसँग बाझिने भएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

# सन्धिखर्क नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७८

**प्रमाणीकरण मितिः २०७८/१०/०९**

**प्रस्तावनाः**

सन्धिखर्क नगरपालिका क्षेत्र भित्र प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न तथा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा कार्यान्वयनका लागि आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिकः

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>

(१) यस ऐनको नाम"सन्धिखर्क नगरपालिकाको नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u>ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(१) "कोष" भन्नाले दफा १२ बमोजिमको विपद् व्यवस्थापन कोष सम्झनु पर्दछ ।

(२) "गैरप्राकृतिक विपद्" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, प्यान्डामिक फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक कारणले उत्पन्न विपद् सम्झनु पर्दछ ।

(३) "जिल्ला विपद् व्यवस्थापन समिति" भन्नाले सङ्घीय ऐनको दफा १६ बमोजिम अर्घाखाँची जिल्ला विपद् व्यवस्थापन समिति सम्झनु पर्दछ ।

(४) "तोकिएको" वा"तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(५) "प्रदेश विपद् व्यवस्थापन समिति" भन्नाले सङ्घीय ऐनको दफा १४ बमोजिम लुम्बिनी प्रदेश विपद् व्यवस्थापन समिति सम्झनु पर्दछ ।

(६) "नगरपालिका" भन्नाले सन्धिखर्क नगरपालिकालाई सम्झनु पर्दछ ।

(७) "कार्यपालिका" भन्नाले सन्धिखर्क नगरपालिकाको कार्यपालिका लाई सम्झनु पर्दछ ।

(८) "प्रमुख" भन्नाले सन्धिखर्क नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(९) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सन्धिखर्क नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(१०) "प्राकृतिक विपद्" भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चट्याङ्ग, भूकम्प, ज्वालामुखी बिस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्झनु पर्दछ ।

(११) "विपद्" भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्दछ ।

(१२) "विपद् खोज तथा उद्धार समूह" भन्नाले विपद्को अवस्थामा खोजी तथा उद्धार गर्न क्रियाशील वा विपद् व्यवस्थापनको लागि परिचालन गर्न तयार गरिएको विशिष्टीकृत खोज तथा उद्धार समूह सम्झनु पर्दछ र सो शब्दले तालिम प्राप्त मानवीय सहायताकर्मीलाई समेत जनाउँछ।

(१३) "विपद् जोखिम न्यूनीकरण" भन्नाले विपद्पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनु पर्दछ ।

(१४) "विपद् पुनर्लाभ" भन्नाले विपद्को घटनापछि गरिने पुनर्निर्माण एवम् पुनर्स्थापनासँग सम्बन्धित कार्य सम्झनु पर्दछ ।

(१५) "विपद् प्रतिकार्य" भन्नाले विपद्को घटना घट्नासाथ तत्कालै गरिने खोज, उद्धार एवम् राहतसँग सम्बन्धित कार्य सम्झनु पर्दछ र सो शब्दले विपद् प्रतिकार्यको पूर्वतयारीलाई समेत जनाउँछ ।

(१६) "विपद् व्यवस्थापन" भन्नाले विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनु पर्दछ ।

(१७) "व्यावसायिक प्रतिष्ठान" भन्नाले उद्योग, कलकारखाना, सिनेमा घर, सपिङ्ग मल, बहुउद्देश्यीय व्यापारिक भवन जस्ता व्यावसायिक प्रतिष्ठान सम्झनु पर्दछ ।

(१८) "समिति" भन्नाले दफा ३ बमोजिमको नगर विपद् व्यवस्थापन समिति सम्झनु पर्दछ ।

(१९) "सङ्घीय ऐन" भन्नाले नेपाल सरकारको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनु पर्दछ ।

(२०) "सङ्घीय मन्त्रालय" भन्नाले नेपाल सरकारको विपद् व्यवस्थापन हेर्ने गरी तोकिएको मन्त्रालय सम्झनु पर्दछ ।

(२१) "सार्वजनिक संस्था" भन्नाले सरकारी निकाय, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था, प्रचलित कानुन बमोजिम स्थापना भएका सङ्गठित संस्था वा सबै प्रकारका स्वास्थ्य तथा शैक्षिक संस्था सम्झनु पर्दछ ।

## परिच्छेद-२

## नगर विपद् व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

३. **नगर विपद् व्यवस्थापन समितिः**

(१) नगरपालिकाभित्रको विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न एक नगर विपद् व्यवस्थापन समिति रहनेछ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) नगर प्रमुख -संयोजक

(ख) नगर उपप्रमुख -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) विषयगत समितिका संयोजकहरु -सदस्य

(ङ) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय -सदस्य

(च) सामाजिक महाशाखा/शाखा प्रमुख -सदस्य

(छ) पूर्वाधार विकास महाशाखा/शाखा प्रमुख -सदस्य

(ज) सन्धिखर्क नगरपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका सङ्घीय सुरक्षा निकायका प्रमुख वा प्रतिनिधि -सदस्य

(झ) सन्धिखर्क नगरपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका प्रदेश प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि -सदस्य

(ञ) नगर प्रहरी प्रमुख -सदस्य

(ट) राष्ट्रिय मान्यता प्राप्त दलका सन्धिखर्क नगरपालिका स्थित प्रमुख वा प्रतिनिधि -सदस्य

(ठ) नेपाल रेडक्रस सोसाईटीका स्थानीय प्रतिनिधि १जना -सदस्य

(ड) निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यताप्राप्त संस्थाको नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि १ जना -सदस्य

(ढ) गैरसरकारी संस्था महासङ्घका स्थानीय प्रतिनिधि १ जना -सदस्य

(ण) नेपाल पत्रकार महासङ्घको स्थानीय प्रतिनिधि १ जना -सदस्य

(त) विपद् व्यवस्थापन हेर्ने गरि तोकिएको शाखा प्रमुख -सदस्य सचिव

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि क्रम संख्या (ञ), (ट), (ठ), (ड), (ढ) र (ण) का सदस्यहरू उपलब्ध नभएको अवस्थामा पनि समिति गठन एवम् काम कारबाही गर्नमा असर पर्नेछैन।

(४) उपदफा (२) बमोजिमको समितिले सङ्घीय ऐनको दफा १७ बमोजिमको स्थानीय विपद् व्यवस्थापन समितिको रूपमा समेत काम गर्नेछ।

४. **समितिको बैठक सम्बन्धी व्यवस्थाः**

(१) संयोजकले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ ।

(२) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(३) समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा अध्यक्षले जुनसुकै बेला पनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा अध्यक्ष र घटीमा १ जना सदस्य सहित सदस्य सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ।

(५) समितिको बैठक संयोजकको अध्यक्षतामा बस्नेछ ।

(६) समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ।

(७) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा सङ्घ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(९) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

५. **<u>समितिको काम, कर्तव्य र अधिकारः</u>** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय परिषद्बाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम् राष्ट्रिय कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन समितिबाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी नगर विपद् व्यवस्थापन नीति तथा योजना तर्जुमा गरी कार्यपालिका समक्ष पेस गर्ने,

(ख) नगरसभाबाट स्वीकृत नीति तथा योजनाको अधीनमा रही विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ सम्बन्धी एकीकृत तथा क्षेत्रगत नीति, योजना तथा कार्यक्रम स्वीकृत गरी लागू गर्ने, गराउने,

(ग) सन्धिखर्क नगरपालिकाबाट सञ्चालन हुने विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम तथा बजेट प्रस्ताव तयार गर्ने, गराउने,

(घ) विपद् व्यवस्थापनका सम्बन्धमा नगरपालिकाको संस्थागत क्षमता विकास गर्ने, गराउने,

(ङ) नगरपालिकाका पदाधिकारी, कर्मचारी, स्वयम्सेवक, सामाजिक परिचालक तथा समुदायलाई विपद् व्यवस्थापन सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने,

(च) विपद्का घटना हुनासाथ खोज, उद्धार र राहत लगायतका प्राथमिक कार्यहरू तत्काल गर्नको लागि संस्थागत संयन्त्र स्वतः परिचालित हुने गरी आवश्यक कार्यविधि तथा मापदण्ड तर्जुमा गरी लागू गर्ने, गराउने,

(छ) विपद् व्यवस्थापनका सम्बन्धमा सङ्घीय तथा प्रादेशिक कानुनको अधिनमा रहि सार्वजनिक, निजी, गैरसरकारी लगायत सबै निकाय तथा संस्थाले निर्वाह गर्नुपर्ने भूमिका निर्धारण गर्ने तथा त्यस्ता संस्था वा निकायलाई आफ्नो नीति, योजना र कार्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न लगाउने,

(ज) विपद्को समयमा स्थानीय आमसञ्चारका माध्यमहरुको भूमिका सम्बन्धी आवश्यक मापदण्ड तयार गरी कार्यान्वयन गर्ने, गराउने,

(झ) सरकारी, निजी एवम् गैरसरकारी संस्था, स्थानीय स्वयम्सेवक, सामाजिक परिचालक लगायत सम्बन्धित सबै पक्षको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

(ञ) भौतिक संरचना निर्माण गर्दा भवनसंहिता लगायत अन्य स्वीकृत निर्देशिका वा मापदण्डको पालना गराउने,

(ट) स्थानीय सार्वजनिक पूर्वाधार सम्बन्धी संरचनाको विपद् जोखिम मूल्याङ्कन गर्ने, गराउने,

(ठ) नदी किनार, बगर, पहिरो जान सक्ने भिरालो जमिन र डुबान हुने क्षेत्र वा विपद् जोखिमको सम्भावना भएका असुरक्षित क्षेत्रमा बसोबास गर्ने व्यक्ति तथा समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गराउन उपयुक्त स्थानको खोजी कार्यमा सहयोग गर्ने तथा सुरक्षित स्थानमा बसोबास सम्बन्धी सचेतना जगाउने,

(ड) विपद्बाट स्थानीय स्तरमा निजी तथा सार्वजनिक क्षेत्रबाट भईरहेको सेवा प्रवाहमा अवरोध आइपरेमा सोको पुनःसञ्चालनका लागि सेवा निरन्तरताको योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी कार्य गर्ने, गराउने ।

(ढ) स्थानीय समुदायलाई विपद्प्रति जागरुक बनाउन, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि परिचालित हुन वडा तथा समुदायस्तरमा समावेशी विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने,

(ण) विद्यालय तहको शैक्षिक पाठ्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न पहल गर्ने,

(त) विपद् प्रतिकार्यका लागि नमूना अभ्यास गर्ने, गराउने,

(थ) विपद्को समयमा प्रयोग गर्न सकिने गरी वारुणयन्त्र लगायतका अन्य उपकरणहरू तयारी हालतमा राख्न लगाउने,

(द) स्थानीय स्तरमा आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने,

(ध) नगरपालिकामा विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्वचेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने, गराउने,

(न) विपद् प्रभावित क्षेत्रमा तत्काल उद्धार तथा राहतको व्यवस्था मिलाउने,

(प) विपद्मा परी हराएका, बिग्रेका वा नष्ट भएका कागजातको यकिन तथ्याङ्क अद्यावधिक गरी राख्न लगाउने,

(फ) विपद्बाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र वितरण गर्ने, गराउने,

(ब) विपद्को समयमा जोखिममा रहेको समूह विशेषगरी महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्ति उपर हुन सक्ने घटना (लैङ्गिक हिंसा, बेचविखन तथा अन्य कुनै पनि किसिमका शोषण) रोकथामको लागि विशेष सतर्कता अपनाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(भ) विपद् प्रभावितहरूको प्रत्यक्ष र सक्रिय सहभागितामा विपद् प्रभावित क्षेत्रमा आर्थिक क्रियाकलापको पुनर्स्थापना, रोजगारीका अवसरको सृजना तथा जीवनयापनका लागि आय आर्जन कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(म) विपद्को जोखिममा रहेका महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, सीमान्तकृत वर्ग तथा समुदाय, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि विशेष योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने,

(य) विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले प्रचलित ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने,

(र) विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय कार्यकारी समिति, प्रदेश विपद् व्यवस्थापन समिति तथा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने, गराउने,

(ल) विपद् व्यवस्थापनका सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रालय, विभाग तथा अन्य निकायसँग सहकार्य गर्ने,

(व) विपद् व्यवस्थापन सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार वा नगर नगरसभाले तोकेका अन्य कार्य गर्ने, गराउने,

(श) विपद् व्यवस्थापन सम्बन्धमा सङ्घीय तथा प्रादेशिक कानुनको प्रतिकूल नहुने गरी नगर नगर कार्यपालिकाले तोके बमोजिमका अन्य कार्य गर्ने, गराउने,

(ष) विभिन्न सङ्घसंस्था, व्यक्तिबाट प्राप्त हुने राहत तथा पुनर्निर्माण र पुनर्लाभका विषयवस्तुलाई स्थानीय विपद् व्यवस्थापन समितिले तोकेको स्थान र मापदण्ड अनुसार गर्ने, गराउने ।

## परिच्छेद-३

## वडा स्तरीय विपद् व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

६. **वडा स्तरीय विपद् व्यवस्थापन समितिः**

(१) सन्धिखर्क नगरपालिकाको प्रत्येक वडामा एक वडा स्तरीय विपद् व्यवस्थापन समिति रहनेछ ।

(२) वडा स्तरीय विपद् व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) वडा अध्यक्ष -संयोजक

(ख) वडा सदस्यहरू -सदस्य

(ग) वडा भित्र रहेका विषयगत शाखा/ईकाई कार्यालय प्रमुखहरू -सदस्य

(घ) वडा भित्र रहेका सुरक्षा निकायका प्रमुखहरू -सदस्य

(ङ) राष्ट्रिय मान्यता प्राप्त दलका वडा स्थित प्रमुख वा प्रतिनिधि -सदस्य

(च) स्थानीय रेडक्रस, -सदस्य

(छ) गैरसरकारी तथा सामुदायमा आधारित सङ्घसंस्था तथा युवा क्लबबाट संयोजकले तोके बमोजिम न्यूनतम २ महिला सहित ४ जना -सदस्य

(ज) वडा सचिव - सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(४) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(५) समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(६) उपदफा (४) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा संयोजकले जुनसुकै बेलापनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा संयोजक र घटीमा १ जना सदस्य सहित सदस्य सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

(७) समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ ।

(८) समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ।

(९) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा सङ्घ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(११) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

७. **वडा स्तरीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वडा भित्र विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ सम्बन्धी कार्यक्रम सञ्चालनका लागि नगर नगर विपद् व्यवस्थापन समितिमा सिफारिस गर्ने तथा सो समितिबाट स्वीकृत नीति तथा योजना अनुरूपका विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम कार्यान्वयन, अनुगमन र पुनरावलोकन गर्ने,

(ख) वडामा विकास निर्माणका क्रियाकलापहरू कार्यान्वयनमा विपद् जोखिम व्यावस्थापनलाई मूलप्रवाहीकरण गर्ने, सुरक्षित विद्यालय तथा अस्पतालका लागि विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने,

(ग) विपद् व्यवस्थापनका सम्बन्धमा वडाको संस्थागत क्षमता विकास गर्ने,

(घ) विपद् व्यवस्थापन योजना, आपत्कालीन कार्ययोजना, पुनःस्थापना तथा पुनर्निर्माण योजना तर्जुमा तथा कार्यान्वयन गर्ने, गराउने,

(ङ) समुदायमा विपद् व्यवस्थापन सम्बन्धी काम गर्ने समूहहरूको गठन तथा त्यस्ता समूहहरूलाई परिचालन गर्ने गराउने,

(च) वडा सदस्यहरू, कर्मचारी, स्वयम्सेवक, सामाजिक परिचालक तथा समुदायमा आधारित विपद् व्यवस्थापन समिति सदस्य, नागरिक समाजका प्रतिनिधिलाई विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षणको व्यवस्था मिलाउने,

(छ) स्थानीय समुदायलाई विपद् प्रति जागरुक बनाउने, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि तयारी अवस्थामा राख्ने,

(ज) विपद्का घटना हुनासाथ खोज, उद्धार र राहत लगायतका प्राथमिक कार्यहरू तत्काल गर्नको लागि समन्वय गर्ने,

(झ) आपत्कालीन नमूना अभ्यास गर्ने, गराउने,

(ञ) विपद्बाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र वितरणमा नगर नगर विपद् व्यवस्थापन समितिलाई सहयोग गर्ने,

(ट) विपद्को समयमा जोखिममा रहेका समूह विशेषगरी महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्ति उपर हुन सक्ने घटना (लैङ्गिक हिंसा, बेचविखन तथा अन्य कुनै पनि किसिमका शोषण) रोकथामको लागि विशेष सतर्कता अपनाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ठ) नगर नगर विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने, गराउने ।

## परिच्छेद - ४

## सुरक्षा निकाय तथा अन्य निकायको परिचालन

**८. सुरक्षा निकायको परिचालन तथा सहयोग र समन्वयः**

(१) नगरकार्यपालिकाले विपद् व्यवस्थापनको काममा नेपाल सरकार तथा प्रदेश सरकारले परिचालन गरेका सङ्घीय तथा प्रादेशिक सुरक्षा निकायहरूलाई सहयोग र

समन्वय
गर्नेछ ।

(२) सुरक्षा निकायले विपद्को समयमा खोज तथा उद्धार कार्यका लागि नगरकार्यपालिकासँग आवश्यक सामग्री माग गरेको अवस्थामा नगरपालिकामा उपलब्ध भएसम्म त्यस्तो सामाग्री तत्काल उपलब्ध गराईनेछ ।

(१) विपद् प्रतिकार्यका लागि नगरपालिकाले आफुसँग रहेको नगर प्रहरीलाई परिचालन गर्नेछ ।

## ९. वारुणयन्त्र तथा अन्य सेवा प्रदायक निकायको काम, कर्तव्य र अधिकारः

(१) वारूणयन्त्र, एम्बुलेन्स तथा त्यस्तै अन्य सेवा प्रदायकले आपत्कालीन खोज, उद्धार तथा राहत उपलब्ध गराउन समितिले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

(२) आपत्कालीन कार्य सम्पादन गर्दा समितिको आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार वारुणयन्त्र सेवा प्रदायकलाई हुनेछ ।

## १०. सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्वः

(१) विपद् व्यवस्थापन सम्बन्धमा सन्धिखर्क नगरपालिका भित्रका सबै सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व देहाय बमोजिम हुनेछः-

(क) आफ्नो भवन, उद्योग, कार्यालय वा व्यावसायिक केन्द्रमा विपद्का घटना हुन नदिन विपद् सुरक्षा औजार, उपकरण, सामग्री, आपत्कालीन निकास लगायत तोकिए बमोजिमका अन्य व्यवस्था गर्ने,

(ख) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनर्निर्माण समेतका सम्पूर्ण कार्यमा आवश्यक सहयोग गर्ने,

(ग) आफ्ना कर्मचारी तथा कामदारलाई विपद् व्यवस्थापन सम्बन्धमा आधारभूत अभिमुखीकरण गर्ने गराउने,

(घ) विपद् व्यवस्थापन कार्यमा उपयोग हुने स्रोत साधनलाई तयारी हालतमा राख्ने,

(ङ) आफ्ना भवन लगायत अन्य संरचना आपत्कालीन प्रयोजनका लागि आवश्यक परेमा आदेशानुसार उपलब्ध गराउने,

(च) सम्बन्धित अधिकारीको सुपरिवेक्षणमा उद्धार तथा राहत वितरण कार्यमा सहयोग पुर्‍याउने,

(छ) विपद् जोखिम न्यूनीकरण संयन्त्रको व्यवस्था गरी तयारी अवस्थामा राख्ने,

(ज) फोहोरमैला तथा प्रदुषणको यथोचित व्यवस्थापन गरी यसबाट वातावरण र जनजीवनमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने उपायहरू अपनाउने,

(झ) विपद्को घटना घटेमा तत्काल नजिकको सुरक्षा निकाय र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई खबर गर्ने ।

(२) नगरपालिका भित्रका सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले सन्धिखर्क नगरपालिकाको विपद् व्यवस्थापन सम्बन्धी योजनाको अधीनमा रही विपद् व्यवस्थापन योजनाको तर्जुमा गरी अनिवार्य रूपमा लागू गर्नु पर्नेछ।

११. **विपद् व्यवस्थापनमा सहयोग गर्नु पर्ने** : नगरपालिका भित्रका सरकारी कार्यालय, गैरसरकारी संस्था, स्थानीय सङ्घ संस्था, समुदाय, स्वयम्सेवक, नागरिक समाज, निजी क्षेत्र तथा व्यक्तिले विपद् व्यवस्थापन कार्यमा सन्धिखर्क नगरपालिकालाई देहाय बमोजिम सहयोग गर्नु पर्नेछः-

(क) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनःर्निर्माण लगायतका विपद् व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग गर्ने,

(ख) विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,

(ग) क्षमता विकास, आपत्कालीन नमूना अभ्यास तथा विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षण कार्यक्रममा सहयोग गर्ने तथा भाग लिने,

(घ) खोज, उद्धार तथा राहत वितरण सम्बन्धी कार्यमा सहयोग गर्ने।

## परिच्छेद-५

## विपद् व्यवस्थापन कोष सम्बन्धी व्यवस्था

१२. **विपद् व्यवस्थापन कोष** :

(१) विपद् व्यवस्थापनका लागि नगरपालिकामा छुट्टै एक आकस्मिक कोष रहनेछ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरू रहने छन्ः-

(क) नगरपालिकाको वार्षिक बजेटबाट विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने गरी स्वीकृत रकम,

(ख) प्रदेश सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम,

(ग) नेपाल सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम,

(घ) स्वदेशी कुनै सङ्घ संस्था वा व्यक्तिबाट दान, दातव्य वा उपहार स्वरुप प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) विपद् व्यवस्थापनका लागि नगरपालिकाले कानुन बमोजिम विशेष शुल्क वा दस्तुर संकलन गर्न सक्नेछ|

(४) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(५) कोषको रकम विपद् व्यवस्थापन सम्बन्धी कामका लागि प्रयोग गरिनेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको रकम नियमित प्रशासनिक कार्यको लागि खर्च गरिने छैन।

(७) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(८) समितिले कोषको वार्षिक आय व्ययको प्रतिवदेन तयार गरी कार्यपालिका मार्फत नगर नगरसभा समक्ष पेस गर्नेछ ।

## परिच्छेद-६

## कसूर तथा सजाय

१३. **कसूर र सजाय** : कसैले विपद्को घटना घट्न सक्ने गरी लापरवाही गरेमा वा त्यस्तो घटना घटाउन प्रत्यक्ष संलग्न भएमा वा घट्ना घटेको अवस्थामा नाजायज फाईदा लिने गरी वा आफुलाई मात्र फाईदा पुग्ने किसिमको कुनै काम गरेमा वा यस सम्बन्धमा सङ्घीय कानुन बमोजिम कसुरजन्य मानिने कुनै काम गरेमा तत् सम्बन्धी कारबाही प्रचलित सङ्घीय कानुन बमोजिम हुनेछ ।

## परिच्छेद-७

## विविध

१४. **विपद् सङ्कटग्रस्त क्षेत्र घोषणाको पालना र समन्वय** :

(१) नेपाल सरकारले सन्धिखर्क नगरपालिका भित्रको कुनै ठाउँमा गम्भीर प्रकृतिको विपद् उत्पन्न भएबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरी प्रचलित कानुन बमोजिम कुनै काम गर्न गराउन आदेश दिएमा सोको पालना गर्नुगराउनु सन्धिखर्क नगरपालिकाको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्रमा नेपाल सरकारले प्रचलित कानुन बमोजिम कुनै काम गर्न गराउन नगरपालिका भित्रको कुनै व्यक्ति, संस्था वा अधिकारीलाई आदेश दिएमा सोको पालना गर्न गराउनमा नगरपालिकाले आवश्यक समन्वय गर्नेछ ।

(क) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्र सम्बन्धी सूचनाको प्रसारणमा नगरपालिकाले सहयोग र समन्वय गर्नेछ ।

१५. **नेपाल सरकारको स्वीकृतीमा मात्र प्रवेश गर्नुपर्ने** :

(१) विपद्बाट असर परेको कुनै क्षेत्रमा विदेशी नागरिक वा संस्थाले प्रवेश गर्नु परेमा नेपाल सरकारको स्वीकृति लिएको छ छैन भनि नगर कार्यपालिकाले सोधखोज गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सोधखोज गर्दा त्यस्तो नागरिक वा संस्थाले नेपाल सरकारको स्वीकृति लिएको नदेखिएकोमा निजको प्रवेशलाई रोक लगाई तत् सम्बन्धी सूचना नेपाल सरकारलाई उपलब्ध गराईनेछ ।

१६. **मानवीय तथा अन्य सहायता र समन्वय** :

(१) नगरपालिका भित्र उत्पन्न विपद्को अवस्थालाई तत्काल सामना गर्न आन्तरिक स्रोत र साधनबाट नभ्याउने भएमा मानवीय तथा अन्य सहायता र समन्वयका लागि जिल्ला समन्वय समिति, प्रदेश सरकार तथा नेपाल सरकारलाई अनुरोध गरिनेछ ।

(२) विपद्बाट उत्पन्न स्थिति नियन्त्रण गर्ने क्रममा नेपाल सरकारले अन्तर्राष्ट्रिय मानवीय तथा अन्य सहयोग लिई परिचालन गरेको अवस्थामा नेपाल सरकारको निर्देशनमा रहि तत् सम्बन्धी कार्यमा सहयोग र समन्वय गरिनेछ ।

(क) छिमेकी स्थानीय तहमा कुनै विपद् उत्पन्न भई सो व्यवस्थापनका लागि छिमेकी स्थानीय तहले सोझै, जिल्ला समन्वय समिति वा प्रदेश सरकार मार्फत अनुरोध गरेमा उपलब्ध भएसम्मको सहयोग पुऱ्याउनु नगरकार्यपालिको दायित्व हुनेछ ।

१७. <u>तत्काल खरिद तथा निर्माण र प्रयोग गर्न सकिने</u>ः

(१) विशेष परिस्थिति परी विपद्बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भईरहेको विपद्बाट थप क्षति हुन नदिनका लागि तत्कालै राहत सामग्री खरिद वा निर्माण कार्य गर्न आवश्यक भएमा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुनमा रहेको विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था बमोजिम नगर कार्यपालिकाले खरिद वा निर्माण कार्य गर्न सकिनेछ ।

(२) विपद्बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भईरहेको विपद्बाट थप क्षति हुन नदिनका लागि नगरपालिका क्षेत्र भित्रको कुनै गैरसरकारी कार्यालय वा अन्य सङ्घ संस्था र व्यक्तिको चल, अचल सम्पत्ति तथा सवारी साधन उपयोग गर्न आवश्यक भएमा सोको अभिलेख राखी तोकिएको अवधिभरको लागि अस्थायी तवरले प्राप्त गर्न सकिनेछ ।

(३) विपद्बाट प्रभावित क्षेत्रमा तत्काल राहत उपलब्ध गराउन नगरपालिका क्षेत्रभित्रको कुनै गैरसरकारी कार्यालय वा अन्य सङ्घ संस्था र व्यक्तिको खाद्यान्न, लत्ताकपडा, औषधी वा अन्य वस्तु आवश्यक भएमा सोको अभिलेख राखी नियन्त्रणमा लिन र सम्बन्धित प्रभावित पक्षलाई वितरण गर्न सकिनेछ ।

(४) नगरपालिकाले उपदफा (२) बमोजिम कुनै सम्पत्ति अस्थायी रूपमा प्राप्त गरेमा वा (३) उपदफा बमोजिम कुनै वस्तु नियन्त्रण र वितरण गरेमा त्यस्तो सम्पत्ति प्रयोग वा वस्तु उपयोग बापत प्रचलित दर अनुसारको रकम सम्बन्धित कार्यालय, संस्था वा व्यक्तिलाई दिनेछ।

१८. <u>राहतको न्यूनतम मापदण्ड सम्बन्धी व्यवस्था</u> :

(१) विपद् प्रभावित व्यक्तिलाई नेपाल सरकार तथा प्रदेश सरकारले उपलव्ध गराउने राहतको अतिरिक्त नगरपालिकाले आन्तरिक स्रोतबाट थप राहत उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले विपद् प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराउँदा मापदण्ड बनाई सोको आधारमा राहत उपलब्ध गराउनेछ ।

(३) उपदफा (२) बमोजिमको राहतको मापदण्डमा अन्य विषयको अतिरिक्त देहायका विषय समावेश भएको हुनुपर्नेछ ।

(क) विपद्बाट प्रभावित व्यक्तिलाई अस्थायी आश्रय स्थलमा राख्दा उपलब्ध गराउनु पर्ने आवास, खाद्यान्न, खानेपानी, स्वास्थ्य तथा सरसफाइ सम्बन्धी,

(ख) विपद्बाट मृत्यु हुनेको परिवार तथा सम्पत्तिको क्षति हुने व्यक्तिलाई उपलब्ध गराउनु पर्ने न्यूनतम राहत सम्बन्धी,

(ग) महिला, बालबालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिको आवश्यकता संवोधनका लागि विशेष राहत प्याकेजहरु (जस्तै डिग्निटी किट र चिल्ड्रेन किट) महिलाहरूको लागि सुरक्षित महिलामैत्री स्थल,

(घ) व्यक्तिगत गोपनीयता तथा सुरक्षा सम्बन्धी,

(ङ) न्यूनतम राहत बाहेक स्वरोजगार तथा रोजगारी व्यवस्थापनका माध्यमबाट पीडितको जीविकोपार्जन सम्बन्धी,

(च) गैरसरकारी वा व्यक्तिगत रूपमा दिइने राहतको वितरण सम्बन्धी,

(छ) एकद्वार प्रणाली अनुरुप राहत वितरण गर्ने सम्बन्धी,

(ज) राहतसँग सम्बन्धित अन्य उपयुक्त विषय ।

१९. <u>विपद्मा परी हराएका वा नष्ट भएका कागजात सम्बन्धमा</u> : विपद्मा परी हराई फेला पर्न नसकेका तथा आंशिक वा पूर्ण रूपमा क्षति भएका सन्धिखर्क नगरपालिकाका महत्वपूर्ण कागजातहरुको प्रमाणीकरण तथा प्रतिलिपि उपलब्ध गराउने सम्बन्धी व्यवस्था प्रचलित कानुनले तोके बमोजिम हुनेछ।

२०. <u>निर्देशन दिन सक्ने</u> : समितिले यस ऐनको अधीनमा रही विपद् व्यवस्थापनका लागि कुनै व्यक्ति वा निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ ।

२१. <u>उपसमिति गठन गर्न सक्ने</u> :

(१) समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य, अधिकार र कार्यावधि उपसमिति गठन गर्दाका बखत तोकिए बमोजिम हुनेछ।

२२. <u>अभिलेख राख्नु पर्ने</u>:

(१) विपद्को समयमा राहत उपलब्ध गराउने व्यक्ति, निकाय वा संस्थाको नाम, र उपलव्ध गराईको राहत तथा सोको परिमाण सहितको विवरणको अभिलेख राख्ने व्यवस्था समितिले मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरण राख्दा विपद्मा परेका महिला, बालबालिका तथा जेष्ठ नागरिक, विपद्का कारणले स्थानान्तरण भएका घरपरिवार लगायतको संख्या एकिन हुने विवरण र उनीहरूलाई उपलब्ध गराइएको राहत स्पष्टरूपमा राख्नुपर्नेछ।

२३. <u>पुरस्कार दिन सक्ने</u>: स्थानीय विपद् व्यवस्थापन सम्बन्धमा विशेष योगदान पुऱ्याउने उत्कृष्ट व्यक्ति वा संस्थालाई प्रोत्साहन स्वरूप समितिको सिफारिसमा नगर कार्यपालिकाले सम्मान तथा पुरस्कार दिन सक्नेछ ।

२४. **वार्षिक प्रतिवेदनः**

(१) समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत नगर सभा, जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन समिति समक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदन सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ।

२५. **प्रशासनिक खर्च व्यवस्थापनः** समितिको बैठक तथा प्रतिवेदन तयारी लगायतका कार्यसँग सम्बन्धित न्युनतम प्रशासनिक खर्च नगरकार्यपालिकाले व्यवस्था गर्नेछ ।

२६. **अधिकार प्रत्यायोजनः**यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम समितिलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक तथा तोकिएको पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२७. **नियम बनाउने अधिकारः**नगर कार्यपालिकाले यो ऐन कार्यान्वयनका लागि आवश्यक नियम तथा कार्यविधि बनाउन सक्नेछ ।

# सार्वजनीक निजी साझेदारी ऐन, २०७८

**प्रमाणीकरण मिति २०७८/१०/०९**

**प्रस्तावनाः**

सन्धिखर्क नगरपालिका क्षेत्र भित्र पूर्वाधार संरचना तथा सेवा क्षेत्रमा स्वदेशी वा विदेशी निजी क्षेत्र समेतको लगानीको माध्यमबाट नवीन प्रविधि, गुणस्तरीय सेवा, व्यवस्थापकीय कुशलता एवं लगानीमैत्री वातावरण निर्माण गर्दै सन्धिखर्क नगरपालिकाको आर्थिक विकास र समृद्धिमा योगदान पुर्‍याउन, सार्वजनिक निजी साझेदारीमा निर्माण हुने परियोजनाहरूलाई व्यवस्थित गर्न तथा लगानी सम्बन्धी कानूनी व्यवस्थालाई स्पष्ट गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम"सन्धिखर्क नगरपालिकाको सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "अनुमतिपत्र" भन्नाले दफा ३ बमोजिम सार्वजनिक निजी साझेदारीमा र दफा २३ बमोजिम निजी लगानीमा परियोजना कार्यान्वयन गर्न प्रदान गरिएको अनुमतिपत्र वा इजाजतपत्रलाई सम्झनु पर्दछ ।

(ख) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले परियोजना कार्यान्वयन गर्न अनुमतिपत्र वा इजाजतपत्र प्राप्त फर्म, कम्पनी वा व्यक्तिलाई सम्झनु पर्दछ ।

(ग) "आयोग" भन्नाले नगरपालिका अन्तर्गतको सहरी योजना आयोगलाई सम्झनु पर्दछ ।

(घ) "उपभोक्ता" भन्नाले यस ऐन बमोजिम सार्वजनिक निजी साझेदारी तथा निजी लगानीमा निर्माण भएको पूर्वाधार संरचनाबाट सेवा, सुविधा उपभोग वा उपयोग गर्ने व्यक्ति वा निकायलाई सम्झनु पर्दछ ।

(ङ) "उपाध्यक्ष" भन्नाले सन्धिखर्क नगरपालिका सहरी योजना आयोगको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(च) "उपप्रमुख" भन्नाले सन्धिखर्क नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ ।

(छ) "एकाइ" भन्नाले सन्धिखर्क नगरपालिकाको सार्वजनिक निजी साझेदारी एकाइलाई सम्झनु पर्दछ ।

(ज) "कार्यपालिका" भन्नाले सन्धिखर्क नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(झ) "तोकिएको" वा"तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(ञ) "नगर सभा" भन्नाले सन्धिखर्क नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(ट) "निजी लगानी" भन्नाले दफा २३ बमोजिम गरिने लगानीलाई सम्झनु पर्दछ ।

(ठ) "निर्माण" भन्नाले यस ऐन बमोजिम पूर्वाधार संरचनाको विकास, निर्माण वा पूनःस्थापनाको कार्यलाई सम्झनु पर्दछ ।

(ड) "परियोजना" भन्नाले यस ऐन बमोजिम सार्वजनिक निजी साझेदारीमा लगानी गरी कार्यान्वयन गरिने पूर्वाधार संरचना सम्बन्धी परियोजनालाई सम्झनु पर्दछ र सो शब्दले निजी लगानीमा कार्यान्वयन गरिने परियोजनालाई समेत जनाउँदछ ।

(ढ) "पूनःस्थापना" भन्नाले मौजुदा पूर्वाधार संरचनाको मर्मत, बिस्तार वा पुनर्निर्माण गरी पूनःस्थापना गर्ने काम सम्झनु पर्दछ ।

(ण) "पूर्वाधार संरचना" भन्नाले सडक, फ्लाईओभर, सव वे, सुरुङ्गमार्ग, पुल, अस्पताल, मोनो रेल, मेट्रोरेल, स्काईरेल, केबुलकार, रेल्वे, ट्रलीबस, ट्रामवे, बस र्‍यापिड ट्रान्जिट, जलमार्ग, परिवहन बिसौनीस्थल, सुख्खा बन्दरगाह, विमानस्थल, प्रदर्शनीस्थल, पार्क, सञ्चार तथा सूचना प्रविधि, वित्तीय बजार पूर्वाधार, विशेष आर्थिक तथा औद्योगिक क्षेत्र, कृषि क्षेत्र, शिक्षा क्षेत्र, होटल वा पर्यटन क्षेत्र, सवारी पार्किङ्ग, जलासय, बाँध, ढल निकास, फोहरमैला प्रशोधन तथा व्यवस्थापन, ऊर्जा उत्पादन, प्रसारण तथा वितरण, रङ्गशाला, मनोरञ्जन पार्क, सार्वजनिक सभागृह, बहुउद्देश्यीय भवन (मेघा हल) वा सार्वजनिक गोदामघर, विविध सहरी पूर्वाधार, शीतभण्डार सम्बन्धित पूर्वाधार निर्माण सम्झनु पर्दछ र सो शब्दले यस्तै प्रकृतिका अन्य पूर्वाधार संरचना समेतलाई जनाउँछ ।

(त) "प्रमुख" भन्नाले सन्धिखर्क नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(थ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सन्धिखर्क नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(द) "प्रस्तावक" भन्नाले यस ऐन बमोजिम प्रस्ताव पेस गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

(ध) "बोर्ड" भन्नाले सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ बमोजिमको लगानी बोर्डलाई सम्झनु पर्दछ ।

(न) "मनसायपत्र" भन्नाले परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा दफा ८ बमोजिम माग गरिएको मनसायपत्रलाई सम्झनु पर्दछ ।

(प) "महसुल" भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले सेवा सुविधा उपलब्ध गराएबापत उपभोक्तासँग लिने सेवा शुल्कलाई सम्झनु पर्दछ ।

(फ) "लगानी" भन्नाले यस ऐन बमोजिम ऋण वा स्वपूँजी वा पूनःलगानी वा यस्तै प्रकारका वित्तीय उपकरण मार्फत परियोजनामा गरिने पूँजी प्रवाहलाई सम्झनु पर्दछ ।

(ब) "लगानीकर्ता" भन्नाले यस ऐन बमोजिम परियोजनामा लगानी गरेको वा लगानी गर्न ईच्छा व्यक्त गर्ने फर्म, कम्पनी वा व्यक्तिलाई सम्झनु पर्दछ र सो शब्दले परियोजनाको अध्ययन, विकास निर्माण वा सञ्चालन गर्ने फर्म, कम्पनी वा व्यक्तिलाई समेत जनाउँछ ।

(भ) "सङ्घीय कानुन" भन्नाले सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ र यस सम्बद्ध अन्य सङ्घीय कानुनलाई समेत जनाउँछ ।

(म) "सम्झौता" भन्नाले सन्धिखर्क नगरपालिका र लगानीकर्ताबिच भएको परियोजना विकास सम्झौता, परियोजना लगानी सम्झौता वा सुविधा सम्झौता (कन्सेसन एग्रिमेन्ट) वा यस्तै प्रकारका सम्झौतालाई सम्झनु पर्दछ ।

(य) "समिति" भन्नाले दफा १७ बमोजिमको सार्वजनिक निजी साझेदारी व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(र) "सर्वेक्षण" भन्नाले परियोजना कार्यान्वयन गर्नको लागि गरिने प्रारम्भिक अध्ययन, सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन, विस्तृत सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन वा अन्य यस्तै प्रकारका अनुसन्धान वा अन्वेषण सम्बन्धी कार्यलाई सम्झनु पर्दछ ।"सार्वजनिक निजी साझेदारी" भन्नाले नगरपालिका र लगानीकर्ताबिच स्रोत वा प्रतिफल बाँडफाँट तथा जोखिम बेहोर्ने गरी आपसी सहकार्यमा पूर्वाधार संरचना निर्माण, सञ्चालन, पूनःस्थापना वा सार्वजनिक सेवा प्रवाह गर्न दफा ३ को उपदफा (२) मा उल्लेख भए मध्ये कुनै तरिकाबाट परियोजना कार्यान्वयन गर्ने प्रबन्धलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## सार्वजनिक निजी साझेदारी सम्बन्धी व्यवस्था

**३. सार्वजनिक निजी साझेदारी लगानीबाट परियोजना कार्यान्वयन गर्न सकिनेः**

(१) नगरपालिकाले पूर्वाधार संरचना तथा सेवा क्षेत्रका कुनै परियोजना सार्वजनिक निजी साझेदारी लगानीबाट यस ऐन तथा प्रचलित कानुन बमोजिम सञ्चालन गर्न सक्नेछ ।

तर वित्तीय, प्राविधिक वा सञ्चालन सम्बन्धी जोखिम निजी क्षेत्रलाई हस्तान्तरण नगरी निजी क्षेत्रबाट हुने काम वा सेवा प्राप्त गर्ने उद्देश्यबाट सञ्चालन हुने परियोजना सार्वजनिक निजी साझेदारी लगानीबाट कार्यान्वयन गरिने छैन ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक निजी साझेदारीबाट परियोजना कार्यान्वयन गर्दा देहायको कुनै तरिका अपनाउन सकिनेछः

(क) निर्माण तथा हस्तान्तरण,

(ख) निर्माण, सञ्चालन तथा हस्तान्तरण,

(ग) निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण,

(घ) निर्माण, हस्तान्तरण तथा सञ्चालन,

(ङ) लिज, सञ्चालन तथा हस्तान्तरण,

(च) लिज, निर्माण, सञ्चालन तथा हस्तान्तरण,

(छ) विकास, सञ्चालन तथा हस्तान्तरण,

(ज) व्यवस्थापन, सञ्चालन तथा हस्तान्तरण

(झ) पूनःस्थापना, सञ्चालन तथा हस्तान्तरण

(ञ) अन्य यस्तै तरिकाबाट ।

४. **प्राथमिकता निर्धारणः** सार्वजनिक निजी साझेदारीबाट कार्यान्वयन गरिने परियोजनाको प्राथमिकताका क्षेत्र समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

५. **परियोजना पहिचानः**

(१) समितिले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न सकिने परियोजना पहिचान गरी सूची तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूची तयार गर्दा परियोजनाको सर्भेक्षण लगायतको अध्ययन भए वा नभएको तथा तोकिए बमोजिमका अन्य विवरण समेतका आधारमा प्राथमिकता निर्धारण गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिम परियोजना पहिचान गरी सूची निर्धारण गर्दा प्राविधिक तथा वित्तीय विषयहरूमा बोर्डसँग परामर्श लिन सकिनेछ ।

६. **परियोजना स्वीकृत गराउनुपर्नेः**

(१) दफा ५ बमोजिम पहिचान गरी सूचीकृत गरिएका परियोजनाहरू कार्यान्वयन गर्ने सम्बन्धमा कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परियोजना स्वीकृत गराउँदा दफा ३ को उपदफा (२) मा उल्लिखित तरिकामध्ये कुन तरिकाबाट कार्यान्वयन गर्न सकिने हो सोको बेहोरा उल्लेख गर्नु पर्नेछ ।

(३) नगरपालिका अन्तर्गत एकै प्रकृतिका एक भन्दा बढी परियोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न यस दफा बमोजिम परियोजना स्वीकृत गराउँदा त्यस्तो परियोजनाको पूनःप्राथमिकीकरण गर्नु पर्नेछ ।

७. **परियोजनाको सूची प्रकाशन गर्नेः** दफा ६ बमोजिम परियोजना स्वीकृत भएपछि नगरपालिकाले परियोजनाको सूची स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

८. **आशयपत्र आह्वान गर्नेः**

(१) दफा ७ बमोजिम स्वीकृत परियोजनाको अध्ययन-अनुमति, सर्वेक्षण वा कार्यान्वयनका लागि नगरपालिकाले सार्वजनिकरुपमा सूचना प्रकाशन गरी आशयपत्र आह्वान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचनामा देहायका विवरण खुलाउनु पर्नेछः-

(क) आशयपत्र पेस गर्ने कार्यालय,
(ख) आशयपत्र पेस गर्ने अवधि,
(ग) आशयपत्रमा खुलाउनुपर्ने विवरण,
(घ) आशयपत्रसाथ संलग्न गर्नुपर्ने कागजातहरू
(ङ) प्रस्तावकको प्राविधिक तथा आर्थिक क्षमता,
(च) तोकिए बमोजिमका अन्य विवरण ।

**९. आशयपत्र पेस गर्नेः**

(१) परियोजनाको अध्ययन–अनुमति, सर्वेक्षण वा कार्यान्वयन गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिमका सर्तका अधिनमा रही दफा ८ बमोजिमको सूचनामा उल्लेखित अवधि भित्र तोकिएको कार्यालयमा आशयपत्र पेस गर्नु पर्नेछ ।

**१०. संक्षिप्त सूची तयार गर्नेः** दफा ९ बमोजिम आशयपत्र प्राप्त भए पश्चात् विषय विशेषज्ञ सम्मिलित मूल्याङ्कन समितिले तोकिए बमोजिमको आधारमा मूल्याङ्कन गरी तोकिएका प्रक्रिया बमोजिम आश्यपत्रदाताहरूको संक्षिप्त सूची तयार गर्नु पर्नेछ ।

**११. प्रस्ताव आह्वान गर्नेः**

(१) दफा १० बमोजिम संक्षिप्त सूची तयार गरेपछि नगरपालिकाले सार्वजनिक सूचना प्रकाशन गरी सो सूचीमा परेका प्रस्तावकहरूसँग तोकिए बमोजिमका विषयहरू खुलाई प्रस्ताव आह्वान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेस गर्न चाहने प्रस्तावकले तोकिए बमोजिमका विवरणहरू खुलाई सूचनामा उल्लिखित अवधि भित्र नगरपालिकामा प्रस्ताव पेस गर्नु पर्नेछ ।

**१२. प्रस्ताव छनोट गर्नेः**

(१) दफा ११ को उपदफा (२) बमोजिम प्रस्ताव प्राप्त भएपछि नगरपालिकाले तोकिएको मूल्याङ्कन समिति गठन गरी तोकिएको अवधि भित्र देहायका आधारमा प्रस्ताव छनोट गर्नेछः-

(क) तोकिएको समयमै निर्माण सम्पन्न गर्ने आधार सहितको प्राविधिक प्रस्ताव,
(ख) नगरपालिकालाई बुझाउनुपर्ने रोयल्टी रकम भए प्रस्तावित रोयल्टी रकम,
(ग) परियोजना कार्यान्वयन गर्दा उपभोक्तासँग लिने प्रस्तावित महसुल लगायतका विषय उल्लिखित आर्थिक प्रस्ताव ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव छनोट सम्बन्धी आधारका अतिरिक्त वातावरण व्यवस्थापन तथा अन्य विवरणहरू समेत आवश्यकता अनुसार नगरपालिकाले सूचनामा उल्लेख गरेको हुनु पर्नेछ ।

(३) प्रस्ताव छनोट गरेपछि नगरपालिकाले त्यसको जानकारी तोकिएको अवधि भित्र प्रस्तावकलाई दिनु पर्नेछ ।

(४) यस दफा बमोजिमको प्रस्ताव छनोट सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१३. आव्हान नगरिएको प्रस्तावः**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रस्तावक स्वयमले सार्वजनिक निजी साझेदारीको माध्यमबाट परियोजना कार्यान्वयन गर्नको लागि नगरपालिका समक्ष तोकिए बमोजिमको आधार, दस्तुर र ढाँचामा प्रस्ताव पेस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव पेस गर्दा देहायका विषयहरू उल्लेख गर्नुपर्नेछः

(क) परियोजनाको विवरण,

(ख) प्रस्तावकको प्राविधिक तथा वित्तीय क्षमता सहितको विवरण (प्रोफाइल),

(ग) परियोजनाको प्रारम्भिक संभाव्यता अध्ययन प्रतिवेदन भए त्यस्तो प्रतिवेदन,

(घ) प्रस्तावित व्यवसायिक योजना

(ङ) परियोजनामा प्रयोग हुने प्रविधि,

(च) परियोजनाबाट प्राप्त हुने संभावित लाभको विवरण ।

(३) उपदफा (१) बमोजिम प्राप्त प्रस्ताव दफा १२ को उपदफा (१) बमोजिमको मूल्याङ्कन समितिको सिफारिसको आधारमा सो परियोजनाको अध्ययन तथा सर्भेक्षण अनुमति वा परियोजना विकास वा सञ्चालनकोलागि तोकिएको प्रक्रिया पूरा गरी तोकिए बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्न सकिनेछ ।

(४) उपदफा (१) बमोजिम प्राप्त भएको परियोजना प्रस्तावलाई मूल्याङ्कन गर्दा सार्वजनिक निजी साझेदारीमा निर्माण हुने परियोजना प्रतिस्पर्धाको आधारमा अगाडि बढाउँदा लाभदायी हुने देखिएमा सोही प्रस्तावलाई 'स्वीस च्यालेन्ज' का आधारमा नगरपालिकाले तोकेको प्रक्रिया बमोजिम प्रतिस्पर्धा गराउन सक्नेछ ।

**स्पष्टीकरणः** स्विस च्यालेन्ज भन्नाले नगरपालिकाले कुनै सेवा क्षेत्र वा सडक, रेल जस्ता सार्वजनिक परियोजनाका लागि आह्वान नगरिएको प्रस्ताव प्राप्त गरेको अवस्थामा उक्त प्रस्ताव भन्दा राम्रो प्रस्ताव प्राप्त हुनसक्ने अभिप्रायले उपयुक्त प्रस्ताव चयन गर्न प्राप्त प्रस्तावलाई कुनै पनि विधि वा प्रक्रियाबाट तेस्रो पक्षलाई समेत आह्वान गरी वा सार्वजनिक गरी मूल्याङ्कन गरिने विधि सम्झनु पर्दछ ।

(५) उपदफा (१) बमोजिमको प्रस्ताव उपर वार्ता गर्दा प्रस्तावक बाहेक अन्य कुनै प्रस्तावकको प्रस्ताव स्वीकृत भएमा स्वीकृत भएको प्रस्तावकर्ताबाट उपदफा (१) बमोजिमको प्रस्तावकलाई तोकिए बमोजिमको परियोजना विकासको क्रममा भएको प्रारम्भिक खर्च र अध्ययन तथा विकासको क्रममा सम्बन्धित निकायको कुनै खर्च भएको अवस्थामा सो समेत सोधभर्ना तोकिए बमोजिम उपलब्ध गराउन सकिनेछ ।

**१४. वार्ताद्वारा परियोजना कार्यान्वयन गर्न सक्नेः**

(१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि कम्तिमा दुई पटक आशयपत्र वा प्रस्ताव आह्वान गर्दा पनि छनोट हुन नसकेको अवस्थामा त्यस्तो परियोजना नगरपालिकाले सोझै वार्ताद्वारा कार्यान्वयन गराउन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै कारणले कुनै परियोजना वार्ताद्वारा कार्यान्वयन गर्न मनासिब हुने देखिएमा त्यस्तो परियोजना नगरपालिकाले तोकिए बमोजिमको प्रक्रिया पूरा गरी वार्ताद्वारा कार्यान्वयन गराउन सक्नेछः

(क) परियोजनाको प्रकृति वा लागतको कारण आर्थिक तथा प्राविधिक रुपमा प्रतिस्पर्धा हुन सक्ने सम्भावना नभएको परियोजना,

(ख) नयाँ अवधारणा वा प्रविधि समावेश भएको परियोजना,

(ग) विशेष प्राथमिकताका आधारमा कार्यान्वयन गर्ने गरी छनोट गरिएको परियोजना,

(घ) ‘स्वीस च्यालेन्ज’ लाई आधार मानी प्रतिस्पर्धा गराउँदा समेत असफल भएको परियोजना ।

(३) उपदफा (१) बमोजिमको कुनै परियोजना वार्ताद्वारा कार्यान्वयन गर्न चाहने प्रस्तावकले तोकिएका विषयहरू खुलाई नगरपालिका समक्ष प्रस्ताव पेस गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको प्रस्तावलाई तोकिए बमोजिम विस्तृत मूल्याङ्कन गरी कार्यपालिकाले वार्ताद्वारा परियोजना कार्यान्वयन गर्न स्वीकृति दिन सक्नेछ ।

**१५. वार्ताद्वारा परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न सक्नेः**

(१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि विस्तृत सम्भाव्यता अध्ययन नभएको कुनै परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न चाहने व्यक्तिले सोको अनुमतिको लागि नगरपालिका समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर जाँचबुझ गर्दा विस्तृत सम्भाव्यता अध्ययन गर्ने अनुमति दिन मनासिब देखिएमा समितिले निवेदकसँग वार्ता गरी त्यस्तो परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न गराउन अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्दा/गराउँदा लागेको खर्च त्यस्तो विस्तृत सम्भाव्यता अध्ययन गर्ने/गराउने व्यक्ति स्वयम्ले व्यहोर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गरिएको कुनै परियोजनाको कार्यान्वयन गर्नको लागि प्रतिस्पर्धा गराइएको अवस्थामा उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्ने/गराउने व्यक्ति छनोट हुन नसकेमा निजले सो परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्दा/गराउँदा लागेको खर्च त्यस्तो परियोजनाको कार्यान्वयनको लागि छनोट भएको प्रस्ताव स्वीकृत हुने व्यक्तिले व्यहोर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम व्यहोरिने रकमको निर्धारण स्वतन्त्र मूल्याङ्कनकर्ताबाट गराइनेछ ।

(६) यस दफा बमोजिम परियोजनाका सम्बन्धमा तयार पारिएको अध्ययन प्रतिवेदनका आधारमा त्यस्तो परियोजना यस ऐन बमोजिम कार्यान्वयन गरिनेछ ।

**१६. अनुमतिपत्र दिनुपर्नेः**

(१) दफा १२, १३ र १४ बमोजिम प्रस्ताव छनोट वा स्वीकृति प्रदान गरेपछि समितिले प्रस्तावकलाई तोकिए बमोजिमको सर्तहरू तथा ढाँचामा समझदारी गरी परियोजनाको अध्ययन-अनुमति दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समझदारी गर्दा समय भित्र नै कार्य सम्पन्न गर्ने प्रयोजनका लागि तोकिए बमोजिमको परफर्मेन्स बण्ड लिनु पर्नेछ ।

(३) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम समितिबाट परियोजना स्वीकृत भई उपदफा (१) बमोजिम अनुमतिपत्र वा इजाजतपत्र प्राप्त गरेको अवस्थामा प्रचलित कानुनको रीत पुऱ्याई जारी भएको मानिनेछ ।

## परिच्छेद–३

## सार्वजनिक निजी साझेदारी व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

**१७. सार्वजनिक निजी साझेदारी व्यवस्थापन समितिको गठनः**

(१) सार्वजनिक निजी साझेदारी तथा निजी लगानीसँग सम्बन्धित समग्र व्यवस्थापन गर्न एक अधिकार सम्पन्न सार्वजनिक निजी साझेदारी व्यवस्थापन समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछः

(क) प्रमुख-अध्यक्ष

(ख) उपप्रमुख -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) आयोगको उपाध्यक्ष -सदस्य

(ङ) सम्बन्धित वडाका वडा अध्यक्ष-सदस्य

(च) अध्यक्षले तोकेको निजी क्षेत्रको विज्ञ एक जना-सदस्य

(छ) प्रमुखले तोकेको विशेषज्ञ/प्राविधिक (सार्वजनिक निजी साझेदारी बारे अनुभव/ज्ञान हासिल गरेको विज्ञ) एक जना-सदस्य

(ज) नगरपालिकाको परियोजनासँग सम्बन्धित शाखाको शाखा प्रमुख-सदस्य

(झ) नगरपालिकाको सार्वजनिक निजी साझेदारी एकाइ प्रमुख -सदस्य सचिव

(३) समितिले सम्बन्धित विषयमा अनुभव भएको तथा विशेषज्ञता हासिल गरेको कुनै व्यक्तिलाई समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

**१८. समितिको बैठक र निर्णयः**

(१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्ने छन् ।

(३) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षले निर्णायक मत दिनेछन् ।

(४) समितिको बैठक एक आर्थिक वर्षमा कम्तिमा ६ पटक बस्नेछ र दुई बैठकको बिचको अवधि २ महिना भन्दा बढी नहुने गरी बस्नु पर्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) समितिको निर्णय अध्यक्षले प्रमाणीकरण गर्ने छन् र उक्त निर्णय पुस्तिका सदस्य-सचिवको जिम्मामा रहनेछ ।

## १९. समितिको काम, कर्तव्य र अधिकारः

(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नगरपालिका क्षेत्र भित्रका सम्भाव्य परियोजनाहरूको विवरण सङ्कलन गरी त्यस्ता परियोजनाहरूको अध्ययन एवं परियोजनाको सूची तयार गर्ने/गराउने,

(ख) सार्वजनिक निजी साझेदारी वा निजी क्षेत्रबाट कार्यान्वयन हुने परियोजनाहरू मध्ये प्रतिस्पर्धात्मक वा विशेष प्राथमिकताका परियोजनाको छनोट गर्ने/गराउने

(ग) प्रतिस्पर्धात्मक रुपमा कार्यान्वयन गर्ने गरी छनोट गरिएका परियोजनाहरूको पारदर्शिता, स्वच्छता र प्रतिस्पर्धाको सुनिश्चितता हुने गरी प्राविधिक, वित्तीय क्षमता तथा समयमै परियोजना सम्पन्न गर्ने आधार मूल्याङ्कन गरी त्यस्ता परियोजनाहरूको पूर्व–योग्यताको सूची तयार, प्रस्ताव आह्वान, प्रस्तावको मूल्याङ्कन, परियोजना स्वीकृति, लगानी स्वीकृति तथा अध्ययन अनुमति, इजाजत वा अन्य यस्तै प्रकारका स्वीकृति प्रदान गर्ने तथा आवश्यकता अनुसार त्यस्ता परियोजनाका प्रस्तावकसँग वार्ता गरी सम्झौता गर्ने/गराउने,

(घ) विशेष प्राथमिकताका परियोजनाहरूको रुपमा कार्यान्वयन गर्ने गरी छनोट गरिएका परियोजनाहरूको वार्तामार्फत परियोजना विकास, निर्माण तथा सञ्चालन गर्ने गरी सम्झौता गर्ने/गराउने,

(ङ) आह्वान नगरिएका समितिमा सोझै प्राप्त हुन आएका प्रस्तावहरूको आवश्यकता अनुसार अध्ययन/छलफल गरी उपयुक्त प्रस्तावलाई सर्वेक्षण अनुमतिपत्र दिने र त्यस्ता प्रस्तावमा उल्लिखित परियोजनाको लागि प्रचलित कानुन बमोजिम आवश्यक पर्ने अनुमतिपत्र, इजाजतपत्र, लगानी स्वीकृति तथा सहमति प्रदान गर्ने वा प्रस्तावकसँग वार्ता गरी सम्झौता गर्ने/गराउने,

(च) स्वीकृत परियोजनाको अध्ययन गरी सम्झौता बमोजिम निर्माण, कार्यान्वयन वा सञ्चालन भए वा नभएको अनुगमन गर्ने/गराउने,

(छ) पूर्वाधार निर्माण तथा परियोजना विकास लगायत लगानीका क्षेत्रमा सम्मिश्रित वित्त सम्बन्धी कार्य गर्ने,

(ज) आर्थिक वा गैरआर्थिक सुविधा उपलब्ध गराउनुपर्ने भएमा आवश्यक निर्णय प्रक्रियाका लागि कार्यपालिकामा पेस गर्ने,

(झ) स्वीकृत परियोजनाको वातावरणीय अध्ययनका लागि वन तथा वातावरण सम्बन्धी अनुमति लिनुपर्ने भएमा तोकिए बमोजिमको प्रक्रिया अनुरुप अनुमति दिन सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ञ) परियोजना विकास, लगानी प्रवर्धन तथा परियोजना कार्यान्वयनका लागि नेपाल सरकार तथा प्रदेश सरकारका सम्बन्धित मन्त्रालय, अन्य स्थानीय सरकार एवम् सरकारी तथा निजी क्षेत्रबिच समन्वय गर्ने,

(ट) स्वीकृत परियोजनाहरूको कार्यान्वयनका लागि शीघ्र निर्णय र समस्याको छिटोछरितो सेवा प्रदान गर्ने,

(ठ) सम्झौता बमोजिम वित्तीय व्यवस्थापन भइसकेपछि त्यस्तो सम्झौता बमोजिम परियोजना कार्यान्वयनको अनुगमन गर्ने/गराउने,

(ड) लगानीकर्तालाई अनुमति वा इजाजत प्रदान गरेबापत वा परियोजना विकास गर्न पुऱ्याएको सेवा तथा सहजीकरणबापत तोकिएको शुल्क, दस्तुर सङ्कलन गर्न आवश्यक समन्वय गर्ने,

(ढ) सार्वजनिक निजी साझेदारी तथा निजी लगानी प्रवर्धन सम्बन्धी तोकिए बमोजिमका अन्य कार्य गर्ने/गराउने ।

२०. **निर्देशन दिन सक्नेः** समितिले परियोजनाको कार्यान्वयनको सम्बन्धमा सम्बन्धित लगानीकर्तालाई समयसमयमा आवश्यक निर्देशन दिन सक्नेछ ।

२१. **विशेषज्ञ कार्यदलः**

(१) परियोजना लगानीको कुनै खास प्राविधिक पक्षको अध्ययन तथा विश्लेषण गरी सुझाव दिन समितिले कार्यादेश सहित कार्यावधि तोकी सम्बन्धित क्षेत्रका विशेषज्ञ रहेको एक विशेषज्ञ कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका सदस्य तथा पदाधिकारीहरूको सुविधा समितिले तोके बमोजिम हुनेछ ।

## परिच्छेद–३
## सार्वजनिक निजी साझेदारी एकाइ सम्बन्धी व्यवस्था

२२. **सार्वजनिक निजी साझेदारी एकाइ गठन हुनेः**

(१) नगरपालिकामा सार्वजनिक निजी साझेदारी अवधारणा अन्तर्गत कार्यान्वयन हुने परियोजनाहरूको सम्भाव्यता अध्ययन तथा विकासकर्ता छनोट गर्न, परियोजनाहरूको

निर्माण, सञ्चालन तथा अन्य विषयहरूमा सहजीकरण गर्न प्रमुख मातहत रहने गरी प्रशासनिक एकाइको रुपमा एक सार्वजनिक निजी साझेदारी एकाइ रहनेछ ।

(२) यस ऐनमा लेखिएका कुराहरूको अतिरिक्त सार्वजनिक निजी साझेदारी एकाइको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः

(क) सार्वजनिक निजी साझेदारी सम्बन्धी नीतिगत विषयमा कार्यनीति, कार्यविधि तथा निर्देशिका मस्यौदा गरी समिति समक्ष पेस गर्ने,

(ख) सार्वजनिक निजी साझेदारीमा परियोजना कार्यान्वयन गर्ने लगानीकर्तालाई आवश्यक राय, सुझाव वा परामर्श दिने तथा मार्गदर्शन गर्ने

(ग) सार्वजनिक निजी साझेदारी सम्बन्धी आशयपत्र आह्वान, पूर्व-योग्यता तथा प्रस्ताव आह्वानपत्र तथा परियोजना सम्झौताको मस्यौदा तयार गर्ने, जारी गर्ने तथा लागु गर्ने,

(घ) सार्वजनिक निजी साझेदारीमा सञ्चालन हुने स्वीकृत परियोजनाको परियोजना बैंक तयार गरी अद्यावधिक गर्ने,

(ङ) सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन हुने परियोजनाको सम्भाव्यता अध्ययन, परियोजना तयारी विषयका विवरणको मूल्याङ्कन गरी राय प्रतिक्रिया दिने,

(च) सार्वजनिक निजी साझेदारीमा सञ्चालित परियोजनाहरूको कार्यान्वयनको अवस्थाको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक राय, प्रतिक्रिया तथा सुझाव दिने,

(छ) सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन हुने परियोजनाहरूको साझेदार छनोट गर्ने प्रक्रिया तयार गरी समितिमा पेस गर्ने

(ज) अन्तरर्राष्ट्रिय सार्वजनिक निजी साझेदारीका असल अभ्यास तथा अनुभवहरूका सम्बन्धमा नियमित अनुसन्धान गर्ने तथा नगरपालिका मा सार्वजनिक निजी साझेदारी ढाँचाको लागि उपयुक्त हुने विषयहरू अवलम्बन गर्ने,

(झ) सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन हुने आयोजनाको तयारी तथा कार्यान्वयनमा लगानीकर्तालाई आवश्यक सहयोग गर्ने,

(ञ) सार्वजनिक निजी साझेदारी लगानी सम्बन्धी विषयहरूमा क्षमता विकासको लागि आवश्यक तालिम, गोष्ठी, सम्मेलन आदिको आयोजना गर्ने,

(ट) सार्वजनिक निजी साझेदारी परियोजनासँग सम्बन्धित सूचना सङ्कलन गरी अभिलेखीकरण गर्ने,

(ठ) समिति प्रति जवाफदेही भई कार्य गर्ने,

(ड) समितिले दिएको निर्देशन पालना गर्ने,

(ढ) मूल्याङ्कन समिति तथा कार्यदलहरूसँग समन्वय गरी कार्य गर्ने, सहजीकरण गर्ने,

(ण) सार्वजनिक निजी साझेदारी सम्बन्धी नीति, नियम, नमूना कागजातहरू, परियोजनाको विवरण, सार्वजनिक निजी साझेदारी परियोजनाको वस्तुस्थिति तथा विवरण तथा सूचनाहरूको सम्प्रेषक भई कार्य गर्ने,

(त) समितिको सचिवालयको रुपमा कार्य गर्ने,

(थ) समितिले तोके बमोजिम अन्य कार्य गर्ने ।

(३) उपदफा (१) बमोजिमको एकाइमा आवश्यक कर्मचारी रहने छन् ।

## परिच्छेद–४
## निजी लगानी सम्बन्धी व्यवस्था

**२३. निजी लगानीः**

(१) पाँच करोड रुपैयाँ भन्दा बढी लागत अनुमान भएका परियोजनाहरूमा निजी क्षेत्रको लगानीबाट निर्माण, सञ्चालन र व्यवस्थापन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमका परियोजनाहरूको सर्वेक्षण, सहजीकरण, तथा लगानीको स्वीकृति समितिबाट हुनेछ ।

(३) उपदफा (१) बमोजिम निजी लगानी सम्बन्धी परियोजनाहरूको लागि तोकिए बमोजिमका आधारमा प्रस्तावको मूल्याङ्कन गरी अनुमति वा इजाजत प्रदान गरिनेछ ।

**२४. परियोजना पहिचानः**

(१) निजी लगानीमा कार्यान्वयन गर्न सकिने पाँच करोड रुपैयाँ भन्दा माथिका परियोजनाहरू आवश्यकता अनुसार बोर्ड, अन्य सम्वद्ध निकाय तथा निजीक्षेत्र समेतसँग समन्वय तथा सहकार्य गरी परियोजनाको सूची एकाइले तयार गरी समिति समक्ष पेस गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सूचीमा नपरेका परियोजनासँग सम्बन्धित प्रस्ताव स्वीकृतिका लागि समिति समक्ष पेस गर्न कुनै बाधा पुगेको मानिने छैन ।

**२५. परियोजना स्वीकृत हुनुपर्नेः** दफा २४ बमोजिम एकाइले पहिचान गरी सिफारिस गरेको परियोजना कार्यान्वयनका लागि समितिबाट स्वीकृत हुनु पर्नेछ ।

**२६. समझदारी गरी इजाजतपत्र प्रदान गर्नेः** दफा २५ बमोजिम प्रस्ताव स्वीकृत भएमा कार्यान्वयनका लागि तोकिए बमोजिमको सर्त र ढाँचामा समझदारी गरी परियोजनाको अध्ययन अनुमतिपत्र प्रदान गरिनेछ ।

## परिच्छेद–४

## सम्झौता सम्बन्धी व्यवस्था

**२७. परियोजनाको विवरण पेस गर्नुपर्नेः**

(१) दफा ३ बमोजिम सार्वजनिक निजी साझेदारीमा र दफा २३ बमोजिम निजी लगानीमा परियोजना कार्यान्वयन गर्न समझदारी गरेकोमा त्यस्तो समझदारीपत्रमा उल्लिखित समयावधि भित्र प्रस्तावकले परियोजना कार्यान्वयन गर्न तोकिए बमोजिमका विवरणहरू समिति समक्ष पेस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधि भित्र प्रस्तावकले त्यस्तो विवरण पेस गर्न नसकेमा त्यसको आधार र कारण खुलाई थप अवधि माग गरी समिति समक्ष निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन उपर जाँचबुँझ गर्दा प्रस्तुत आधार र कारण मनासिब देखिएमा समितिले त्यस्तो विवरण पेस गर्न एकपटकको लागि थप समय दिन सक्नेछ ।

**२८. सम्झौता गर्नुपर्नेः**

(१) दफा १६ र दफा २५ बमोजिम भएको समझदारीपत्र तथा दफा २६ बमोजिम प्राप्त विवरणको आधारमा प्रस्तावक सँग सम्झौताका सर्त लगायतका विषयमा वार्ता गर्न समितिले एक वार्ता समिति गठन गर्ने छ ।

(२) उपदफा (१) बमोजिम गठित वार्ता समितिले प्रस्तावकसँग आवश्यकता अनुसार वार्ता गरी सम्झौतामा देहायका कुराहरू खुलाई सम्झौताको अन्तिम मस्यौदा तयार गर्नेछः

(क) परियोजनाको विवरण,
(ख) परियोजना सुरु र सम्पन्न गर्ने मिति,
(ग) परियोजनाको निर्माण वा सञ्चालन गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिले पाउने सुविधा तथा सहुलियत,
(घ) परियोजनामा गरिने लगानी र सोको ग्यारेन्टी सम्बन्धी व्यवस्था,
(ङ) अनुमतिपत्रको अवधि,
(च) परियोजना कार्यान्वयनको चरणबद्ध विवरण र कार्यान्वयन तालिका,
(छ) परियोजनाको प्राविधिक गुणस्तर तथा मापदण्ड,
(ज) परियोजना सञ्चालन सम्बन्धी विवरण,
(झ) परियोजनाको सञ्चालन वा हस्तान्तरणको सर्त,
(ञ) परियोजना सञ्चालन गर्दा उपभोक्तासँग लिन पाउने महसुल सम्बन्धी व्यवस्था,
(ट) परियोजनाको बीमा सम्बन्धी व्यवस्था,
(ठ) परियोजनामा जडित मेसिन तथा परियोजना हस्तान्तरणका बखत हुनुपर्ने अवस्था र गुणस्तर,

(ड) नगरपालिकालाई बुझाउनुपर्ने शुल्क तथा रोयल्टी र भुक्तानी विधि,

(ढ) परियोजना कार्यान्वयन गर्दा कुनै पक्षले सम्झौता बमोजिमको दायित्व पूरा नगरेको कारणबाट सम्झौता रद्द हुने अवस्था,

(ण) परियोजनामा नगरपालिकाको कुनै लगानी हुने भए त्यस्तो लगानी र सो बापत नगरपालिकाले प्राप्त गर्ने प्रतिफल,

(त) जग्गा प्राप्ति सम्बन्धी व्यवस्था,

(थ) थप परियोजना अध्ययन तथा सञ्चालन गर्न दिने भए सो सम्बन्धी व्यवस्था,

(द) सब-लिज गर्न सक्ने भए सो सम्बन्धी सर्त तथा अन्य व्यवस्था,

(ध) परियोजना हस्तान्तरण गर्ने भएमा त्यस्तो निकाय,

(न) अन्य आवश्यक विषयहरू ।

(३) उपदफा (२) बमोजिम सम्झौताको लागि सहमति भएको दस्तावेजलाई समितिले स्वीकृति गरी प्रस्तावक सँग सम्झौता गर्ने/गराउने छ ।

(४) उपदफा (१) बमोजिमको वार्ता समितिको कार्यविधि सो समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**२९. सम्झौता कार्यान्वयनः**

(१) दफा २८ बमोजिम सम्पन्न भएको सम्झौता कार्यान्वयनको लागि सम्बद्ध निकायबाट सम्झौताको सर्त बमोजिम प्राप्त गर्नुपर्ने इजाजत, स्वीकृति लगायतका सम्पूर्ण दायित्व लगानी कर्ताले बहन गर्नु पर्नेछ ।

(२) उपदफा(१) बमोजिम सम्झौता कार्यान्वयन गर्दा सरोकारवाला सम्बद्ध निकायहरूसँग नगरपालिकाले आवश्यकता अनुसार समन्वय तथा सहजीकरण गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिम सम्झौता कार्यान्वयन गर्ने सिलसिलामा प्रस्तावकले सम्झौताका सर्तहरूको अधीनमा रही कार्ययोजना निर्माण गरी परियोजना कार्यान्वयन गर्नु पर्नेछ ।

**३०. सम्झौता रद्द गर्न सक्नेः**

(१) दफा २८ बमोजिम गरिएको सम्झौतामा उल्लेखित सर्तहरूको पालना नगरेको अवस्थामा वा तोकिएको समयमा कार्यसम्पादन नगरेमा लगानीकर्तालाई यस ऐन बमोजिम प्रदान गरिएको अनुमतिपत्र/इजाजतपत्र सहित समितिले सम्झौता रद्द गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र/इजाजतपत्र खारेज भएमा प्रस्तावकले सम्झौतामा उल्लेख भएको अवस्थामा बाहेक नगरपालिकासँग कुनै किसिमको हानि नोक्सानी बापतको क्षतिपूर्ति दाबी गर्न पाउने छैन ।

(३) उपदफा (१) बमोजिम लगानीकर्तासँग भएको सम्झौता खारेज गर्दा सो सम्झौतामा उल्लेख गरिएको प्रक्रिया पूरा गर्नु पर्नेछ ।

**परिच्छेद-५**

## सुविधा तथा प्रोत्साहन सम्बन्धी व्यवस्था

**३१. कानुन बमोजिमको सुविधा पाउनेः** यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त गरी भएको लगानीले यस ऐन बमोजिमको सुविधाको अतिरिक्त प्रचलित सङ्घीय कानुन, प्रदेश कानुन र नगरपालिकाको अन्य स्थानीय कानुन बमोजिम उद्योग वा कम्पनीले पाउने सम्पूर्ण संरक्षण, सुविधा, सहुलियत तथा छुट समेत प्राप्त गर्नेछ ।

**३२. नगरपालिकाले थप सुविधा उपलब्ध गराउन सक्नेः**

(१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुन बमोजिम प्राप्त हुने सुविधाका अतिरिक्त नगरपालिकाले थप आर्थिक सुविधा दिन नेपाल सरकार, प्रदेश सरकार तथा अन्य स्थानीय सरकार समक्ष सिफारिस गर्न सक्नेछ ।

(२) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम उपलब्ध भएको सुविधा तोकिएको अवधिसम्मको लागि उपयोग गर्न बाधा पर्ने छैन ।

(३) यस दफा बमोजिम अनुमतिप्राप्त व्यक्तिले यस ऐन बमोजिम प्राप्त सुविधाको दुरूपयोग गरेमा त्यस्तो सुविधा समितिले रद्द गरी त्यस्तो सुविधा बराबरको रकम र सोमा शतप्रतिशत जरिवाना असुल उपर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सुविधा रद्द गर्नु अघि सम्बन्धित अनुमतिपत्रवालालाई सफाई पेस गर्ने मनासिब मौका दिनु पर्नेछ ।

**३३. सम्भाव्यता न्यून–परिपूरक कोष (भायविलिटी ग्याप फण्डिङ्ग) को व्यवस्थाः**

(१) नगरपालिकाले दीर्घकालीन रुपमा सकारात्मक प्रतिफल दिने तथा पूर्वाधार संरचनाको दृष्टिकोणले महत्वपूर्ण देखिएको तर वित्तीय रुपमा तत्काल मनासिब प्रतिफल दिन नसक्ने परियोजनाको निर्माण, सञ्चालन तथा बिस्तारको लागि एक सम्भाव्यता न्यून-परिपूरक (भायविलिटी ग्याप) कोष स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषबाट तोकिए बमोजिमको मापदण्डको आधारमा तोकिए बमोजिमको परियोजनाको लागि समितिको सिफारिस र बोर्डको सहमतिमा आवश्यक रकम पूँजीगत तथा सञ्चालन अनुदान वा ऋण उपलब्ध गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको कोषमा नगर सभाले आवश्यक रकम विनियोजन गर्न सक्नेछ ।

(४) नगरपालिकाको कार्यक्षेत्र भित्रको कुनै परियोजनामा सङ्घीय ऐन बमोजिम स्थापना भएको सम्भाव्यता न्यून-परिपूरक कोष (भायविलिटी ग्याप फण्डिङ्ग) बाट रकम प्रयोग गर्न आवश्यक भएमा समितिले निर्णय गरी बोर्ड समक्ष अनुरोध गर्नु पर्नेछ । बोर्डको सिफारिसमा नेपाल सरकार अर्थ मन्त्रालयबाट स्वीकृति भए बमोजिम कोषको रकम प्रयोग हुनेछ ।

(५) उपदफा (१) बमोजिमको कोष सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३४. थप प्रोत्साहन सुविधा उपलब्ध गराउन सक्नेः** कुनै लगानीकर्ताले परियोजना विकास तथा सञ्चालन गर्दा सम्झौतामा उल्लेख भएको समय सीमा अगावै निर्माण कार्य सम्पन्न गरेमा वा परियोजनाको गुणस्तर उच्च भएमा वा अत्याधुनिक प्रविधिको प्रयोग गरी नगरपालिकालाई थप लाभ हुने देखिएमा त्यस्तो लगानीकर्तालाई नगरपालिकाले तोकिए बमोजिम थप आर्थिक तथा गैर आर्थिक प्रोत्साहन प्रदान गर्न सक्नेछ ।

## परिच्छेद–६
## विविध

**३५. मूल्याङ्कन समिति गठन गर्नुपर्नेः**

(१) सार्वजनिक निजी साझेदारी तथा निजी लगानी सम्बन्धी परियोजनाहरूमा पेस हुन आएका प्रस्तावहरूको मूल्याङ्कन गरी सिफारिस गर्न समितिले मूल्याङ्कन समिति गठन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने मूल्याङ्कन समितिमा नगरपालिकाको वित्त, सहरी पूर्वाधार र कानुन क्षेत्र हेर्ने अधिकृतस्तरका कर्मचारी, सार्वजनिक निजी साझेदारी विज्ञ वा परियोजना विज्ञसमेत गरी पाँच जना रहने छन् ।

(३) उपदफा (२) बमोजिमको मूल्याङ्कन समितिको सदस्य-सचिव एकाइको प्रमुख हुनेछ ।

(४) आयोगले तोकेको अधिकृतस्तरको प्रतिनिधि र नगरपालिकाको सार्वजनिक खरिद विभाग वा यस सम्वद्ध प्रशासनिक एकाइका प्रमुख उपदफा (१) बमोजिमको मूल्याङ्कन समितिमा स्थायी आमन्त्रित सदस्य हुनेछ ।

(५) उपदफा (१) बमोजिमको मूल्याङ्कन समितिमा परियोजनासँग सम्बन्धित विषय विज्ञसमेतलाई बैठकमा आमन्त्रण गरी राय परामर्श सुझाव प्राप्त गर्न सकिनेछ ।

(६) मूल्याङ्कन सम्बन्धी अन्य कुरा प्रचलित कानुन र मूल्याङ्कनका लागि तोकिएको आधार बमोजिम हुनेछ ।

**३६. सेवा सुविधाका सर्त तोक्न सक्नेः**

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले उपभोक्तालाई सेवा सुविधा उपलब्ध गराउँदा यस ऐन, समितिले गरेका निर्णय, सङ्घीय कानुन, प्रदेश कानुन तथा सम्झौताको अधीनमा रही आवश्यक सर्त तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएका सर्त विपरीत उपभोक्ताले सेवा सुविधा उपभोग गर्न पाउने छैन ।

**३७. रोयल्टी बुझाउनु पर्नेः** अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौता बमोजिमको रोयल्टी सम्झौतामा उल्लिखित सर्त अनुसार नगरपालिकालाई बुझाउनु पर्नेछ ।

**३८. परियोजना हस्तान्तरण गर्नु पर्नेः**

(१) सार्वजनिक निजी साझेदारीबाट कार्यान्वयन भएका परियोजना सम्झौतामाउल्लेख भए बमोजिम नगरपालिकालाई हस्तान्तरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परियोजना हस्तान्तरण हुँदा त्यस्तो परियोजनामा जडित मेसिन, उपकरण, संरचना तथा अन्य यस्तै प्रकारका वस्तुतथा प्रणालीहरू सम्झौतामा लेखिए बमोजिमको क्षमता, अवस्था र चालु हालतमा हुनु पर्नेछ ।

(३) परियोजना हस्तान्तरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३९. **नगरपालिकाको स्वामित्व हुनेः** यस ऐन बमोजिम हस्तान्तरण भएको परियोजना र त्यस्तो परियोजनामा जडित मेसिन, उपकरण, सफ्टवेयर र अन्य संरचना तथा परियोजनासँग सम्बन्धित भवन, घर जग्गा तथा अन्य यस्तै प्रकारका वस्तु तथा प्रणालीहरूको स्वामित्व नगरपालिकाको हुनेछ ।

४०. **कारबाही गर्न सक्नेः** कुनै लगानीकर्ताले यस ऐनको व्यवस्थाको पालना नगरेमा समितिले तोकिएको प्रक्रिया पूरा गरी देहायको कुनै वा सबै कारबाही गर्न सक्नेछः

(क) निर्माण रोक्का गर्ने,

(ख) अनुमतिपत्र/इजाजत पत्र रद्द गर्ने,

(ग) अन्य यस्तै प्रकारका जुनसुकै कारबाही ।

४१. **नगरपालिकाले कार्यान्वयन गर्न सक्नेः** प्रचलित सङ्घीय कानुन बमोजिम बोर्डबाट कार्यान्वयन गरिने कुनै परियोजना नगरपालिकाबाट कार्यान्वयन गर्न उपयुक्त देखि बोर्डको स्वीकृति प्राप्त भएमा त्यस्तो परियोजना नगरपालिकाले कार्यान्वयन गर्न सक्नेछ ।

४२. **स्वीकृतिका लागि बोर्डमा पठाउनुपर्नेः** छ अर्ब रुपैयाँ वा सो भन्दा बढी लागत अनुमान भएका परियोजनाको लगानी स्वीकृतिका लागि बोर्डमा पठाउनु पर्नेछ ।

४३. **समझदारी वा सम्झौताबाट कार्यान्वयन गर्न सकिनेः** समितिले पहिचान गरी सूची स्वीकृत गरेको कुनै परियोजनामा आवश्यकता अनुसार बोर्डसँग आपसी समझदारी वा सम्झौता गरी कार्यान्वयन गर्न सकिनेछ ।

४४. **विदेशी लगानी सम्बन्धमाः** नगरपालिकाको कार्यक्षेत्रमा परेका परियोजनामा हुने विदेशी लगानी सम्बन्धी व्यवस्था सङ्घीय कानुन बमोजिम हुनेछ ।

४५. **सम्बन्धित निकायसँग समन्वय गर्नुपर्नेः** नगरपालिकाको कार्यक्षेत्र भित्रपर्ने सार्वजनिक निजी साझेदारी लगानी वा निजी लगानीबाट हुने परियोजनाको कार्यान्वयनका लागि समितिले आवश्यकता अनुसार नेपाल सरकार, प्रदेश सरकार तथा अन्य स्थानीय सरकार अन्तर्गतका सम्बन्धित निकायहरूसँग समन्वय गर्नेछ ।

४६. **अन्तर-सरकारी साझेदारी कार्यक्रमः** सार्वजनिक निजी साझेदारी तथा निजी लगानीबाट कार्यान्वयन हुने परियोजनाहरूमा नेपाल सरकार, प्रदेश सरकार तथा अन्य स्थानीय सरकारसँग उपादेयताको आधारमा साझेदारी गरी कार्यक्रम गर्न सकिनेछ ।

४७. **राय परामर्श लिन सकिनेः** नगरपालिकाको कार्यक्षेत्र भित्र पर्ने सार्वजनिक निजी साझेदारी वा निजी लगानीबाट हुने परियोजनाको कार्यान्वयनका लागि समितिले आवश्यकता अनुसार बोर्ड, विषयविज्ञ, सल्लाहकारहरूसँग समेत परामर्श लिन सक्नेछ ।

४८. **वार्षिक प्रतिवेदनः**

(१) समितिको काम कारबाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र तयार गरी समितिमार्फत कार्यपालिकामा पेस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन नगर सभाबाट पारित गरी सार्वजनिक गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराहरूको अतिरिक्त समितिले सो आर्थिक वर्षमा कार्यान्वयन गरेका परियोजना, परियोजना सञ्चालन गर्दा भएको खर्च र त्यसको उपलब्धि, स्वीकृत भएको लगानी रकम, परियोजना सङ्ख्या र सिकाई तथा भविष्यमा गर्नुपर्ने सुधारका विषयहरू समेत समावेश गर्नु पर्नेछ ।

४९. **अधिकार प्रत्यायोजनः** समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त केही अधिकार कुनै जनप्रतिनिधि वा अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

५०. **क्षतिपूर्ति दिनुपर्नेः**

(१) परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा कुनै पक्षले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा सम्झौता विपरीत कुनै काम गरेबाट अर्को पक्षलाई हानि नोक्सानी पर्न गएमा त्यसरी पर्न गएको हानि नोक्सानीबापतको मनासिब रकम हानि नोक्सानी गर्ने पक्षले नोक्सानी पर्ने पक्षलाई क्षतिपूर्ति बापत बुझाउनुपर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि क्षतिको मूल्याङ्कन स्वतन्त्र मूल्याङ्कनकर्ताबाट गरिनेछ ।

(३) क्षतिको मूल्याङ्कन तथा क्षतिपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५१. **अनुदान तथा ऋण सहायता स्वीकार गर्नेः**

(१) समितिले निर्धारण गरेका परियोजना विकास तथा कार्यान्वयनका लागि अर्थ मन्त्रालयको सहमति तथा समन्वयमा अनुदान तथा तोकिए बमोजिम ऋण सहायता स्वीकार गर्न सक्नेछ ।

५२. **स्थानीय स्रोत, साधन र जनशक्तिको उपयोग गर्नुपर्नेः** अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजना कार्यान्वयनको सिलसिलामा स्थानीय स्रोत, साधन, जनशक्ति र मुलुक भित्र उत्पादन हुने वस्तु तथा सेवा उपयोगलाई प्राथमिकता दिनु पर्नेछ ।

५३. **कानूनी विवाद समाधानः**

(१) विदेशी लगानीका सम्बन्धमा स्वदेशी र विदेशी लगानीकर्ता तथा नगरपालिका र विदेशी लगानीकर्ताबिच कुनै विवाद उत्पन्न भएमा त्यस्ता लगानीकर्ताले आपसी छलफल वा वार्ताबाट त्यस्तो विवादको समाधान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवाद उत्पन्न भएको पैँचालिस दिन भित्र त्यस्तो विवादको समाधान हुन नसकेमा त्यस्तो विवाद बोर्डको रोहबरमासम्बन्धित पक्षहरूले आपसी वार्ताद्वारा समाधान गर्नु पर्नेछ ।

(३) विवाद उत्पन्न भएको पैचालिस दिन भित्र उपदफा (१) वा (२) बमोजिमको प्रक्रियाबाट विवादको समाधान हुन नसकेमा र त्यस्तो विवादको समाधान गर्न विवादका पक्षहरूबिच संयुक्त लगानी वा विवाद समाधान सम्बन्धी सम्झौता भएकोमा त्यस्तो सम्झौता बमोजिम विवादको समाधान गरिनेछ ।

(४) उपदफा (३) बमोजिम विवाद समाधान भएको कुराको जानकारी पक्षहरूले त्यस्तो विवाद समाधान भएको पन्ध्र दिन भित्र बोर्डलाई दिनु पर्नेछ । तर के कुन सर्तहरूमा त्यस्तो सहमति भएको हो भन्ने कुराको जानकारी दिन पक्षहरू बाध्य हुने छैनन् ।

(५) विवाद समाधान सम्बन्धी अन्य व्यवस्था सङ्घीय कानुन बमोजिम हुनेछ ।

**५४. बाधा अड्काउ फुकाउनेः** यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ देखा परेमा कार्यपालिकाले आदेश जारी गरी त्यस्तो बाधा अड्चन फुकाउन सक्नेछ ।

**५५. यस ऐन बमोजिम हुनेः** यस ऐनमा लेखिएको कुरामा यस ऐन बमोजिम र अन्य कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

**५६. नियम कार्यविधि तथा निर्देशिका बनाउन सक्नेः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम, कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ ।

# सन्धिखर्क नगरपालिकामा साबिक स्थानीय निकायबाट समायोजन भएका स्थायी कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९

**प्रमाणीकरण मितिः २०७९/०३/०९**

**प्रस्तावना :**

साबिक स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली २०५६ बमोजिम स्थायी नियुक्ती भई साबिक स्थानीय निकाय (गाउँ विकास समिति, नगरपालिका तथा जिल्ला विकास समिति) मा कार्यरत रही कर्मचारी समायोजन अध्यादेश-२०७५, कर्मचारी समायोजन ऐन, २०७५ एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सन्धिखर्क नगरपालिकामा समायोजन भएका कर्मचारीहरुलाई प्रोत्साहन तथा वृत्ति विकासका अवसरहरु उपलब्ध गराउन आवश्यक भइ कर्मचारी समायोजन ऐन, २०७५ को दफा २३ बमोजिमको मापदण्ड बनाई कर्मचारीको मनोबल उच्च बनाउनका लागि कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम"सन्धिखर्क नगरपालिकामा साबिक स्थानीय निकायहरुबाट समायोजन भएका स्थायी कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,"२०७९" रहेको छ ।

(२) यो ऐन नगरसभाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(१) "संविधान" भन्नाले नेपालको संबिधान सम्झनु पर्दछ ।

(२) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(३) "कर्मचारी" भन्नाले यस ऐनको प्रयोजनका लागि साबिक स्थानीय निकायहरुबाट सन्धिखर्क नगरपालिकामा स्वतः समायोजन भएका स्थायी कर्मचारीहरु सम्झनु पर्दछ ।

(४) "स्थानीय तह" भन्नाले सन्धिखर्क नगरपालिकालाई सम्झनु पर्दछ ।

(५) "स्थानीय निकाय" भन्नाले स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा स्थानीय शासन नियमावली २०५६ बमोजिम गठन भएका साबिक गाउँ विकास समिति, नगरपालिका तथा जिल्ला विकास समितिलाई सम्झनु पर्दछ ।

(६) "न्यूनतम शैक्षिक योग्यता" भन्नाले तहवृद्धि हुने तह भन्दा एक तह मुनिको तहको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता सम्झनु पर्दछ ।

(७) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले सन्धिखर्क नगरपालिका नगरकार्यपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(८) “स्वतः समायोजन” भन्नाले साबिक स्थानीय निकायबाट सन्धिखर्क नगरपालिकामा समायोजन भएका स्थायी कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

(९) “प्रोत्साहन सुविधा” भन्नाले साबिक स्थानीय निकायहरुबाट स्थानीय तह सन्धिखर्क नगरपालिकामा स्वतः समायोजन भएका स्थायी कर्मचारीहरुलाई यसै ऐनको दफा ४ बमोजिम उपलब्ध हुने तहवृद्धि वा स्तरवृद्धि वा ग्रेड थप समेतलाई सम्झनु पर्दछ ।

**३. सङ्गठन तथा कर्मचारी दरबन्दी :**

(१) स्थानीय तहमा सेवा प्रवाहका लागि आवश्यक पर्ने सङ्गठन संरचना तथा कर्मचारी दरबन्दी नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्वीकृत गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिमको प्रोत्साहन सम्बन्धी व्यवस्था बमोजिम स्तरवृद्धि वा तहवृद्धि भएकाहरुको हकमा स्वतः दरबन्दी सृजना हुनेछ ।

**४. प्रोत्साहन सुविधा उपलब्ध गराउने :**

(१) यस दफाको उपदफा (४) मा तोकिएको मापदण्ड पुरा गरेका कर्मचारीलाई एक पटकका लागि तहवृद्धि वा स्तरवृद्धि वा ग्रेड थप मध्ये कुनै एक प्रोत्साहन सुविधा उपलब्ध गराइनेछ ।

(क) उपदफा (१) बमोजिमको प्रोत्साहन सुविधा उपलब्ध गराउँदा सुरु नियुक्ति पदको, शैक्षिक योग्यता, सेवा अवधि र कार्यसम्पादन मूल्याङ्कन समेतलाई आधार बनाईनेछ ।

(ख) उपदफा (१) बमोजिम स्तरवृद्धि वा तहवृद्धि वा ग्रेडथप गर्दा पछिल्लो ३ वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत न्यूनतम ९० प्रतिशत अङ्क प्राप्त गरेको हुनु पर्नेछ ।

(ग) हालको तहमा ५ वर्ष भन्दा बढी सेवा अवधि पुरा भएको र आवश्यक न्यूनतम शैक्षिक योग्यता भएको ।

| **हालको तह** | **मापदण्ड** | **कायम हुने तह/स्तर** | **अन्य प्रोत्साहन** |
|---|---|---|---|
| का.स, सवारी चालक (हलुका र हेभी) माली, स्वीपर, सरसफाइकर्मी, फायरमेन | ५ वर्ष सेवा अवधी नपुगेको । | सोही स्तरमा | २ ग्रेड थप |
| | ५ वर्ष भन्दा बढी सेवा अवधि भएको १० वर्ष नपुगेको | सोही स्तरमा | २ ग्रेड थप |
| | १० वर्ष भन्दा बढी सेवा अवधी पुगेको | सोही स्तरमा | २ ग्रेड थप |
| सहायकस्तर चौथो | ५ वर्ष सेवा अवधी नपुगेको । | सोही तहमा | २ ग्रेड थप |
| | चौथो तहमा ५ वर्ष सेवा अवधि भएको तर न्यूनतम शैक्षिक योग्यता नभएको | सोही तहमा | २ ग्रेड थप |
| | चौथो तहमा ५ वर्ष सेवा अवधि पुगेको र न्यूनतम शैक्षिक योग्यता भएको | सहायकस्तर पाँचौं तह | - |
| सहायकस्तर पाचौं | ५ बर्ष सेवा अवधि नपुगेको । | सोही तहमा | २ ग्रेड थप |
| | पाँचौ तहमा ५ वर्ष सेवा अवधि पुगेको तर न्यूनतम शैक्षिक योग्यता नभएको | सोही तहमा | २ ग्रेड थप |
| | पाँचौ तहमा ५ वर्ष भन्दा बढी सेवा अवधि भएको र न्यूनतम शैक्षिक योग्यता भएको | अधिकृतस्तर छैठौं तह | |
| अधिकृतस्तर छैठौं | अधिकृतस्तर छैठौं तहमा ५ बर्ष सेवा अवधि नपुगेको । | सोही तहमा | २ ग्रेड थप |
| | अधिकृत स्तरमा ५ वर्ष भन्दा बढी सेवा अवधि भएको | अधिकृतस्तर सातौं | |

(२) सेवा अवधि गणना गर्दा सम्बन्धित पदमा सुरु नियुक्ति भएको वा बढुवा नियुक्ति भएको मितिबाट ५ वर्ष पुगेको अवधिलाई गणना गरिनेछ ।

(३) यस ऐनमा उल्लेखित मापदण्ड पुगेका स्तरवृद्धि वा तहवृद्धि हुने कर्मचारी र ग्रेड थप लिन चाहने कर्मचारीलाई उक्त सुविधा लिन यो ऐन जारी भएको मितिले ७ दिनभित्र नगरपालिकाले ७ दिनको म्याद दिई दरखास्त दिन सूचना प्रकाशन गर्नेछ ।

(४) यस ऐन बमोजिम कर्मचारीको स्तरवृद्धि वा तहवृद्धि वा ग्रेड थपको लागि सिफारिस गर्न देहाय बमोजिमको एक समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी -संयोजक

(ख) आर्थिक प्रशासन शाखाको प्रमुख -सदस्य

(ग) प्रशासन शाखा प्रमुख -सदस्य सचिव

(५) उपदफा ७ बमोजिम प्राप्त दरखास्त उपर यस ऐनमा तोकिएको मापदण्ड पुरा भएको देखिएमा दफा ८ बमोजिमको समितिको सिफारिसमा दरखास्त दिने म्याद सकिएको १५ दिनभित्र नगरपालिकाले प्रोत्साहन सुविधा सम्बन्धी पत्र (स्तरवृद्धि वा तहवृद्धि वा ग्रेड थप) सम्बन्धित कर्मचारीलाई उपलब्ध गराउनेछ ।

(६) यस ऐन बमोजिम उपलब्ध गराईएको थप ग्रेड प्रचलित कानुन बमोजिम त्यस्तो कर्मचारीले पाउने अधिकतम ग्रेड भन्दा बढी भए पनि उपलब्ध गराइनेछ ।

**५. प्रोत्साहन सुविधा सम्बन्धी पत्र उपलब्ध गराउने :**

(क) यो ऐन बमोजिमको प्रोत्साहन सुविधा (स्तरवृद्धि वा तहवृद्धि वा ग्रेड थप) सम्बन्धी पत्र प्रमुख प्रशासकीय अधिकृतले उपलब्ध गराउनेछ ।

(ख) दफा ४ (क) बमोजिम तहवृद्धि वा स्तरवृद्धि वा ग्रेड थपको जानकारी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लुम्बिनी प्रदेश र प्रदेश लोक सेवा आयोग लुम्बिनीलाई दिनु पर्नेछ ।

६. **यसै ऐन बमोजिम हुने** : यस ऐनमा लेखिएको कुराको हकमा यसै बमोजिम र सो बाहेक अन्यको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

७. **जेष्ठता गणनाः** कर्मचारी समायोजन ऐन, २०७५ को दफा ६ को उपदफा ४ मा भएको व्यवस्था बमोजिम सम्बन्धित पदमा समायोजन भएको पत्रको मिति देखि जेष्ठता कायम गरिनेछ ।

**८. कर्मचारीहरुको पदनामः**

(क) साबिकको स्थानीय निकायको रुपमा नगरपालिकामा स्थायी रुपमा सेवा प्रवेश गरेका वा अन्य स्थानीय निकायमा नियुक्त भई नगरपालिकामा सरुवा वा पदस्थापना भएका वा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका कर्मचारीहरुलाई देहायका पदनाम कायम गरिनेछः

| क्र.सं. | साबिकको तह | समायोजन पश्चात कायम हुने तह | पदनाम | कैफियत |
|---|---|---|---|---|
| १. | सहायकस्तर चौथो | सहायकस्तर पाँचौं | बरिष्ठ सहायक | |

| | | | | |
|---|---|---|---|---|
| २. | सहायकस्तर पाँचौ | अधिकृतस्तर छैठौं | अधिकृत | |
| ३. | अधिकृतस्तर छैठौ | अधिकृतस्तर सातौं | शाखा अधिकृत | |

(ख) उपदफा १ बमोजिम तह तथा पदनाम अनुसार सम्बन्धित सेवा वा समूह जनाई पदनाम कायम गरिनेछ ।

९. **विविधः** स्थानीय तहमा समायोजन भएका साबिक स्थानीय निकायका कर्मचारीको सम्बन्धमा नेपाल सरकार र लुम्बिनी प्रदेश सरकारले छुट्टै कानुनी व्यवस्था गरेमा सोही बमोजिम हुनेछ ।

१०. **खारेजी र बचाउः**

(क) यो ऐन बमोजिम सुविधा पाउने कर्मचारीहरुले एकपटक यो सुविधा प्राप्त गरेपछि यो ऐन स्वतः खारेज हुनेछ ।

(ख) यो ऐन र यस ऐनसँग सम्बन्धित प्रावधानहरू सङ्घीय कानुन तथा प्रदेश कानुन र अन्य प्रचलित नेपाल कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

# जलस्रोत उपयोग सम्बन्धी, ऐन २०७९

**<u>प्रमाणीकरण मिति</u>** २०७९/१०/२०

**प्रस्तावनाः**

स्थानीय स्तरमा रहेको जलसम्पदाको पहिचान, विकास, उपयोग तथा सम्भार गर्न र जलसम्पदाबाट प्राप्त लाभलाई समन्यायिक रुपमा वितरण गर्दै यसको दुरुपयोगको स्थितिलाई नियन्त्रण गरी समग्र जलसम्पदाको समुचित व्यवस्थापन मार्फत यस सन्धिखर्क नगरपालिकालाई जलसम्पदामा आत्मनिर्भर बनाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम"**सन्धिखर्क नगरपालिकाको जलस्रोत उपयोग सम्बन्धी ऐन, २०७९**" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "जलस्रोत" भन्नाले सन्धिखर्क नगरपालिका सरहद भित्रको भु-सतहमा वा भुमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनु पर्छ ।

(ख) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले जलस्रोतको उपयोग गर्न सन्धिखर्क नगरपालिकाबाट दफा ८ बमोजिम अनुमति पत्र प्राप्त व्यक्ति वा संगठित संस्थालाई सम्झनु पर्छ ।

(ग) "उपभोक्ता संस्था" भन्नाले दफा ४ बमोजिम गठित जल उपभोक्ता संस्था सम्झनु पर्छ ।

(घ) "सेवा शुल्क" भन्नाले अनुमति पत्र प्राप्त व्यक्ति वा संगठित संस्थाले उपलब्ध गराएको जलस्रोत सम्बन्धी सेवा उपयोग गरे बापत उपभोक्ताले बुझाउनु पर्ने शुल्क सम्झनु पर्छ ।

(ङ) "तोकिएको" वा"तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२
## जलस्रोतको उपयोग सम्बन्धी व्यवस्था

३. **जलस्रोतको उपयोगः**

(१) यस ऐन बमोजिम अनुमति पत्र प्राप्त नगरी कसैले पनि जलस्रोतको उपयोग गर्न पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिम जलस्रोतको उपयोग गर्न अनुमति पत्र लिनु पर्ने छैन ।

(क) आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगको लागि उपयोग गर्न,

(ख) आफ्नो जग्गामा सिंचाई गर्न,

(ग) जग्गाधनिले आफ्नो जग्गाभित्र मात्र सिमित रहेको जलस्रोत तोकिए बमोजिम उपयोग गर्न ।

**४. जल उपभोक्ता संस्थाको गठनः**

(१) सामुहिक लाभको लागि संस्थागत रुपमा जलस्रोतको उपयोग गर्न चाहने व्यक्तिहरूले तोकिए बमोजिम जल उपभोक्ता संस्था गठन गर्न सक्ने छन् ।

(२) उपदफा (१) बमोजिम गठन गरिएको जल उपभोक्ता संस्थालाई सन्धिखर्क नगरपालिकामा तोकिए बमोजिम दर्ता गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता भएको जल उपभोक्ता संस्था अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । यसको आफ्नो छुट्टै छाप हुनेछ ।

**५. जलस्रोत उपयोगको प्राथमिकता क्रमः**

(१) सन्धिखर्क नगरपालिका भित्रको जलस्रोत उपयोग गर्दा साधारणतया देहायको प्राथमिकता क्रम अनुसार गर्नु पर्नेछ ।

(क) खानेपानी र घरेलु उपयोग,

(ख) सिंचाई,

(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग,

(घ) जलविद्युत,

(ङ) घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपभोग,

(च) जल यातायात,

(छ) आमोद प्रमोद जन्य उपयोग,

(ज) अन्य उपयोग ।

(२) जलस्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा दफा १३ बमोजिम गठित समितिले उपदफा (१) मा उल्लेखित प्राथमिकताक्रम बमोजिम उचित रुपमा उपयोग भए नभएको र अन्य आवश्यक जाँचवुझ समेत गरी सोको आधारमा सम्बन्धित जलस्रोतको उपयोग गर्न पाउने नपाउने वा कुन किसिमबाट उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ । यसरी निर्धारण गरेको कुरा सम्बन्धित सबैलाई मान्य हुनेछ ।

**६. नगरपालिकाले जलस्रोतको उपयोग वा विकास गर्न सक्नेः**

(१) सन्धिखर्क नगरपालिका आफैले कुनै जलस्रोतको उपयोग वा विकास गर्नमा यस ऐनको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

(२) कसैले यस ऐन बमोजिम उपयोग गरेको जलस्रोत र सो सँग सम्बन्धित जग्गा, भवन, उपकरण तथा संरचना व्यापक सार्वजानिक उपयोगका लागि सन्धिखर्क नगरपालिकाले आफूले लिई विकास गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम आफूले लिएको जलस्रोतको उपयोगिता सम्बन्धित जग्गा, भवन, उपकरण, वा संरचना बापत नगरपालिकाले सम्बन्धित व्यक्तिलाई तोकिए बमोजिम क्षतिपुर्ती दिनेछ ।

(४) सन्धिखर्क नगरपालिकाले आफ्नो क्षेत्र भित्र अन्य व्यक्ति, निकाय वा संगठित संस्थाले उपयोग गरिरहेको जलस्रोतलाई निजहरूसँगको समन्वयमा पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्न आवस्यक कार्ययोजना वनाई लागु गर्न सक्नेछ ।

७. **जलस्रोत विकासको परियोजना हस्तान्तरण गर्न सक्नेः**

(१) सन्धिखर्क नगरपालिकाले दफा ९ को उपदफा (१) र (२) बमोजिम विकास गरेको कुनै जलस्रोत सम्बन्धी परियोजनाको निर्माण समाप्त भैसकेपछि उपभोक्ता संस्थालाई आवश्यक सर्तहरू तोकी हस्तान्तरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण गरिएको परियोजना उपरको स्वामित्व सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ र यस ऐनको अधिनमा रहि आफूले अनुमतिपत्र प्राप्त गरे सरह सो परियोजनाको सञ्चालन सम्बन्धित उपभोक्ता संस्थाले गर्नेछ ।

८. **जलस्रोतको उपयोगको लागि करार गर्न सक्नेः** यस ऐन जुनसुकै कुरा लेखिएको भए तापनि सन्धिखर्क नगरपालिकाले कुनै संगठित संस्था वा व्यक्तिसँग प्रचलित कानुनको अधिनमा रहि करार गरी सोही करारमा उल्लेखित सर्तहरू बमोजिम कुनै जलस्रोतको विकास, उपयोग र सेवा विस्तार गर्न, गराउन सक्नेछ ।

## परिच्छेद–३
## अनुमतिपत्र सम्बन्धी व्यवस्था

९. **अनुमति पत्रको व्यवस्थाः**

(१) जलस्रोतको सर्वेक्षण वा उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक, र वातावरणीय अध्ययन प्रतिवेदन तथा तोकिए बमोजिमका अन्य विवरणहरू खुलाई सन्धिखर्क नगरपालिकाको कार्यालय समक्ष अनुमतिपत्रको लागि दरखास्त दिनु पर्नेछ ।

जलस्रोतको सर्वेक्षणको अनुमतिपत्रको लागि दरखास्त दिदाँ त्यस्तो अध्ययन प्रतिवेदन पेस गर्न आवश्यक पर्ने छैन ।

(२) उपदफा (१) बमोजिम परेको दरखास्तमा नगरपालिकाले तोकिदिएको अधिकारीबाट आवश्यक जाँचवुझ गरी गराई दरखास्त परेको मितिले सामान्यतया जलस्रोत

सर्वेक्षणको अनुमतिपत्रको हकमा ३० दिन भित्र र जलस्रोत उपयोगको अनुमति पत्रको हकमा ६० दिनमा आवश्यक सर्तहरू तोकि दफा (५) को उपदफा (१) मा उल्लेखित प्राथमिकताक्रम अनुसार दरखास्तवालालाई अनुमतिपत्र दिनु पर्नेछ ।

(३) अनुमति पत्र प्राप्त व्यक्तिले जलस्रोत उपयोग गरे बापत सन्धिखर्क नगरपालिकालाई तोकिए बमोजिमको दस्तुर वा वार्षिक शुल्क बुझाउनु पर्नेछ ।

(४) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमति पत्र विक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा सन्धिखर्क नगरपालिकाबाट स्वीकृति लिनु पर्नेछ ।

१०. **जलविद्युतको लागि जलस्रोतको उपयोगः** दफा ६ मा जुनसुकै कुरा लेखिएको भए तापनि १ मेगाबाट (१००० बाट) सम्म क्षमताको जलविद्युत उत्पादनक गर्नको लागि सन्धिखर्क नगरपालिकाबाट अनुमतिपत्र लिनु पर्नेछ र सो भन्दा बढी क्षमताको जलविद्युत उत्पादन गर्नको लागि जलस्रोतको सर्वेक्षण तथा उपयोग गर्ने अनुमतिपत्रको सम्बन्धमा प्रचलित कानुन बमोजिम हुनेछ ।

११. **अनुमतिपत्र नवीकरण गर्नेः**

(१) यो ऐन बमोजिम जलस्रोतको सर्वेक्षण वा उपयोगको लागि दिइएको अनुमतिपत्रमा उल्लेखित अवधि समाप्त हुनु अगावै अर्को अवधिको लागि अनुमतिको नवीकरण गर्नु पर्नेछ ।

(२) जलस्रोतको सर्वेक्षण वा उपयोगको लागि दिइएको अनुमतिपत्रको नवीकरण गराउदा तोकिए बमोजिम नवीकरण दस्तुर लाग्नेछ ।

१२. **अनुमतिपत्र खारेज गर्न सकिनेः**

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित कुनै काम गरेमा दफा १३ बमोजिम गठित समितिको सिफारिसमा तोकिएको अधिकारीले अवधि तोकि त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र अनुमतिपत्र प्राप्त व्यक्तिले आवस्यक सुधार नगरेमा त्यस्तो व्यक्तिले पाएको अनुमति पत्र खारेज गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई आफ्नो सफाई पेस गर्ने मनासिव मौका दिनु पर्नेछ ।

## परिच्छेद–४
## स्थानीय जलस्रोत समिति सम्बन्धी व्यवस्था

१३. **स्थानीय जलस्रोत समितिको गठनः**

(१) सन्धिखर्क नगरपालिका भित्र रहेको जलस्रोत उपयोगको आवश्यक अध्ययन अनुसन्धान एवं जलस्रोत उपयोगको लागि अनुमति प्रदान गर्ने तथा तोकिए बमोजिम नगरेमा अनुमति पत्र खारेज गर्ने प्रयोजनको लागि एक स्थानीय जलस्रोत समिति रहने छ ।

(२) स्थानीय जलस्रोत समितिमा देहायका अध्यक्ष र सदस्यहरू रहने छन् ।

(क) नगर प्रमुख -अध्यक्ष

(ख) नगर उपप्रमुख -सदस्य

(ग) प्रमुख प्रसासकीय अधिकृत -सदस्य

(घ) नगर कार्यपालिकाले तोकेको नगर सभा सदस्यहरू मध्येबाट एक जना -सदस्य

(ङ) नगर कार्यपालिकाले तोकेको सम्बन्धित विषयको विषय विज्ञ -सदस्य

(च) सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको प्रतिनिधि -सदस्य

(छ) नगरपालिकाको योजना शाखा प्रमुख -सदस्य सचिव

(३) स्थानीय जलस्रोत समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१४. **स्थानीय जलस्रोत समितिको काम कर्तव्य र अधिकारः** स्थानीय जलस्रोत समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) जलस्रोत उपयोग र सर्वेक्षण सम्बन्धमा इजाजत पत्र प्रदान गर्ने सम्बन्धमा आवश्यक निर्णय गर्ने,

(ख) जलस्रोत उपयोग सम्बन्धमा समसामयिक अध्ययन, अनुसन्धान मार्फत आवश्यक सुझाव संकलन गरी सन्धिखर्क नगरपालिका समक्ष पेस गर्ने ।

(ग) जलस्रोत उपयोग सम्बन्धमा कुनै प्रश्न वा विवाद उठेमा वा परम्परा देखि जलस्रोत उपयोग गरेकोमा बाहेक अन्यथा भएको देखिएमा आवश्यक जाँचबुझ गर्ने गराउने ।

(घ) खण्ड (ग) बमोजिम जाँच गर्दा वा गराउदा तोकिएको सर्त बमोजिम जलस्रोतको उपयोग नभए नगरेको देखिएमा त्यस कार्यमा संलग्न व्यक्ति उपर प्रचलित कानुन बमोजिम कारवाही गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(ङ) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

## परिच्छेद–५
## सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

**१५. सजाय सम्बन्धी व्यवस्थाः**

(१) कसैले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लंघन गरेमा वा यस ऐन अन्तर्गत प्रदान गरिएको अनुमतिपत्रमा उल्लिखित सर्तहरूको पालना नगरेमा निजलाई स्थानीय जलस्रोत समितिको सिफारिसमा सन्धिखर्क नगरपालिका नगरकार्यपालिकाको कार्यालयले पांच हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कसुरबाट कसैको हानी नोक्सानी भएको रहेछ भने निजबाट त्यस्तो हानी नोक्सानी बापतको क्षतिपुर्ति भराई दिन सक्नेछ ।

(२) कसैले यस ऐन बमोजिम अनुमतिपत्र लिनु पर्नेमा सो नलिई जलस्रोतको उपयोग गरेमा निजलाई नगर कार्यपालिकाले पांच हजार रुपैया सम्म जारिवाना गरी त्यस्तो काम बन्द गराउन सक्नेछ ।

(३) यस ऐन बमोजिम विकास गरिएको जलस्रोत वा त्यस्तो जलस्रोतबाट उत्पन्न सेवा कसैले चोरी गरेमा वा दुरुपयोग गरेमा वा अनधिकृत रुपमा प्रयोग गरेमा सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाको कार्यालयले निजबाट विगो असुल गरी निजलाई विगो बमोजिम जरिवाना समेत गर्न वा अपराध अनुसन्धानको लागि लेखी पठाउन सक्नेछ ।

(४) कसैले वदनियत साथ कुनै खानेपानीको मुहान, बाँध, नहर वा जलस्रोतको उपयोगसँग सम्बन्धित कुनै संरचना वा त्यस्तो संरचनामा असर पार्ने अन्य कुनै संरचना भत्काएमा, विगारेमा, वा कुनै किसिमले हानी नोक्सानी पुऱ्याएको वा त्यस्तो कुनै काम कुराको लागि दुरुत्साहन गरेमा वा त्यस्तो काम गर्ने उद्योग गरेमा निजबाट हानी नोक्सानीको विगो असुल गरी निजलाई विगो बमोजिम जारिवाना वा दशवर्ष सम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।

(५) सन्धिखर्क नगरपालिकाभित्र रहेको जलश्रोतमा कसैले प्रदुषित गरेमा सन्धिखर्क नगरपालिकाले प्रदुषकलाई दुई हजार रुपैयाँदेखि पाँच हजार रुपैंयासम्म जरिवाना वा प्रचलित कानुनबमोजिम कारबाही गर्न सक्नेछ ।

**१६. अनुसन्धानको लागि लेखि पठाउन सक्नेः** जलस्रोत उपयोगको अनुमति प्रदान गर्ने निकायले यस ऐन बमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको पालना गर्दा कसैले दफा १५ (४) बमोजिमको कसुर गरेको थाहा पाएमा त्यस्तो कसुरका सम्बन्धमा अनुसन्धान गर्नको लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ ।

**१७. मुद्धा सम्बन्धी व्यवस्थाः** दफा १५ को उपदफा (४) बमोजिमको सजाय हुने कसुर सम्बन्धी व्यवस्था संघिय कानुन बमोजिम हुनेछ ।

१८. **पुनरावेदन सम्बन्धी व्यवस्थाः** यस ऐन बमोजिम जलस्रोत उपयोगको अनुमति प्रदान गर्ने अधिकारी वा नगरकार्यपालिकाबाट कारवाही भएकोमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो कारवाहीको निर्णयको जानकारी पाएको मितिले पैतिस दिन भित्र जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद–४

## विविध

१९. **सेवा उपभोगका सर्तहरू तोक्न र सेवा शुल्क असुलउपर गर्न पाउनेः**

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई आपसी सर्तको आधारमा उपलब्ध गराउन वा त्यस्तो सेवा बापत शुल्क असुलउपर गर्न सक्नेछ ।

(२) सन्धिखर्क नगरपालिकाले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई उपलव्ध गराए बापतको सेवा शुल्क र अनुमति प्राप्त व्यक्तिले जलस्रोतको उपयोग गरी अन्य व्यक्तिहरूलाई व्यापारिक प्रयोजनको लागि सेवा उपलव्ध गराए बापत वार्षिक शुल्क तोकिए बमोजिम निर्धारण गरी असुलउपर गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको जानकारी अनुमतिपत्र प्राप्त व्यक्तिले सन्धिखर्क नगरपालिकालाई तुरुन्त जानकारी गराउनु पर्नेछ ।

२०. **सेवा रोक्न सक्नेः** सेवा उपभोग गरे बापत बुझाउनु पर्ने शुल्क नबुझाउने वा त्यस्तो सेवा अनाधिकृत रुपले उपयोग गर्ने वा सेवा दुरुपयोग गर्ने वा सर्त विपरित सेवा उपभोग गर्नेको हकमा त्यस्तो सेवा बन्द गर्न सकिनेछ ।

२१. **अरुको घर जग्गामा प्रवेश गर्न सक्नेः** सन्धिखर्क नगरपालिका वा अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको सर्वेक्षण वा उपयोगको सिलसिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा सन्धिखर्क नगरपालिका वा अनुमतिपत्र प्राप्त व्यक्तिले खटाएको कर्मचारीले सम्बन्धित व्यक्तिलाई पुर्व सूचना दिएर त्यस्तो घर जग्गामा प्रवेश गर्न सकिने छ । त्यसरी प्रवेश गर्दा कुनै हानी नोक्सानी हुन गएमा सन्धिखर्क नगरपालिका वा अनुमतिपत्र प्राप्त व्यक्तिले तोकिए बमोजिम क्षतिपूर्ति दिनेछ ।

२२. **जलस्रोत संरचनाको सुरक्षाः**

(१) जलस्रोतको उपयोगसँग सम्बन्धित कुनै संरचनाको सुरक्षाको लागि अनुमतिपत्र प्राप्त व्यक्तिको अनुरोधमा वा स्वयम् आफ्नो विचारमा त्यस्तो संरचनाको सुरक्षा गर्न आवश्यक ठानेमा सन्धिखर्क नगरपालिकाले आवश्यक प्रवन्ध गर्न जिल्ला प्रशासन कार्यालयमा लेखि पठाउन सक्नेछ ।

२३. **जलस्रोतलाई प्रदुषित गर्न नहुनेः** सन्धिखर्क नगरपालिका भित्रको जलस्रोतको प्रदुषण हुने गरी कसैले पनि कुनै किसिमको फोहरमैला, औद्योगिक निकास, विष, रसायनिक वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलस्रोतलाई प्रदुषित गर्न हुदैन ।

२४. **वातावरणमा उल्लेखनीय प्रतिकुल असर पार्न नहुनेः** सन्धिखर्क नगरपालिका भित्रको जलस्रोतको उपयोग गर्दा भु-क्षय, बाढी, पहिरो वा यस्तै अरु कारणद्वारा वातावरणमा उल्लेखनीय प्रतिकुल असर नपर्ने गरी गर्नु पर्नेछ ।

२५. **इजाजतपत्रको प्रतिलिपि दिनेः** कसैले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा समितिले तोकिए बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिनु पर्नेछ ।

२६. **अधिकार प्रत्यायोजनः** यस ऐन बमोजिम सन्धिखर्क नगरपालिका, नगरकार्यपालिकाको कार्यालयलाई प्राप्त अधिकार मध्ये केही अधिकार नगर कार्यपालिकाले तोकेको अधिकारीलाई तोकिएको अवधिसम्मको लागि प्रत्यायोजन गर्न सक्नेछ ।

२७. **प्रतिवेदन पेस गर्नेः** अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले आफ्नो वार्षिक काम कारबाहीको प्रतिवेदन तोकिए बमोजिम सन्धिखर्क नगरपालिकामा पेस गर्नु पर्नेछ ।

२८. **प्रचलित कानुन बमोजिम हुनेः** यस ऐनमा लेखिए जति यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानुन बमोजिम हुनेछ ।

२९. **बचाउः** यसअघि भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

३०. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य पूर्तिको लागि सन्धिखर्क नगरपालिकाले नियमहरू बनाउन सक्नेछ ।

# एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०८०

**प्रमाणीकरण मितिः २०८०/११/०४**

**प्रस्तावनाः**

एफ.एम. रेडियो सञ्चालन तथा नवीकरणका लागि अनुमति र नियमन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२6 को उपधारा )१( र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) "प्रमुख" भन्नाले सन्धिखर्क नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(ख) "उपप्रमुख" भन्नाले सन्धिखर्क नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनु पर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सन्धिखर्क नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ङ) "नगरपालिका" भन्नाले सन्धिखर्क नगरपालिका सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले सूचना तथा सञ्चार प्रविधि मन्त्रालय वा सो कामको लागि तोकिएको सङ्घीय मन्त्रालयलाई सम्झनु पर्छ ।

(छ) "विषयगत शाखा" भन्नाले सन्धिखर्क नगर कार्यपालिकाको कार्यालय अन्तर्गतका विषयगत शाखा, उपशाखा वा इकाईलाई सम्झनु पर्छ ।

(ज) "वडा सचिव" भन्नाले वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न तोकिएको वडासचिव सम्झनु पर्छ ।

(झ) "वडा समिति" भन्नाले नगरपालिकाको वडा समिति सम्झनु पर्छ ।

(ञ) "सदस्य" भन्नाले नगर कार्यपालिकाको सदस्य सम्झनु पर्छ । सो शब्दले नगर कार्यपालिकाको प्रमुख, उपप्रमुख र वडा अध्यक्ष समेतलाई जनाउनेछ ।

(ट) "स्याटेलाईट रिसिभिंग सिस्टम" भन्नाले अधिकांश भाग पृथ्वीको वायुमण्डल बाहिर रहने वा रहेको एक वा एक भन्दा बढी भू-उपग्रहहरू वा अन्तरिक्ष स्टेशनबाट प्राप्त गर्ने डिस एन्टेना लगायतका सञ्चार प्रणाली सम्झनु पर्छ ।

(ठ) "रेडियो यन्त्र" भन्नाले लगातार तारको कनेक्शन बिना रेडियो तरंगद्वारा शब्द, चित्र वा संकेत प्राप्त गर्ने वा पठाउने कामको निमित्त प्रयोग गरिने डिस, एन्टेना लगायत सबै प्रकारको स्याटलाइट रिसिभिंग सिष्टमहरू, (रेडियो ट्रान्समिटर) लगायतका यन्त्रहरू सम्झनु पर्छ ।

(ड) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम भन्ने जनाउँछ ।

(ढ) "संस्था" भन्नाले एफ.एम. रेडियो सञ्चालन गर्ने संघ, संस्था, प्राइभेट फर्म, साझेदारी, सहकारी, कम्पनी सम्झनु पर्छ ।

## परिच्छेद-२
## प्रसारण अनुमति वा स्वीकृति

**३. इजाजतपत्रको लागि निवेदन दिनुपर्नेः**

(१) १०० (एकसय) वाट सम्मका एफ.एम. रेडियो सञ्चालन इजाजतपत्र लिन चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची-१ बमोजिमको ढाँचामा नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) १०० (एकसय) वाटसम्मका एफ.एम. रेडियो सञ्चालन गरिरहेका संस्थाले इजाजतपत्र दर्ता नियमित गर्न अनुसूची-२ बमोजिमको ढाँचामा नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निवेदन उपर आवश्यक छानबिन गरी कार्यपालिकाले उपयुक्त ठानेमा अनुसूची-३ को ढाँचामा एफ.एम. रेडियो सञ्चालन इजाजतपत्र दिन सक्नेछ ।

(४) उपदफा (२) बमोजिमको निवेदन उपर आवश्यक छानबिन गरी कार्यपालिकाले उपयुक्त ठानेमा अनुसूची-४ को ढाँचामा एफ.एम. रेडियो सञ्चालन, दर्ता, नियमित इजाजतपत्र दिन सक्नेछ ।

(५) इजाजत दिन नसकिने अवस्थामा कारण सहितको जानकारी सम्बन्धितलाई दिनु पर्नेछ ।

**४. निवेदन साथ संलग्न गर्नु पर्ने कागजातः**

(१) दफा ३ बमोजिम दिने निवेदन साथ देहायको कागजात संलग्न गर्नु पर्नेछः

(क) सम्बन्धित विषयमा अनुभवी तथा ख्याति प्राप्त व्यक्ति वा मान्यता प्राप्त अनुसन्धानात्मक संस्थाबाट आफूले इजाजतपत्र लिन खोजेको विषयको आर्थिक, प्राविधिक तथा व्यावसायिक पक्षमा विस्तृत अध्ययन गर्न लगाई तयार गरेको प्रतिवेदन ।

(ख) प्रसारण संस्था दर्ताको प्रमाणपत्र, विधान, सञ्चालकहरूको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्र ।

(ग) नगर सभाले तोके बमोजिम निवेदन दस्तुर बुझाएको नगदी रसिद वा तोकिएको राजश्व खातामा जम्मा गरेको दोस्रो प्रति भौचरको साथै प्रसारण केन्द्र रहने ठाउँको विवरण र रित पुगेको स्वामित्व स्वीकृति पत्र ।

(घ) एफ.एम. रेडियो सञ्चालन दर्ताको लागि खण्ड (क) (ख) र (ग) बमोजिमका कागजात सहित अनुसूची-१ अनुसार दर्ता नियमित गर्नको लागि खण्ड (ख) र (ग) बमोजिमको कागजात स्वीकृति प्राप्त इजाजतपत्रको प्रतिलिपि एवम् अनुसूची- २ अनुसार नवीकरणको लागि खण्ड (ख) र (ग) बमोजिमका कागजातहरू स्वीकृति प्राप्त इजाजतपत्रको प्रतिलिपि एवम् अनुसूची- ५ अनुसार उल्लिखित कागजातहरू अनिवार्य समावेश गर्नु पर्नेछ ।

**५. इजाजतपत्र दिन सकिनेः**

(१) दफा १२ बमोजिमको अनुगमन समितिले दफा ४ बमोजिम एफ.एम. रेडियो सञ्चालन दर्ताको लागि उपयुक्त देखेमा नगरपालिकामा प्राप्त निवेदन र संलग्न कागजात साथै राखी फ्रिक्वेन्सी उपलब्ध हुने नहुने सम्बन्धमा नेपाल सरकारको विषयगत मन्त्रालयमा लेखी पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखी पठाएको विषयमा नेपाल सरकारको सम्बन्धित निकायबाट फ्रिक्वेन्सी उपलब्ध गराउन सकिने व्यहोरा लेखी आएमा नगरपालिकाले निवेदकलाई इजाजतपत्र उपलब्ध गराउनेछ ।

(३) उपदफा (२) बमोजिम इजाजतपत्र दिनु पूर्व नगरपालिकाले रेडियो उपकरणहरू (एफ.एम. ट्रान्समिटर, एस.टी.एल. लिंक र बि.बि.सि. रिसिभर) को इजाजत र नियमनको व्यवस्था मिलाउनु पर्नेछ ।

(४) रेडियो उपकरणहरू (एफ.एम. ट्रान्समिटर, एस.टी.एल.लिंक र बि.बि.सि. रिसिभर) को इजाजतपत्र लिनको लागि अनुसूची-७ र अनुसूची-८ बमोजिमका कागजातहरू अनिवार्य रूपले समावेश गर्नु पर्नेछ ।

(५) रेडियो उपकरणहरू (एफ.एम. ट्रान्समिटर, एस.टी.एल.लिंक र बि.बि.सि.रिसिभर) को इजाजतपत्र अनुसूची-९ र अनुसूची-१० बमोजिम हुनेछ ।

(६) इजाजतपत्रको अवधि एक आर्थिक वर्षको हुनेछ ।

**६. इजाजतपत्र नलिई प्रसारण गर्न नहुनेः**

(१) कसैले यस ऐन बमोजिम इजाजतपत्र नलिई नगरपालिका क्षेत्र भित्र एफ.एम. सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) विपरीत कार्य गरेमा दफा १९ बमोजिम जरिबाना गरिनेछ ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन आउनु भन्दा अगावै प्रचलित नेपाल कानुन बमोजिम दर्ता भई सञ्चालन भैरहेका १०० (एकसय) वाटसम्म क्षमता भएका एफ.एम. रेडियोहरूको हकमा नयाँ इजाजतपत्र लिइ रहनु पर्ने छैन तर यो

ऐन लागु भएको मितिले तीन महिना भित्र नगर कार्यपालिकाको कार्यालयमा तोकिएको शुल्क बुझाएर इजाजतपत्र दर्ता नियमित गर्नु पर्नेछ ।

७. **प्रसारण सम्बन्धी कार्यक्रमको रेखदेख र सञ्चालनः** नगरपालिका भित्र १०० (एकसय) वाट सम्मको एफ.एम. रेडियोको प्रसारण सम्बन्धी कार्यक्रमको रेखदेख र सञ्चालनको नीति निर्माण र नियमन गर्ने अधिकार नगरपालिकालाई हुनेछ ।

## परिच्छेद-३
## नवीकरण र खारेजी सम्बन्धी व्यवस्था

८. **इजाजतपत्रको नवीकरणः**

(१) एफ.एम. रेडियोको इजाजतपत्र प्रत्येक आर्थिक वर्षमा नवीकरण गर्नु पर्नेछ ।

(२) इजाजतपत्र नवीकरण गराउन इजाजतपत्र वहाल रहने अवधि भुक्तान भएको तिन महिना भित्र दफा ४ को उपदफा (१) को खण्ड (ख) र (ग) मा उल्लिखित कागजात र नगर सभाले तोके अनुसारको बुझाउनु पर्ने वार्षिक एवम् अन्य शुल्क बुझाएको प्रमाण संलग्न गरी इजाजतपत्र नवीकरणको लागि अनुसूची-५ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम इजाजतपत्र नवीकरण निवेदनको आधारमा तोकिए बमोजिम नवीकरण गरी दिनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिमको म्याद भुक्तान भएपछि एकवर्ष (आषाढ मसान्त) सम्म इजाजतपत्र नवीकरण गर्न आएमा तोकिए बमोजिमको थप जरिबाना र विलम्ब दस्तुर समेत लिई कार्यपालिकाको निर्णयले इजाजतपत्र नवीकरण गरिदिन सक्नेछ ।

(क) तर म्याद भुक्तान भएको एक वर्ष (आषाढ मसान्त) भित्र पनि इजाजतपत्र नवीकरण नगराएमा त्यस्तो इजाजतपत्र स्वतः रद्द हुनेछ ।

(५) एफ.एम. रेडियो दर्ता तथा दर्ता (नियमित) र नवीकरण तथा विलम्ब शुल्क एवम् जरिबाना नगरपालिकाले तोके अनुसार हुनेछ ।

९. **नवीकरण दस्तुर तिर्नुपर्नेः**

(१) एफ.एम. रेडियो सञ्चालन गर्ने व्यक्ति, संस्था वा निकायले नगरपालिकाले तोके बमोजिम शुल्क तिर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम शुल्क बुझाउँदा सम्बन्धित व्यक्ति, संस्था वा निकायले अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गराई सोको प्रतिवेदन समेत पेस गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम शुल्क नबुझाउने वा उपनियम (२) बमोजिम लेखापरीक्षण प्रतिवेदन पेस नगर्ने संस्था, व्यक्ति वा निकायका सम्बन्धमा समन्वय तथा अनुगमन समितिले देहाय बमोजिम गर्न सक्नेछः-

(क) विज्ञापनमा रोक लगाउन,

(ख) सञ्चार सामग्री एवम् सोसँग सम्बन्धित कच्चा पर्दाथको पैठारीमा रोक लगाउन,

(ग) त्यस्तो संस्था वा व्यक्तिको प्रेस प्रतिनिधि प्रमाणपत्र रद्द गर्न,

(घ) तोकिए बमोजिमका अन्य कार्यहरू ।

**१०. प्रसारणमा रोक लगाउन सकिनेः**

(१) नगरपालिकाले कुनै एफ.एम. रेडियो प्रसारण स्थलको निरीक्षण गर्दा वा त्यस्तो एफ.एम. रेडियोको कुनै प्रसारण सम्बन्धमा परेको उजुरीको छानबिन गर्दा देहाय बमोजिम हुनेछ ।

(२) निरीक्षण तथा छानबिन गर्दा सर्त बमोजिम कार्यक्रम प्रसारण नगरेको भेटिई अनुगमन समितिले सचेत गराई सुधारको मौका दिँदा पनि सर्त बमोजिम काम नगरेको भन्ने पुनः गरिएको निरीक्षण तथा छानबिनबाट देखिन आएमा बढीमा तीन महिनाको लागि त्यस्तो एफ.एम. रेडियोको कुनै कार्यक्रम वा सम्पूर्ण कार्यक्रमको प्रसारणमा रोक लगाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको कारबाही गर्दा समेत सर्त बमोजिम काम नगरेको भन्ने निरीक्षण तथा छानबिनबाट देखिएमा नगरपालिकाले एफ.एम. रेडियो तत्काल बन्द गर्न र हटाउन निर्देशन दिन सक्नेछ ।

(४) कसैले ऐन बमोजिम इजाजतपत्र नलिई अनधिकृत रूपमा कुनै एफ.एम. रेडियो सञ्चालन गरेको देखिएमा त्यस्तो एफ.एम. रेडियो तत्काल बन्द गर्न र हटाउन निर्देशन गर्न सक्नेछ ।

(५) उपदफा (३) र (४) बमोजिम दिएको निर्देशन पालना नगरेमा नगरपालिकाले एफ.एम. रेडियो सञ्चालन सम्बन्धी सबै उपकरण, औजार तथा सामग्री जफत गर्न सक्नेछ ।

(६) एफ.एम. रेडियोलाई कारबाही गर्नुपूर्व सफाइको मौका दिइनेछ ।

**११. इजाजतपत्र रद्द गर्न सकिनेः** तोकिएको सर्त र समयावधि भित्र प्रसारण प्रारम्भ नगर्ने व्यक्ति संस्था वा निकायको इजाजतपत्र स्वतः रद्द हुनेछ । तर सो व्यक्ति, संस्था वा निकायको आधा भन्दा बढी कार्य भइसकेको देखिएमा तीन महिना थप समय दिन सकिनेछ ।

## परिच्छेद-४
## अनुगमन तथा नियमन

**१२. अनुगमन समितिः**

(१) नगरपालिका भित्र एफ.एम. रेडियो सञ्चालनलाई व्यवस्थित गर्न/गराउनका लागि देहायका पदाधिकारी रहेको एफ.एम. रेडियो समन्वय तथा अनुगमन समिति रहने छः

(क) नगर प्रमुख -संयोजक

(ख) नगर उपप्रमुख -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) नगर सभा सदस्यहरू मध्येबाट कम्तिमा १ जना महिला सहित २ जना-सदस्य

(ङ) सम्बन्धित विषयगत शाखाको शाखा प्रमुख सदस्य-सचिव

(२) संयोजकले आवश्यकता ठानेमा विषय विज्ञ तथा सरोकारवालालाई परामर्शको लागि बैठकमा आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सक्नेछ ।

**१३. अनुगमन समितिको काम, कर्तव्य र अधिकारः**

(१) एफ.एम. रेडियो समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) इजाजतपत्र प्राप्त गर्न दर्ता हुन आएका १०० (एकसय) वाट क्षमतासम्मको एफ.एम. रेडियोको दर्ता सम्बन्धमा आवश्यक छानबिन गरी निर्णयार्थ कार्यापालिकामा पेस गर्ने ।

(ख) नगरपालिकाको इजाजतमा सञ्चालित एफ.एम.रेडियोहरूले तोकिएको सर्त अनुरूप कार्य गरे नगरे अनुगमन गर्ने व्यवस्था मिलाउने ।

(ग) नगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका एफ.एम. रेडियोहरूको अनुगमन गर्ने तथा आवश्यक निर्देशन दिने ।

(घ) एफ.एम. रेडियो बारे प्राप्त गुनासो तथा उजुरीहरूको छानबिन गरी आवश्यक कारबाही गर्ने र पूर्णरूपमा बन्द गराउनु पर्ने देखिएमा कारण सहित कार्यपालिकामा सिफारिस गर्ने ।

(ङ) दर्ता नियमित र नवीकरण गर्नको लागि परेका आवेदन उपर आवश्यक छानबिन गरी उपयुक्त देखिएमा दर्ता नियमित र नवीकरणका लागि सिफारिस गर्ने ।

(च) समयानुकुल एफ.एम. रेडियो सञ्चालन सम्बन्धी नीति, नियम, निर्देशिका तथा कार्यविधि तयार गरी कार्यपालिकाबाट पारित गराई लागु गर्ने गराउने ।

(छ) अनुसूचीमा कुनै फेरबदल गर्नु पर्ने भएमा सोको स्वीकृतिका लागि कार्यपालिका बैठकमा सिफारिस गर्ने ।

(ज) यस ऐन र अन्य प्रचलित कानुन बमोजिम आवश्यक देखिएका अन्य कार्यहरू गर्ने ।

**१४. अनुगमन समितिको बैठक र कार्यविधिः**

(१) एफ.एम. रेडियो समन्वय तथा अनुगमन समितिको बैठक कम्तीमा त्रैमासिक रुपमा बस्नेछ ।

(२) बैठक सञ्चालन विधि प्रक्रिया समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-५
## प्रसारण सम्बन्धमा पालना गर्नु पर्ने सर्तहरू सम्बन्धी व्यवस्था

१५. **एफ.एम. रेडियोले पालना गनुपर्ने सर्तहरूः** यस ऐन बमोजिम दर्ता र दर्ता नियमित भई सञ्चालनमा रहेका एफ.एम. रेडियोहरूले कार्यक्रम प्रसारण गर्दा देहाय बमोजिमका सर्तहरूको अधीनमा रही कार्यक्रम प्रसारण गर्नु पर्नेछः

(क) एफ.एम. रेडियोले प्रसारण गर्ने समाचार कुनै दल विशेषको नभई स्वतन्त्र रूपमा तटस्थ रहि सत्य समाचार प्रसारण गर्नु पर्नेछ ।

(ख) लोक कल्याणकारी समाचारहरूको प्रसारणमा ध्यान दिनु पर्नेछ ।

(ग) समाचार प्रवाहमा देशको राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता तथा वातावरणमा कुनै पनि किसिमले असर नपर्ने हिसाबमा प्रसारण गर्नु पर्ने हुन्छ ।

(घ) नगरपालिका विरूद्ध गलत तथा भ्रामक सूचना प्रवाह गर्न पाईने छैन ।

(ङ) सेवा लिन इच्छुक सेवाग्राहीलाई बिना पूर्वाग्रह सेवा उपलव्ध गराउनु पर्नेछ । साथै सेवा सुविधा तोक्दा प्रचलित बजार दर भन्दा बढी लिन पाइनेछैन ।

(च) कार्यालय समय अघिपछि र बिदाको दिनमा पनि सेवाग्राहीको आवश्यकता बमोजिम सेवा प्रवाह गर्ने व्यवस्था सुनिश्चतता गर्नु पर्नेछ ।

(छ) कार्यक्रम प्रसारण वा वितरण गर्दा सम्बन्धित प्रसारण संस्था वा व्यक्तिको सहमति लिनुपर्नेछ ।

(ज) आपतकालीन वा विपद्को समयमा नगरपालिकाबाट निर्देशन भएमा त्यस्ता सूचनाहरू निःशुल्क रुपमा प्रसारण गर्नु पर्नेछ ।

(झ) युद्ध वा संकटकालीन समय आईपरेमा सङ्घीय तथा प्रदेश सरकार र नगर कार्यपालिकाले कुनै खास कार्यक्रमहरू मात्र प्रसारण गर्ने गरी निर्देशन दिएमा सोही कार्यक्रमहरू मात्र प्रसारण गर्नु पर्नेछ ।

(ञ) कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले कार्यक्रम प्रसारणको आरम्भ, बिच र अन्त्यमा आफ्नो परिचय (कल साइन) दिनु पर्नेछ ।

१६. **प्रसारण गर्न नहुनेः** एफ.एम. रेडियोहरूले देहाय बमोजिमको कुनै कार्यक्रम प्रसारण गर्न पाउने छैन ।

(क) नेपालको शान्ति सुरक्षा, र सुव्यवस्थामा खलल पर्न जाने ।

(ख) सर्वसाधारण जनताको वैयक्तिक गोपनियता तथा सामाजिक मर्यादामा आघात पर्न जाने ।

(ग) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रियतामा आँच पुऱ्याउने ।

(घ) विभिन्न जात, जाति, धर्म, वर्ण, क्षेत्र, सम्प्रदायका मानिसहरूबिचको सु-सम्बन्धमा खलल पार्ने वा सामाजिक दुर्भावना फैलाउने ।

(ङ) अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने ।

(च) सामाजिक विकृति फैलाउने, सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकुल कार्य गर्ने ।

(छ) कुनै व्यक्ति, संस्था वा निकायको नाम किटान गरी कसैको मान, मर्यादा वा प्रतिष्ठामा आघात पार्ने सामग्रीहरू ।

(ज) कुनै व्यक्ति संस्था वा निकायको गोपनीयताको हकमा दखल हुने सामग्रीहरू,

(झ) संविधान तथा प्रचलित कानुनको सीमा भित्र रही नगरसभाले प्रसारण गर्न नहुने भनी तोकिदिएका अन्य सामग्रीहरू ।

**१७. कार्यक्रम प्रसारण प्रारम्भ गर्नुपर्नेः**

(१) इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थाले इजाजतपत्र वा अनुमतिपत्र पाएको मितिले ३ महिना भित्र आफ्नो प्रसारण प्रारम्भ गर्नु पर्नेछ ।

(२) इजाजतपत्र प्राप्त कुनै व्यक्ति वा सङ्गठित संस्थाले उपदफा (१) बमोजिमको अवधि भित्र प्रसारण प्रारम्भ गर्न नसक्ने भएमा सोको आधार र कारण समेत खुलाई अवधि थपको लागि त्यस्तो अवधि भुक्तान हुनु अगावै उल्लेख भए अनुसार नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा अवधि थप गर्न मनासिब देखेमा नगरपालिकाले १ महिना सम्मको अवधि थप गर्न सक्नेछ ।

(४) उपदफा (१) वा (३) बमोजिमको अवधि भित्र पनि प्रसारण प्रारम्भ नगर्ने व्यक्ति वा संस्थाको इजाजतपत्र स्वतः रद्द हुनेछ ।

**१८. नियमन गर्न सक्नेः**

(१) इजाजतपत्र लिंदा तोकिएको सर्तहरू बमोजिम कार्यक्रम प्रसारण गरे वा नगरेको सम्बन्धमा एफ.एम. रेडियो अनुगमन समितिले वा तोकिएको अधिकारीले प्रसारण सम्बन्धी संस्थाको निरीक्षण तथा छानबिन गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण तथा छानबिन गर्दा सर्त बमोजिम कार्यक्रम प्रसारण नगरेको पाइएमा इजाजतपत्रमा उल्लिखित सर्तहरू बमोजिम कार्यक्रम प्रसारण गर्न एफ.एम. रेडियो अनुगमन समितिले वा तोकिएको अधिकारीले एक पटकका लागि बढीमा १ महिना समय उपलब्ध गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम निरीक्षण तथा छानबिन गर्दा सर्त बमोजिम कार्यक्रम प्रसारण नगरेको र पटक पटक मौका दिंदा पनि सर्त बमोजिम काम नगरेको भन्ने पुनः गरिएको निरीक्षण तथा छानबिनबाट देखिएमा वा कसैले ऐन बमोजिम इजाजतपत्र नलिई अनधिकृत रूपमा कुनै कार्यक्रम प्रशारण गरेको देखिएमा नगरपालिकाले त्यस्तो एफ.एम. रेडियो तत्काल बन्द गर्न सक्नेछ । तर बन्द गर्नु अगाडि सफाईको मौका दिइनेछ ।

**परिच्छेद-६**

## दण्ड जरिबाना

**१९. दण्ड जरिवानाः**

(१) यस ऐन विपरीत कार्य गर्नेलाई नगर प्रमुखले हर्जाना बिगो सहित थप २५ प्रतिशत जरिबाना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जरिबाना गर्नुपूर्व त्यस्तो एफ.एम. रेडियो सञ्चालकलाई आफ्नो सफाईको मौका दिइनेछ ।

**२०. पुनरावेदनः** नगरपालिकाले दफा १९ बमोजिम गरेको जरिबाना उपर चित्त नबुझ्ने पक्षले सो निर्णय भएको मितिले ३५ दिन भित्र जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद-७

## प्रतिलिपि, ठाउँसारी, नामसारी तथा संशोधन

**२१. इजाजतपत्रको प्रतिलिपिः**

(१) यस ऐन बमोजिम प्राप्त इजाजतपत्र हराएमा नासिएमा वा कुनै कारणवश च्यातिएमा इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थाले सो को प्रतिलिपि माग गर्न सक्नेछ ।

(२) कसैले उपदफा (१) बमोजिम प्रतिलिपि माग गरेमा तोकिएको दस्तुर लिई प्रतिलिपि (नक्कल) दिइनेछ ।

**२२. विवरण संशोधन गर्न सक्नेः**

(१) कसैले इजाजतपत्रमा उल्लिखित कुनै विवरण संशोधन गर्न चाहेमा वा विवरण बदल्न चाहेमा तोकिए बमोजिम दस्तुर सहित अनुसूची ११ बमोजिमको ढाँचामा नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण बदल्न दिएको निवेदनको व्यहोरा मनासिब देखिएमा निवेदन बमोजिमको विवरण कायम गरिदिन सकिनेछ ।

**२३. हक हस्तान्तरण गर्न सक्नेः**

(१) नगरपालिकाबाट इजाजतपत्र लिई सञ्चालनमा रहेका एफ.एम. रेडियोका हक (स्वामित्व) हस्तान्तरण गर्नु पर्ने भएमा देहाय बमोजिमका कागजात सहित निवेदन पेस गर्नु पर्नेछ ।

(क) स्वामित्व (हक) हस्तान्तरण सम्बन्धि दुबै पक्षको सहमति पत्र,

(ख) स्वामित्व स्वीकार गर्ने पक्षको कानुनी वैधता,

(ग) स्वामित्व स्वीकार गर्ने पक्षको विवरण,

(घ) स्वामित्व हस्तान्तरण सम्बन्धमा दुबै पक्षको सञ्चालक समितिको निर्णय,

(ङ) अनुसूची-१२ को निवेदनमा उल्लेख भएको अन्य कागजात र विवरण ।

(२) नगरपालिकामा पेस भएको हक हस्तान्तरण सम्बन्धी निवेदन र कागजातको अध्ययन गरी उपयुक्त देखिएमा आवश्यक प्रक्रिया पुरा गरी एफ.एम. रेडियो अनुगमन समितिको निर्णयले हक हस्तान्तरण स्वीकृत हुनेछ ।

(३) हक हस्तान्तरणका लागि लाग्ने दस्तुर तोकिए बमोजिम हुनेछ ।

**२४. ठाउँसारी (स्थानान्तरण) गर्नसक्नेः**

(१) नगरपालिकाबाट इजाजतपत्र लिई सञ्चालनमा रहेका एफ.एम. रेडियोका ठाउँसारी गर्नु पर्ने भएमा देहाय बमोजिमका कागजात सहित अनुसूची-१३ अनुसारको निवेदन पेस गर्नु पर्नेछ ।

(क) ठाउँसारी गर्नुपर्नाको कारण ।

(ख) ठाउँसारी भई स्थापना हुने स्थानको विवरण ।

(ग) प्रसारण केन्द्र रहने ठाउँको विवरण र रित पुगेको स्वामित्व स्वीकृति पत्र ।

(घ) सञ्चालक समितिको निर्णय ।

(ङ) अनुसूची १३ को निवेदनमा मा उल्लेख भएका अन्य कागजात र विवरण ।

(२) नगरपालिकामा पेस भएको ठाँउसारी सम्बन्धी निवेदन र कागजातको अध्ययन गरी उपयुक्त देखिएमा आवश्यक प्रक्रिया पुरा गरी एफ.एम. रेडियो अनुगमन समितिको निर्णयले ठाँउसारी स्वीकृत हुनेछ ।

(३) ठाँउसारी हुन नगरपालिकाको पूर्व स्वीकृति लिएको हुनुपर्नेछ ।

(४) ठाँउसारीका लागि लाग्ने दस्तुर तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-८

## विविध

**२५. अनुसूचीमा थपघट तथा हेरफेर गर्न सकिनेः** यस ऐनको अनुसूचीमा हेरफेर तथा थपघट गर्नु पर्ने भएमा रेडियो अनुगमन समितिको सिफारिसमा कार्यपालिकाले गर्न सक्नेछ ।

**२६. नियमावली बनाउन सक्नेः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियमावली, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

**२७. बाधा अड्काउ फुकाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ । उक्त आदेश त्यस पछि हुने नगर सभाले पारित गरेको हदसम्म मात्र कायम हुनेछ ।

**२८. खारेजी र बचाउः**

(१) "एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७५" खारेज गरिएको छ ।

(२) "एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७५" बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१
### (दफा ३ को उपदफा (१) सँग सम्बन्धित)
### दर्ता आवेदन ढाँचा

१०० (एकसय) वाट सम्मको एफ.एम. रेडियो इजाजतपत्र स्वीकृतिका लागि दिइने निवेदन

श्री नगरप्रमुखज्यू,
सन्धिखर्क नगरपालिका, अर्घाखाँची ।

एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०८० को दफा ३ (१) बमोजिम एफ.एम. रेडियो सञ्चालन गर्ने इजाजतपत्र पाउनको लागि देहायका विवरणहरू खुलाई यो निवेदन गरेको छु/छौं ।

1 निवेदक संस्था वा व्यक्तिको
   (क) नामः
   (ख) आर्थिक स्थितिः (स्थिर तथा चालु पूँजी)
   (ग) अनुभवः
   (घ) प्राविधिक क्षमताः
2 प्रसारण गरिने स्थानंः
3 प्रसारण हुने क्षेत्रः
4 प्रसारण सुरू हुने मितिः
5 प्रसारणको माध्यमः
6 प्रसारणको दक्षताः
7 प्रसारण गर्दा प्रयोग गरिने फ्रिक्वेन्सी र च्यानेलः
8 प्रसारण गर्दा प्रयोग गरिने उपकरणहरूः
9 प्रसारण सम्बन्धमा उपभोक्ता तथा अन्य व्यक्ति वा निकायसँग गरिएको सम्झौताः
10 प्रसारणमा प्रयोग हुने भाषाः
11 प्रसारणको समयावधिः
12 प्रसारण गरिने कार्यक्रमहरूः
13 माथि लेखिएको व्यहोरा ठिक साँचो छ झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

निवेदक (प्रमुख):
हस्ताक्षरः
नामथरः
पदः
मितिः
छापः
(सबै सञ्चालकको व्यक्तिगत विवरण र पुष्ट्याईएका कागजातहरू)

## अनुसूची-२
## (दफा ३ को उपदफा (२) सँग सम्बन्धित)
## १०० (एकसय) वाट सम्मको एफ.एम. रेडियो इजाजतपत्र दर्ता (नियमित) का लागि दिइने निवेदन

श्री नगरप्रमुखज्यू,
सन्धिखर्क नगरपालिका, अर्घाखाँची ।

मैले / हामीले मिति .......................... मा प्राप्त गरेको एफ.एम. रेडियो सञ्चालन इजाजतपत्र नं. ............ अनुसार यस नगरपालिकामा एफ.एम. रेडियो सञ्चालनमा रहेकोले एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०८० को दफा ३ (२) बमोजिम इजाजतपत्र नियमित गराउन दस्तुर समेत बुझाई (भौचर नं...........) तपसिल बमोजिमको विवरण र कागजात सहित श्रीमान् समक्ष अनुरोध गर्दछु/गर्दछौं ।

(क) नामः
(ख) आर्थिक स्थिति (स्थिर तथा चालु पूँजी)
(ग) अनुभवः
(घ) प्राविधिक दक्षताः

१. प्रसारण गरिने स्थानः
२. प्रसारण हुने क्षेत्रः
३. प्रसारण सुरु हुने मितिः
४. प्रसारणको माध्यमः
५. प्रसारणको क्षमताः
६. प्रसारण गर्दा प्रयोग गरिने फ्रिक्वेन्सी र च्यानेलः
७. प्रसारण गर्दा प्रयोग गरिने उपकरणहरूः
८. प्रसारण सम्बन्धमा उपभोक्ता तथा अन्य व्यक्ति वा निकायसँग गरिएको सम्झौताः
९. प्रसारणमा प्रयोग हुने भाषाः
१०. प्रसारणको समयावधिः
११. प्रसारण गरिने कार्यक्रमहरूः
१२. माथि लेखिएको व्यहोरा ठिक साँचो छ झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

निवेदक (प्रमुख)
हस्ताक्षरः
नामथरः
पदः
मितिः
छापः (सबै सञ्चालकको व्यक्तिगत विवरण र पुष्ट्याईंका कागजातहरू)

## अनुसूची-३
## (दफा ३ को उपदफा (३) सँग सम्बन्धित)
## सन्धिखर्क नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## सन्धिखर्क अर्घाखाँची
## १०० (एकसय) वाट सम्मको एफ.एम. रेडियो इजाजतपत्र

इजाजतपत्र नं...........

१. इजाजतपत्र पाउने व्यक्ति वा संस्थाको नामः

२. ठेगानाः

| (क) स्थायी ठेगानाः- | (ख) अस्थायी ठेगानाः- |
|---|---|
| जिल्लाः- | जिल्लाः- |
| ........ नगरपालिका | .........नगरपालिका |
| वडा नं ..... | वडा नं...... |
| नगर टोलः- | नगर टोलः- |
| फोन नं ..... | फोन नं ...... |

३. प्रसारण संस्था वा व्यक्तिको नामः

४. प्रसारणको माध्यमः प्रसारण गर्दा प्रयोग गरिने

(क) फ्रिक्वेन्सीः- (ख) बैण्डः-

(ग) च्यानेलः- (घ) ट्रान्समिटरः- (ङ) एन्टेनाः-

५. प्रसारण प्रणाली स्थापना हुने ठाउँ र प्रसारण केन्द्रः

६. प्रसारण

७. हुने

८. क्षेत्र र जनसंख्याः

९. प्रसारण सुरू हुने मितिः

१०. प्रसारणमा प्रयोग हुने भाषाः

११. प्रसारणको समय र समयावधिः

१२. प्रसारण गरिने कार्यक्रमहरूः

१३. इजाजतपत्र बहाल रहने मितिः

१४. अन्य

१५. सर्तहरूः-

(क)

(ख)

(ग)

इजाजतपत्र दिने अधिकारीकोः-

सहीः

नामथरः

दर्जाः

मितिः

कार्यालयः

कार्यालयको छाप

**अनुसूची-४**

**(दफा ३ को उपदफा (४) सँग सम्बन्धित)**

**सन्धिखर्क नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**सन्धिखर्क अर्घाखाँची**

**१०० (एकसय) वाट सम्मको एफ.एम. रेडियो (दर्ता विनियम) इजाजतपत्र**

इजाजतपत्र नं .....

१. इजाजतपत्र दर्ता नियमित इजाजतपत्र पाउने व्यक्ति वा संस्थाको नामः

२. ठेगानाः

| (क) स्थायी ठेगानाः- | (ख) अस्थायी ठेगानाः- |
|---|---|
| जिल्लाः | जिल्लाः |
| गा.पा / नगरपालिका | गा.पा / नगरपालिका |
| वडा नं.......... | वडा नं.......... |
| नगर टोलः...... | नगर टोलः...... |
| फोन नं................ | फोन नं................ |

३. प्रसारण संस्था वा व्यक्तिको नामः

४. प्रसारणको माध्यमः

५. प्रसारणको क्षमताः

६. प्रसारण गर्दा प्रयोग गरिने

(क) फ्रिक्वेन्सीः- (ख) बैण्डः-

(ग) च्यानेलः- (घ) ट्रान्समिटरः- (ङ) एन्टेनाः-

७. प्रसारण प्रणाली स्थापना हुने ठाउँ र प्रसारण केन्द्रः

८. प्रसारण हुने क्षेत्र र जनसंख्याः

९. प्रसारण सुरु हुने मितिः

१०. प्रसारणमा प्रयोग हुने भाषाः

११. प्रसारणको समय र समयावधिः

१२. प्रसारण गरिने कार्यक्रमहरूः

१३. इजाजतपत्र बहाल रहने मितिः

१४. अन्य सर्तहरूः-

(क)

(ख)

(ग)

इजाजतपत्र दिने अधिकारीकोः-

सहीः

नामथरः
दर्जाः
मितिः
कार्यालयः
कार्यालयको छाप

## अनुसूची-५

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

एफ.एम. रेडियो इजाजतपत्र नवीकरणको लागि दिइने निवेदन

श्री प्रमुखज्यू,
सन्धिखर्क नगरपालिका, सन्धिखर्क अर्घाखाँची ।

मैले / हामीले मिति .......................... मा प्राप्त गरेको इजाजतपत्र नं ........... आ.व............को लागि नवीकरण गरिदिन नवीकरण दस्तुर समेत बुझाई (भौचर नं...........) श्रीमान् समक्ष (आवश्यक कागजात संलग्न गरी ) अनुरोध गर्दछु/गर्दछौं ।

संगल्न कागजातहरू

१. निवेदन
२. वार्षिक प्रतिवेदन र कार्ययोजना
३. लेखापरीक्षण प्रतिवेदन
४. करचुक्ता प्रमाणपत्र
५. अन्य कुनै नवीकरण गर्नु पर्ने भए सो गरेको प्रमाणित प्रतिलिपि
६. सक्कल इजाजतपत्र
७. सञ्चालक विवरण
८. लाग्ने दस्तुर शुल्कको भौचर /रसिद

...........................
निवेदक

**अनुसूची- ६**

**(दफा ८ सँग सम्बन्धित)**

**सन्धिखर्क नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**सन्धिखर्क अर्घाखाँची**

**एफ.एम. रेडियो इजाजतपत्र नवीकरण**

इजाजतपत्र नं .....

१. इजाजतपत्र पाउने व्यक्ति वा संस्थाको नामः

२. ठेगानाः

| (क) स्थायी ठेगानाः- | (ख) अस्थायी ठेगानाः- |
|---|---|
| जिल्लाः | जिल्लाः |
| गा.पा / नगरपालिका | गा.पा / नगरपालिका |
| वडा नं.......... | वडा नं.......... |
| नगर टोलः...... | नगर टोलः...... |
| फोन नं................ | फोन नं................ |

३. प्रसारण संस्था वा व्यक्तिको नामः

४. प्रसारणको माध्यमः

५. प्रसारणको क्षमताः

६. प्रसारण गर्दा प्रयोग गरिने

(क) फ्रिक्वेन्सीः- (ख) बैण्डः-

(ग) च्यानेलः- (घ) ट्रान्समिटरः- (ङ) एन्टेनाः-

७. प्रसारण प्रणाली स्थापना हुने ठाउँ र प्रसारण केन्द्रः

८. प्रसारण हुने क्षेत्र र जनसंख्याः

९. प्रसारण सरू हुने मितिः

१०. प्रसारणमा प्रयोग हुने भाषाः

११. प्रसारणको समय र समयावधिः

१२. प्रसारण गरिने कार्यक्रमहरूः

१३. इजाजतपत्र बहाल रहने मितिः

१४. अन्य सर्तहरूः-

(क)

(ख)

(ग)

इजाजतपत्र दिने अधिकारीकोः-

सहीः

नामथरः
दर्जाः
मितिः
कार्यालयः
कार्यालयको छाप

**नवीकरण विवरण**

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | रसिद नं | नवीकरण गर्ने अधिकारीको दस्तखत र मिति | कार्यालयको छाप |
|---|---|---|---|---|---|
| ...... अषाढ मसान्तसम्म | | | | | |
| ...... अषाढ मसान्तसम्म | | | | | |
| ...... अषाढ मसान्तसम्म | | | | | |
| ...... अषाढ मसान्तसम्म | | | | | |
| ...... अषाढ मसान्तसम्म | | | | | |
| ...... अषाढ मसान्तसम्म | | | | | |
| ...... अषाढ मसान्तसम्म | | | | | |
| ...... अषाढ मसान्तसम्म | | | | | |
| ...... अषाढ मसान्तसम्म | | | | | |
| ...... अषाढ मसान्तसम्म | | | | | |
| ...... अषाढ मसान्तसम्म | | | | | |

**अनुसूची- ७**

**(दफा ५ को उपदफा (४) सँग सम्बन्धित)**

**स्याटेलाइट रिसिभिङ्ग सिस्टम स्याटेलाइट कम्युनिकेशन सिस्टम (अर्थ स्टेशन) को लाइसेन्सको लागि दिइने दरखास्तः**

श्री नगर प्रमुखज्यू,
सन्धिखर्क नगरपालिका,
सन्धिखर्क, अर्घाखाँची ।

स्याटेलाइट रिसिभिङ्ग सिस्टम राख्न तथा प्रयोग गर्नको लागि देहायका विवरणहरू खुलाई प्रोफर्मा इन्भ्वाइस र टेक्निकल स्पेसिफिकेसनको प्रतिलिपि समेत संलग्न गरी स्याटेलाइट रिसिभिङ्ग सिस्टमको लाइसेन्स पाउनको लागि अनुरोध गर्दछु ।

१. प्रयोग गर्नु पर्ने उद्देश्य र कारणः
२. प्रयोग गर्न चाहेको सिस्टमको विवरणः
   (क) निर्माताको नामः
   (ख) मोडेल नंः
   (ग) सिरियल नंः
   (घ) साइज र अन्य विवरणः
   (ङ) एन्टेना सम्बन्धी विवरणः
३. प्रयोग गरिने ठाउँ
४. आर. एफ. फ्रिक्वेन्सी रेन्ज प्रयोग गर्ने फ्रिक्वेन्सीः
५. कुन स्याटेलाइटको माध्यमबाट के कस्तो सञ्चार आदान प्रदान गर्ने हो सोको विवरणः
६. प्रयोग भइरहेको भए कुन मितिदेखि प्रयोग भइरहेको हो सो मितिः
७. प्रयोगः-
   (क) व्यक्तिगतः-
   (ख) सामुहिकः-
८. सामुहिक रूपमा प्रयोग गरिने भए प्रयोगकर्ताहरूको नाम र अन्य विवरण (नाम यसैसाथ संलग्न गरेको हुनुपर्ने)
९. घर बहालमा लिई रेडियो यन्त्र राख्ने वा प्रयोग गर्ने भए घर धनीको स्वीकृति भए नभएकोः
१०. (घर धनीको स्वीकृति पत्र यसैसाथ संलग्न गर्नु पर्ने)
११. आयात गरिने देशको नामः
१२. आयात हुने भन्सार कार्यालयको नामः

दरखास्तवालाको
सहीः
नामः
ठेगानाः

मितिः

## अनुसूची-८

## (दफा ५ को उपदफा (४) सँग सम्बन्धित)

## एफ.एम. ट्रान्समिटर र STL Link को लाईसेन्सको लागि दरखास्त

श्रीमान् नगर प्रमुखज्यू,
सन्धिखर्क नगर कार्यपालिकाको कार्यालय सन्धिखर्क, अर्घाखाँची ।

देहायका रेडियो यन्त्र राख्न तथा प्रयोग गर्नको लागि देहायका विवरणहरू खुलाई प्रोफर्मा इन्भ्वाइस र टेक्निकल स्पेसिफिकेशनको प्रतिलिपि समेत संलग्न गरी रेडियो यन्त्रको लाइसेन्स पाउनको लागि अनुरोध गर्दछु ।

१. रेडियो यन्त्र प्रयोग गर्नाको उद्देश्य एवम् कारणः
२. प्रयोग गर्ने स्थानः
३. प्रयोग गरिने फ्रिक्वेन्सीः
४. प्रयोग गर्ने अनुमानित मितिः
५. रेडियो यन्त्रको विवरणः
 (क) निर्माताः (ख) मोडेल नंः
 (ग) सिरियल नंः
६. स्टेशनको प्रकारः
७. प्रयोग गरिने प्रणालीको प्रकारः
८. प्रयोग गरिने समयः
९. अन्य विवरणः
 (क)
 (ख)
 (ग) दरखास्तवालाको

सहीः...........
नामथरः............
ठेगानाः..................
मितिः....................

## अनुसूची-९

### (दफा ५ को उपदफा (५) सँग सम्बन्धित)

### स्याटेलाइट रिसिभिङ्ग सिस्टमको इजाजतपत्र

देहायका व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निम्न लिखित सर्तहरू पालन गर्ने गरी निम्न विवरणको स्याटेलाइट रिसिभिङ्ग सिस्टम (अर्थस्टेशन) राख्न तथा प्रयोग गर्न पाउने गरी यो लाइसेन्स दिइएको छ ।

१. व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नामः

२. ठेगानाः

३. लाइसेन्स नं.

४. जडान हुने स्थानः

५. अर्थ स्टेशन स्याटेलाइट सिस्टमको विवरणः

(क) निर्माताको नामः- (ख) मोडेल नं

(ग) साइज र अन्य विवरणः (घ) एन्टेनाको विवरणः

६. इनपुट फ्रिक्वेन्सी रेन्ज र प्रयोग गरिने फ्रिक्वेन्सीः

७. कुन स्याटेलाइटको माध्यमबाट कस्तो सञ्चार आदानप्रदान गर्नेः

८. प्रयोगः

(क) व्यक्तिगतः- (ख) सामूहिकः

९. सामूहिक रूपमा प्रयोग गरिने भए जोडिने लाइन संख्या र व्यक्तिहरूको नामः

१०. लाइसेन्सवालाले पालन गर्नु पर्ने सर्तहरूः

(क) सार्वजनिक सडक, बिजुली, सार्वजनिक सञ्चारलाई असर पार्न नपाउने गरी निजी घर कम्पाउण्ड भित्र मात्र वितरण गर्नु पर्नेछ ।

(ख) आम जनताको लागि प्रसारण भएको प्राप्त प्रसारण सामग्री बाहेक अन्य कुनै प्रकारको प्रसारण सामग्रीहरू वितरण वा प्रसारण गर्न पाइने छैन ।

(ग) मुनाफा वा शुल्क आदि लिई फाइदा लिन वा व्यापारिक प्रयोग गर्न पाइने छैन ।

कार्यालयको छाप इजाजतपत्र दिने अधिकारीको

सहीः......

नामथरः

दर्जाः

मितिः

नवीकरणको विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | रसिद नं | नवीकरण गर्ने अधिकारीको दस्तखत र मिति | कार्यालयको छाप |
|---|---|---|---|---|---|
| ...... अषाढ मसान्तसम्म | | | | | |
| ...... अषाढ मसान्तसम्म | | | | | |
| ...... अषाढ मसान्तसम्म | | | | | |
| ...... अषाढ मसान्तसम्म | | | | | |
| ...... अषाढ मसान्तसम्म | | | | | |
| ...... अषाढ मसान्तसम्म | | | | | |
| ...... अषाढ मसान्तसम्म | | | | | |
| ...... अषाढ मसान्तसम्म | | | | | |
| ...... अषाढ मसान्तसम्म | | | | | |
| ...... अषाढ मसान्तसम्म | | | | | |
| ...... अषाढ मसान्तसम्म | | | | | |
| ...... अषाढ मसान्तसम्म | | | | | |
| ...... अषाढ मसान्तसम्म | | | | | |

## अनुसूची-१०
## (दफा ५ को उपदफा (५) सँग सम्बन्धित)
## एफ.एम. ट्रान्समिटर र STL Link राख्न तथा प्रयोग गर्नको लागि इजाजतपत्र

देहायका व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निम्न लिखित सर्तहरू पालन गर्ने गरी निम्न विवरणको रेडियो यन्त्र राख्न तथा प्रयोग गर्न पाउने गरी यो इजाजतपत्र दिइएको छ ।

१. व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नामः

२. ठेगानाः

३. इजाजतपत्र नं

४. प्रयोग गरिने स्थानंः

५. प्रयोगको उद्देश्यः

६. प्रयोग गरिने फ्रिक्वेन्सीः

७. रेडियो यन्त्रको विवरणः

(क) (ख)

(ग) (घ)

८. प्रयोग गर्ने मितिः

९. स्टेशनको प्रकारः

१०. प्रयोग गरिने प्रणालीः

११. प्रयोग गरिने समयः

१२. लाइसेन्सवालाले पालना गर्नु पर्ने सर्तहरूः-

(क) (ख)

(ग)

कार्यालयको छापः- इजाजतपत्र दिने अधिकारीको

सहीः-

नामः-

दर्जाः-

मितिः-

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | रसिद नं | नवीकरण गर्ने अधिकारीको दस्तखत र मिति | कार्यालयको छाप |
|---|---|---|---|---|---|
| ...... अषाढ मसान्तसम्म | | | | | |
| ...... अषाढ मसान्तसम्म | | | | | |
| ...... अषाढ मसान्तसम्म | | | | | |
| ...... अषाढ मसान्तसम्म | | | | | |
| ...... अषाढ मसान्तसम्म | | | | | |
| ...... अषाढ मसान्तसम्म | | | | | |
| ...... अषाढ मसान्तसम्म | | | | | |
| ...... अषाढ मसान्तसम्म | | | | | |
| ...... अषाढ मसान्तसम्म | | | | | |
| ...... अषाढ मसान्तसम्म | | | | | |
| ...... अषाढ मसान्तसम्म | | | | | |
| ...... अषाढ मसान्तसम्म | | | | | |
| ...... अषाढ मसान्तसम्म | | | | | |

## अनुसूची-११
## (दफा २२ को उपदफा (१) सँग सम्बन्धित)
## इजाजतपत्रमा विवरण संशोधनको लागि दिइने निवेदनको ढाँचा

श्री नगर प्रमुखज्यू
सन्धिखर्क नगरपालिका,
सन्धिखर्क, अर्घाखाँची ।

मैले/हामीले मिति ..................मा प्राप्त गरेको इजाजतपत्र नं. ..... मा देहाय बमोजिमको विवरण बदल्न चाहेकोले तपसिल अनुसारको कागजातहरू सहित श्री...................समक्ष अनुरोध गर्दछु/गर्दछौं ।

**बदल्न चाहेको विवरण**

(क)
(ख)
(ग)

**तपसिल**

(१) निवेदन
(२) सक्कल ईजाजतपत्र
(३) भौचर/रसिद

................................
निवेदक

## अनुसूची-१२
**(दफा २३ उपदफा (१)(ङ) सँग सम्बन्धित)**

**एफ.एम. रेडियो इजाजतपत्रको हक हस्तान्तरण गराउन दिइने निवेदनको ढाँचा**

श्री नगर प्रमुखज्यू,
सन्धिखर्क नगरपालिका, अर्घाखाँची ।

मैले/हामीले मिति ..................मा प्राप्त गरेको इजाजतपत्र नं. ....... मा देहाय बमोजिमको हक हस्तान्तरण गराउन चाहेकोले संलग्न अनुसारको कागजातहरू सहित श्री...................समक्ष अनुरोध गर्दछु/गर्दछौं ।

१. हाल कायम रहेको हकवालाहरूको विवरण

नामथरः
ठेगानाः
नगरपालिका / उपमहानगरपालिका/ महानगरपालिका
वडा नं नगर/टोल
फोन नं घर नं फ्याक्स नं ........... ईमेल ठेगानाः
(हाल कायम रहेका सबै हकवालाहरूको)

२. हक कायम गर्नु पर्नेको विवरण

नामथरः
ठेगानाः
नगरपालिका / उपमहानगरपालिका/ महानगरपालिका
वडा नं नगर/टोल
फोन नं घर नं फ्याक्स नं ........... ईमेल ठेगानाः
(हक कायम हुने सबैको लागि)

३. निवेदन साथ संलग्न प्रमाणित कागजात

(क) इजाजतपत्रको प्रतिलिपि
(ख) भौचर/ रसिद
(ग) कर चुक्ता तथा नवीकरण
(घ) सम्पत्ति विवरण र मूल्याङ्कन
(ङ) करार सहमती
(च) कालो सूचीमा नरहेको स्वघोषणा

................................
निवेदक

## अनुसूची-१३
## (दफा २४ को उपदफा (१) सँग सम्बन्धित)
## एफ.एम. रेडियो इजाजतपत्रको ठाउँसारी गराउन दिइने निवेदनको ढाँचा

श्री नगर प्रमुखज्यू
सन्धिखर्क नगरपालिका,
सन्धिखर्क, अर्घाखाँची ।

मैले/हामीले मिति ..................मा प्राप्त गरेको इजाजतपत्र नं. ....... अनुसार सञ्चालित एफ.एम. रेडियोको देहाय बमोजिमको ठाउँसारी गराउन चाहेकोले संलग्न अनुसारको कागजातहरू सहित श्री..................समक्ष अनुरोध गर्दछु/गर्दछौं ।

१. हाल रहेको स्थानको विवरण
   ठेगानाः
   वडा नं
   नगर..... फोन नं....... घर नं फ्याक्स नं ........... ईमेल ठेगानाः
   सम्पर्क व्यक्ति ...............

२. ठाउँसारी हुँदा रहने स्थानको विवरण
   ठेगानाः
   वडा नं
   नगर..... फोन नं....... घर नं फ्याक्स नं ........... ईमेल ठेगानाः

३. निवेदन साथ संलग्न प्रमाणित कागजात
   (क) इजाजतपत्रको प्रतिलिपि
   (ख) भौचर र रसिद
   (ग) ठाउँसारी भई जाने ठाउँको स्वामित्व र स्वीकृति
   (घ) ठाउँसारी भई जाने ठाउँको मापदण्ड
   (ङ) सम्बन्धित वडाको सिफारिस तथा अन्य आवश्यक कागजात ।

................................
निवेदक

# तथ्याङ्क तथा अभिलेख व्यवस्थान ऐन, २०८०

**प्रमाणीकरण मितिः २०८०/११/०४**

**प्रस्तावनाः** नगरपालिकाको सर्वाङ्गिण विकास र समृद्धिका लागि आवश्यक नीति तथा योजना निर्माण तथ्य संगत बनाउन, अभिलेखको व्यवस्थापन र संरक्षण गर्न, साथै तथ्याङ्कको गुणस्तरीय व्यवस्थापनका लागि कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

(१) यस ऐनको नाम" तथ्याङ्क तथा अभिलेख व्यवस्थापन ऐन, २०८० रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) "अभिलेख" भन्नाले नगरपालिकाको कार्यसम्पादनको सिलसिलामा सिर्जना भएका, भविष्यमा प्रयोगमा ल्याउन सकिने तथा प्रमाणका रुपमा रहने, तथ्य वा सूचनाहरूको औपचारिक लेखोटका साथै कुनै ध्वनी, संकेत, फिल्म, भिडियो, समेतलाई सम्झनु पर्छ ।

(ख) "अति महत्वपूर्ण अभिलेख" भन्नाले कहिल्यै पनि नष्ट नहुने कागजातलाई सम्झनु पर्छ ।

(ग) "अनावश्यक अभिलेख" भन्नाले समान्यतया एक वर्षसम्म सुरक्षित राख्नु पर्ने भविष्यमा कुनै पनि मुल्य नभएका कागजातहरू, सामान्य निर्देशन, बिदाका फाराम आदिलाई सम्झनु पर्छ ।

(घ) "उपयोगी अभिलेख" भन्नाले एक देखी दश वर्षसम्म सुरक्षित राख्नुपर्ने परिपत्र, निर्देशन, बिल, भरपाई, विजक वा लेखापरीक्षण प्रतिवेदन आदिलाई सम्झनु पर्छ ।

(ङ) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनु पर्छ ।

(च) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधि, निर्देशिका, मापडण्ड आदिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(छ) "नगरपालिका" भन्नाले सन्धिखर्क नगरपालिकालाई सम्झनु पर्छ ।

(ज) "प्रमुख" भन्नाले नगरपलिकाको प्रमुख सम्झनु पर्छ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ञ) "विषयगत शाखा" भन्नाले नगर कार्यपालिका अन्तर्गतको विषयगत शाखा, उपशाखा, कार्यालय वा इकाईलाई सम्झनु पर्छ ।

(ट) "महत्वपूर्ण अभिलेख" भन्नाले सरकारी कगजात धुल्याउने नियम २०२७ अनुसार दश देखी बीस वर्षसम्म सुरक्षित राख्नु पर्ने कागजात, निश्चित समयसम्म राख्नुपर्ने, हस्तान्तरण गर्नुपर्ने सूचना, खरिद तथा ठेक्कापट्टा लगायतका महत्वपूर्ण प्रतिवेदन सम्झनु पर्छ ।

(ठ) "वडा सचिव" भन्नाले नगरपालिकाको वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न तोकिएको वडा सचिव सम्झनु पर्छ ।

(ड) "वडा समिति" भन्नाले नगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

(ढ) "सदस्य सचिव" भन्नाले सूचना तथा तथ्याङ्क सङ्कलन एवम् अभलेख व्यवस्थापन समितिको सदस्य सचिवलाई सम्झनु पर्दछ ।

(ण) "समिति" भन्नाले सूचना तथा तथ्याङ्क सङ्कलन एंव अभिलेख व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(त) "संयोजक" भन्नाले सूचना तथा तथ्याङ्क सङ्कलन एवम् अभिलेख व्यवस्थापन समितिको संयोजकलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## सूचना सङ्कलन, अनुमति तथा प्रमाणीकरण

**३. सूचना तथा तथ्याङ्क सङ्कलन गर्नेः**

(१) नगरपालिकाले आवश्यकता अनुसार आफ्नो नगरक्षेत्र भित्रको सूचना तथा तथ्याङ्क सङ्कलन गर्नु पर्नेछ ।

(२) नगरपालिकाले सूचना तथा तथ्याङ्क सङ्कलन गर्नु अघि सङ्कलन गर्नुको औचित्य र यसको प्रयोगको सम्बन्धमा सरोकारवालाहरूलाई प्रष्ट पार्नु पर्नेछ ।

**४. सूचना उपलब्ध गराउनु पर्नेः** नगरपालिकाले दफा ३ को उपदफा (२) बमोजिम औचित्य प्रष्ट पारी जुनसुकै व्यक्ति, फर्म, संस्था वा निकायमा सूचना तथा तथ्याङ्क माग गरेमा सम्बन्धित व्यक्ति, फर्म, संस्था वा निकायले त्यस्तो सूचना उपलब्ध गराउनु पर्नेछ ।

**५. सूचना तथा तथ्याङ्क गोप्य राख्नु पर्नेः** प्रचलित कानुन बमोजिम गोप्य राख्नु पर्ने भनिएका सूचना तथा तथ्याङ्क गोप्य राख्नु पर्नेछ ।

**६. पार्श्वचित्र र स्रोत नक्शा निर्माण गर्नेः**

(१) नगरपालिकाले समग्र नगरको अवस्था झल्कने गरी नगर पार्श्वचित्र तथा स्रोत नक्साको निर्माण गर्नेछ ।

(२) पार्श्वचित्र र स्रोत नक्शालाई आवश्यकता अनुसार नियमित रुपमा अद्यावधिक गर्नु पर्नेछ ।

(३) नगरको हरेक योजना निर्माण गर्दा नगर पार्श्वचित्र र स्रोत नक्शालाई आधार बनाइनेछ ।

**७. सूचना तथा तथ्याङ्क प्रयोग वा प्रकाशित गर्नु अघि प्रमाणित गर्नुपर्नेः**

(१) नगरपालिकाले सङ्कलन गरेको प्राथमिक (आधारभुत घरधुरी सर्वेक्षणबाट प्राप्त) तथ्याङ्कहरू प्रयोग वा प्रकाशन गर्नु अघि नगर कार्यपालिकाको बैठकबाट प्रमाणीकरण गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रमाणीकरण नभई तथ्याङ्कहरू प्रयोगमा ल्याउनु हुदैन ।

(३) द्वितीय मध्यमबाट सङ्कलित सूचना तथा तथ्याङ्कहरूको प्रमाणीकरण प्रमुख प्रशासकीय अधिकृतबाट गराउनु पर्नेछ ।

(४) नगरपालिकाबाट प्रमाणित भएका वा प्रकाशित भएका सूचना तथा तथ्याङ्कहरू मात्र आधिकारिक हुनेछन् ।

**८. स्रोत उल्लेख गर्नुपर्नेः**

(१) नगरपालिकाबाट प्राप्त सूचना,तथ्याङ्क तथा अभिलेख कुनै व्यक्ति, संघ/संस्था वा निकायले प्रयोग गर्दा स्रोत उल्लेख गर्नु पर्नेछ ।

**९. अनुमति लिनु पर्नेः**

(१) नगर क्षेत्रमा कुनै व्यक्ति वा संस्थाले कुनै प्रकारका सूचना तथा तथ्याङ्क सङ्कलन गर्न सर्वेक्षण गर्नु परेमा सर्वेक्षण गर्नुपूर्व नगरपालिकाबाट अनिवार्य रुपमा अनुमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना तथा तथ्याङ्क सङ्कलन गर्नको निमित्त स्वीकृति प्राप्त गर्न चाहने व्यक्ति वा संस्थाले सम्बन्धित तथ्याङ्क सङ्कलन गर्नुको कारण, सो तथ्याङ्क सङ्कलन गरिने क्षेत्र, सङ्कलन गर्दा अपनाईने प्रणाली वा कार्यक्रमको सम्बन्धमा विस्तृत विवरण नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(३) नगरपालिकाले आवश्यकता र औचित्यताको आधारमा सर्वेक्षणको अनुमति दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम अनुमति लिईसकेपछि सङ्कलित सर्वेक्षणको नतिजाको एक प्रति नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(५) नगरपालिकाको स्वीकृति लिई सङ्कलन गरेको सूचना तथा तथ्याङ्कको आधिकारिकता प्रमाणित नगरपालिकाले गर्न सक्नेछ ।

## परिच्छेद-३

## अभिलेख व्यवस्थापन सम्बन्धी व्यवस्था

**१०. अभिलेख व्यवस्थापन गर्नुपर्नेः**

(१) कार्य सम्पादनका क्रममा कार्यालयमा सिर्जना भएका वा प्राप्त भएका चिठ्ठि पत्र, फिल्म, भिडियो कागजात आदिलाई तिनको विषय, प्रकृति, समय, र महत्वका

आधारमा सङ्कलन, वर्गीकरण र प्राथमिकीकरण गरी व्यवस्थित रुपमा राख्नु पर्नेछ ।

(२) उत्पादन भएका कागजात तथा सूचना लगायतका अभिलेखलाई व्यवस्थित रुपमा फाइलिङ्ग, प्रतिवेदन तथा रजिस्टर, वेब पेज तथा कम्प्युटरमा सुरक्षित गरेर राख्नु पर्नेछ ।

(३) अभिलेख व्यवस्थापनका निमित्त नगरपालिकाले एक छुट्टै अभिलेख व्यवस्थापन अधिकारी तोक्न सक्नेछ ।

(४) कसैले पनि नगरपालिकाको अभिलेख व्यवस्थापन कार्यमा असहयोग गर्ने, अभिलेखको दुरुपयोग गर्ने तथा अभिलेख व्यवस्थापनमा बाधा पर्ने कार्य गर्नु हुँदैन ।

(५) अभिलेख व्यवस्थापन अधिकारिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

११. **अभिलेखको वर्गीकरणः** अभिलेखको महत्वका आधारमा अभिलेखलाई अति महत्वपूर्ण, महत्वपूर्ण, उपयोगी र अनावश्यक अभिलेखको रूपमा वर्गीकरण गरीसुरक्षित राख्नु पर्नेछ ।

१२. **गोप्य राख्नुपर्ने अभिलेखः** देहायका अभिलेखहरूलाई नगरपालिकाले गोप्य राख्नुपर्ने अभिलेख भनि निर्धारण गर्ने सक्नेछ ।

(क) अवधि तोकी वा नतोकी तोकिएको व्यक्ति बाहेक अरुले हेर्न, सार्न वा सोको प्रतिलिपि लिन नहुने गरी सुरक्षित तरिकाले राख्नको लागि राष्ट्रिय अभिलेखालयमा पठाएका कागजात,

(ख) नगरपालिकाले तोकेको व्यक्ति बाहेक अरुले हेर्न, सार्न वा सोको प्रतिलिपि दिन नहुने भनि तोकिएका अभिलेखहरू,

(ग) नगरपालिकाले निर्धारण गरेका अन्य अभिलेख ।

१३. **अभिलेख हेर्न वा सोको प्रतिलिपि दिन सकिनेः**

(१) कसैले गोप्य राख्नुपर्ने अभिलेख बाहेक अन्य अभिलेख हेर्न चाहेमा नगरपालिकाले तोकिए बमोजिम त्यस्तो अभिलेख हेर्न दिन सक्नेछ ।

(२) कसैले गोप्य राख्नु पर्ने अभिलेख बाहेक अन्य अभिलेख सार्न वा सोको प्रतिलिपि लिन चाहेमा नगरपालिकाले तोकिए बमोजिमको दस्तुर लिई त्यस्तो अभिलेख सार्न वा सोको प्रतिलिपि दिन सक्नेछ ।

१४. **अभिलेखमा केरमेट वा थपघट गर्न नहुनेः**

(१) अभिलेखहरू सुरक्षित राख्नुपर्ने दायित्व भएको अभिलेख व्यवस्थापन अधिकारिले त्यस्ता अभिलेखहरूमा केरमेट गर्न, थपघट गर्न वा उक्त अभिलेख च्यात्न वा कुनै किसिमले नष्ट गर्न हुँदैन ।

(२) अभिलेख हेर्ने सार्ने, वा प्रतिलिपि लिने व्यक्ति वा अन्य कसैले त्यस्तो अभिलेखमा केरमेट गर्न, थपघट गर्न वा उक्त अभिलेख च्यात्न वा नष्ट गर्न हुँदैन ।

## परिच्छेद-४

## सूचना तथ्याङ्क तथा अभिलेख व्यवस्थापन समिति

**१५. सूचना, तथ्याङ्क तथा अभिलेख व्यवस्थापन समिति गठनः**

(१) नगरपालिकाले नगरक्षेत्रको समग्र सूचना, तथ्याङ्क तथा अभिलेख सङ्कलन, प्रशोधन, व्यवस्थापन, भण्डारण तथा प्रकाशन सम्बन्धी कार्यको संयोजन गर्न नगरपालिकाले तोकेको सदस्यको संयोजकत्वमा बढीमा तीन सदस्यीय सूचना, तथ्याङ्क तथा अभिलेख व्यवस्थापन समिति गठन गर्नेछ ।

(२) सूचना, तथ्याङ्क तथा अभिलेख व्यवस्थापन समिति कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**१६. सूचना, तथ्याङ्क तथा अभिलेख व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः**

(१) सूचना, तथ्याङ्क तथा अभिलेख व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा गरीकार्यपालिकामा सिफारिस गर्ने र स्वीकृत नीति, कानुन, मापदण्ड तथा योजनाको प्रभावकारी कार्यान्वयन गर्ने,

(ख) सूचना तथा अभिलेख केन्द्र र रोजगार सूचना केन्द्रको स्थापना तथा सञ्चालन गर्ने,

(ग) जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाईँसराई दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जिकरण व्यवस्थापन गर्ने,

(घ) सङ्कलन गरिने सूचना तथा तथ्याङ्क योजना निर्माण गर्ने,

(ङ) सूचना तथा तथ्याङ्क सङ्कलन गर्ने विधि र प्रक्रिया छनोट गर्ने,

(च) सङ्कलन गरिने सूचना तथा तथ्याङ्कको प्रश्नावली तयार गर्ने र स्वीकृत गर्ने,

(छ) सूचना, तथ्याङ्क तथा अभिलेख सम्बन्धी कार्य सूचना तथा सञ्चार प्रविधियुक्त बनाउने,

(ज) सङ्कलन गरिने सूचना तथा तथ्याङ्कको औचित्यताको बारेमा सरोकारवालाहरूसँग परामर्श गर्ने, नागरिक अभिमुखीकरण कार्यक्रम सन्चालन गर्ने,

(झ) सूचना तथा तथ्याङ्क सङ्कलन गर्ने गणकहरू छनोट गर्ने अभिमुखीकरण गर्ने र परिचालन गर्ने,

(ञ) सूचना तथा तथ्याङ्क सङ्कलनको अनुगमन गर्न सहजीकरण गर्ने,

(ट) सङ्कलन गरिने सूचना तथा तथ्याङ्कको विश्लेषण गर्ने र प्रमाणीकरणको लागि नगर कार्यपालिकामा पेश गर्ने,

(ठ) प्रमाणित सूचना तथा तथ्याङ्कको विश्लेषण गर्ने अभिलेखिकरण गर्ने, पार्श्वचित्र तथा स्रोत नक्सा तयार र प्रकाशन गर्ने,

(ड) सूचना तथ्याङ्क तथा अभिलेख आवश्यकता अनुसार अद्यावधिक गर्ने, प्रमाणित गर्ने प्रकाशन गर्ने,

(ढ) स्थानीय सूचना तथा तथ्याङ्क र अभिलेख व्यवस्थापन सम्बन्धी तोकिएको कार्य गर्ने ।

(ण) प्रदेश र सङ्घीय सरकारका निकायसँग एकीकृत सूचना प्रणालीका लागि समन्वय तथा सहकार्य सम्बन्धी कार्य गर्ने ।

## परिच्छेद-५

## कसुर तथा सजाय

**१७. जरीवानाः**

(१) कसैले यो ऐनको दफा १० को उपदफा (४) विपरित कार्य गरेमा कसुरको प्रकृति र गाम्भिर्यता समेत विचार गरी नगर प्रमुखले अभिलेख सङ्कलन तथा व्यवस्थापन गर्दा लाग्ने खर्च असुल गरी सोही बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) विवरण दिनुपर्ने कर्तव्य भएका कुनै व्यक्तिले जानिजानि कुनै झुटा विवरण दिएमा वा दिलाएमा निजलाई त्यस्तो प्रत्येक कसुरको निमित्त रु पाँच सयसम्म जरिवाना गर्न सक्नेछ ।

(३) अभिलेख सुरक्षित राख्नुपर्ने दायित्व भएको अभिलेख व्यवस्थापन अधिकारीले अभिलेखमा केरमेट वा थपघट गरेमा, च्यातेमा वा नष्ट गरेमा निजलाई दश हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

**१८. उजुरी सुन्ने अधिकारीः**

(१) यस ऐन विपरितको कार्य गर्नेलाई नगरपालिका प्रमुखले ऐनको दफा १७ बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जरिवाना गर्नुभन्दा अगाडि सफाइको मौका दिनुपर्नेछ ।

(३) उजुरी सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**१९. पुनरावेदनः** नगरपालिका प्रमुखले दफा १७ बमोजिम गरेको सजाय उपर चित्त नबुझ्ने पक्षले सो निर्णय भएको मितिले पैंतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

**२०. अन्य प्रचलित कानुन बमोजिम कारबाही हुन सक्नेः** यस ऐन अन्तर्गत कसुर ठहरिने काम गरेकोमा त्यस्तो काम अन्य प्रचलित कानुन बमोजिम पनि कसुर ठहरिने रहेछ भने त्यस्तो कसुरको सन्दर्भमा निजलाई अन्य प्रचलित कानुन बमोजिम कारबाही गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

## परिच्छेद-६

## विविध

२१. **शुल्क तोक्न सक्नेः** नगरपालिकाले सङ्कलन तथा प्रकाशन गरेको सूचना, तथ्याङ्क एवम् अभिलेखको सूचना माग गरेमा कानुन बमोजिम दिन मिल्ने सूचना तोकिए बमोजिमको शुल्क लिई दिइनेछ ।

२२. **परामर्श सेवा लिन सक्नेः** सूचना, तथ्याङ्क तथा अभिलेख व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग लिनु परेमा कुनै निकाय वा विज्ञहरूबाट परामर्श सेवा लिन सकिनेछ ।

२३. **तोकिए बमोजिम हु**नेः सूचना, तथ्याङ्क तथा अभिलेख व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

२४. **नियम बनाउन सक्नेः** नगरपालिकाले यस ऐनलाई कार्यान्वयन गर्न आवश्यकता अनुसार नियमावली, कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ ।

२५. **बाधा अड्काउ फुकाउने अधिकारः** यस ऐनको कार्यान्वयनमा कुनै बाधा परेमा सो बाधा अड्काउ फुकाउने अधिकार सूचना, तथ्याङ्क तथा अभिलेख व्यवस्थापन समितिको सिफारिसमा नगर कार्यपालिकालाई हुनेछ ।

२६. **बचाउः** नगरपालिकाको तथ्याङ्क तथा अभिलेख व्यवस्थापन सम्बन्धमा हालसम्म भए गरेका कार्य यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

# सामाजिक सुरक्षा ऐन, २०८०

**प्रमाणीकरण मितिः २०८०/११/०४**

**प्रस्तावनाः**

नगरपालिका क्षेत्रभित्र बसोवास गर्ने आर्थिक रूपले विपन्न, अशक्त असहाय, जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका, बालबालिका तथा आफ्नो हेरचाह आफै गर्न नसक्ने नागरिकको सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गर्न साथै नगरपालिकाले प्रदान गर्ने सामाजिक सुरक्षा भत्ता वितरण गर्दा व्यवस्थित, प्रभावकारी तथा पारदर्शी ढङ्गले वितरण गर्न र सोको प्रक्रिया निर्धारणका लागि आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम"सामाजिक सुरक्षा ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) "अशक्त र असहाय" भन्नाले आर्थिक रूपले विपन्न, शारीरिक वा मानसिक रूपले श्रम गर्न अशक्तता भएको, पालनपोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएको व्यक्ति सम्झनु पर्छ ।

(ख) "अपाङ्गता भएका" भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा ईन्द्रीय सम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (फङ्सनल ईम्पेरिमेन्ट) वा विद्यमान अवरोधका कारण अन्य सामान्य व्यक्ति सरह समान आधारमा सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनु पर्छ ।

(ग) "आर्थिक रूपले विपन्न" भन्नाले जीवनयापन गर्ने कुनै आधार, आयस्रोत वा सम्पत्ति नभएको, नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको भन्दा न्यून आय भएका व्यक्ति सम्झनु पर्छ ।

(घ) "आफ्नो हेरचाह आफै गर्न नसक्ने" भन्नाले अल्जाइमर्स, पार्किन्सस, स्पाइनल कर्ड इन्जुरी, ब्रेन ह्यामरेज, सुस्त मनस्थिति, पक्षघात, सिकल सेल एनिमिया, मानसिक अवस्था ठिक नभएको, अटिजम जस्ता रोगबाट ग्रसित भई आफ्नो हेरचाह आफै गर्न नसक्ने अवस्थामा रहेका भनी चिकित्सकबाट प्रमाणित भएका व्यक्ति सम्झनु पर्छ ।

(ङ) "उपप्रमुख" भन्नाले नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।

(च) "एकल महिला" भन्नाले सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेका, विधवा, न्यायिक पृथकीकरण गरी बसेका, लगातार बाह्र वर्षदेखि पतिको सम्पर्कमा नरहेका, लैङ्गिक हिंसामा परी विवाहित वा अविवाहित रूपमा एक्लो जीवन व्यतित गरिहरेका वा चालीस वर्ष उमेर पूरा भएका विवाह नगरेका महिला सम्झनु पर्छ ।

(छ) "तोकिएको" वा" तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ज) "नगरपालिका" भन्नाले सन्धिखर्क नगरपालिकालाई सम्झनु पर्छ ।

(झ) "प्रमुख" भन्नाले सन्धिखर्क नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(ञ) "भत्ता" भन्नाले यस ऐन बमोजिम प्रदान गरिने सामाजिक सुरक्षा भत्ता सम्झनु पर्छ ।

(ट) "संरक्षक" भन्नाले मुलुकी देवानी संहिता, २०७४ को दफा १३५ बमोजिमको संरक्षकलाई सम्झनु पर्छ । साथै यो शब्दले भत्ता पाउन योग्य बालबालिकाको संरक्षण तथा पालनपोषण गर्ने निजको आमा र आमा नभएको अवस्थामा निजको बाबु वा संरक्षण गर्ने व्यक्ति समेतलाई बुझाउँछ ।

(ठ) "सामाजिक सुरक्षा पाउने व्यक्ति" भन्नाले यस ऐन बमोजिम सामाजिक सुरक्षा भत्ता पाउने नगरबासी नागरिकलाई सम्झनु पर्छ ।

(ड) "सामाजिक सुरक्षा" भन्नाले यस ऐन बमोजिम सामाजिक सुरक्षा भत्ता पाउने नगरबासी नागरिकलाई दिइने नगद, भत्ता वा सहायता सम्झनु पर्छ ।

## परिच्छेद-२
## सामाजिक सुरक्षा भत्ता सम्बन्धी व्यवस्था

**३. सामाजिक सुरक्षा भत्ता पाउनेः**

(१) नेपाल सरकारले उपलब्ध गराउने सामाजिक सुरक्षा भत्ताका अतिरिक्त नगरपालिकाले आफ्नै स्थानीय स्रोत जुटाई आवश्यकताका आधारमा देहाय बमोजिमका नगरबासी नागरिकलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन सक्नेछः-

(क) जेष्ठ नागरिक,

(ख) आर्थिक रूपले विपन्न,

(ग) अशक्त र असहाय अवस्थामा रहेका व्यक्ति,

(घ) असहाय एकल महिला,

(ङ) अपाङ्गता भएका,

(च) बालबालिका,

(छ) आफ्नो हेरचाह आफै गर्न नसक्ने,

(ज) नगरपालिकाले आवश्यक ठानी निर्धारण गरेका अन्य नागरिक ।

(२) उपदफा (१) बमोजिम वितरण गरिने भत्ताहरु सामाजिक सुरक्षा भत्ताका नाममा वितरण गरिनेछ ।

(३) सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) **नाम दर्ताका लागि निवेदन दिनु पर्ने:** दफा ३ बमोजिम सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिले यस ऐन बमोजिमको सामाजिक सुरक्षा भत्ता पाउनको लागि नगरपालिकामा निवेदन दिनु पर्नेछ । तर आफैले निवेदन दिन नसक्ने व्यक्तिको तर्फबाट निजको संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछ ।

(५) **निवेदनका साथ संलग्न गर्नुपर्ने:**

(१) यस ऐन बमोजिम भत्ता पाउन योग्य र ईच्छुक नेपाली नागरिकले सामाजिक सुरक्षा भत्ताको लाभग्राहीको रूपमा सूचिकृत हुनका लागि नगरपालिकाले तोके बमोजिमका कागजपत्र सहित निवेदन दिन सक्नेछः

(२) यस दफा बमोजिम प्राप्त निवेदनमा नगरपालिकाको महिला बालबालिका, ज्येष्ठ नागरिक तथा सामाजिक विकास शाखाले छानबिन गरी रितपूर्वक भएमा नगरपालिकाको स्थानिय सामाजिक सुरक्षा भत्ता वितरण सिफारिस समितिमा पेस गर्नु पर्नेछ ।

(३) रितपूर्वक कागजात नपुगेको अबस्थामा सम्बन्धित व्यक्तिलाई कारण खुलाई लिखित जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (२) मा उल्लेख भए बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन ।

(क) नगर प्रमुख - संयोजक

(ख) उपप्रमुख - सहसंयोजक

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सामाजिक विकास समितिका संयोजक - सदस्य

(ङ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(च) महिला बालबालिका ज्येष्ठ नागरिक तथा सामाजिक शाखा प्रमुख - सदस्य सचिव

(५) उपदफा (४) मा उल्लेख भए बमोजिमको समितिले प्रारम्भिक जाँचबुझ गरी मनासिव देखिएमा निवेदन स्वीकृत गरी सिफारिस गर्नु पर्नेछ ।

(६) रितपूर्वक निवेदन प्राप्त भई सिफारिस भएमा निवेदन पेस गरेको महिना पछि लगत्तै आउने अर्को महिनाबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्नु पर्नेछ ।

(७) उपदफा (१) बमोजिमको निवेदनको ढाँचा तोकिए बमोजिम हुनेछ ।

(६) **दोहोरो सामाजिक सुरक्षा नपाउने:**

(१) कुनै नगरबासी नागरिकले यस ऐनको दफा ३ बमोजिम एकभन्दा बढी प्रकारको सामाजिक सुरक्षा भत्ता पाउने रहेछ भने निजले रोजेको कुनै एक मात्र सामाजिक सुरक्षा भत्ता पाउनेछ ।

(२) कुनै व्यक्तिले यस ऐन र प्रचलित कानुन बमोजिम एकै प्रकारको सुविधा पाउने रहेछ भने निजले रोजे बमोजिम कुनै एक सुविधा मात्र लिन पाउनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्य प्रचलित कानुन बमोजिम भत्ता पाएको बालबालिकाले बालपोषण भत्ता समेत प्राप्त गर्न सक्नेछ ।

(७) **प्रचलित कानुन बमोजिमको सुविधा पाउनेः** दफा ६ मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिले प्रचलित कानुन बमोजिम पाउने अन्य प्रकारको सामाजिक सुरक्षा पाउन यस ऐनले बाधा पार्ने छैन ।

(८) **सामाजिक सुरक्षा भत्ता नपाउनेः**

(१) देहाय बमोजिमको व्यक्तिले यस ऐन बमोजिमको सामाजिक सुरक्षा भत्ता पाउने छैनः-

(क) कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित वा मनोनित भई बहाल रहेको व्यक्ति,

(ख) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएको सङ्गठित संस्थाबाट नियमित रूपले पारिश्रमिक, निवृत्तभरण, अवकाश सुविधा वा अन्य सुविधा पाइरहेको व्यक्ति ।

(९) **परिचयपत्रः**

(१) यस ऐन बमोजिम सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिलाई नगरपालिकाले तोकेको ढाँचामा परिचयपत्र उपलब्ध गराउने छ ।

(२) उपदफा (१) बमोजिमको परिचय पत्र नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीले जारी गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम दिइने परिचयपत्रमा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको संरक्षक, माथवर, वा स्याहार गर्ने व्यक्तिको परिचय समेत खुलाउनु पर्नेछ ।

(४) अपाङ्गता सम्बन्धी परिचयपत्र प्रत्येक वर्ष नगरपालिकाले पुनरावलोकन गरी अभिलेख अद्यावधिक सक्नेछ ।

(५) उपदफा (१) बमोजिम प्रदान गरिने परिचयपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) उपदफा (१) बमोजिमको परिचयपत्र नलिएको व्यक्तिले सामाजिक सुरक्षा भत्ता पाउने छैन ।

(१०) **सामाजिक सुरक्षा भत्ता वितरणः**

(१) दफा ९ बमोजिमको परिचय पत्रको आधारमा नगरपालिकाले सामाजिक सुरक्षा भत्ता वितरण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले सामाजिक सुरक्षा भत्ता वितरण गर्ने प्रक्रिया तथा माध्यम तोकिए बमोजिम हुनेछ ।

(११) **बैंक मार्फत भत्ता विवरणः**

(१) नगरपालिकाले नेपाल राष्ट्र बैङ्कबाट ईजाजत प्राप्त बैङ्कमार्फत भत्ता वितरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बैङ्क छनोट भईसकेपछि नगरपालिका र सम्बन्धित बैङ्कबिच सम्झौता गर्नु पर्नेछ ।

(३) सामाजिक सुरक्षा भत्ताको भुक्तानी बैंकिङ्क प्रणालीबाट मात्र गरिनेछ ।

(१२) **अभिलेख राख्नु पर्नेः**

(१) नगरपालिकाले यस ऐन बमोजिम लाभग्राही तथा वितरण गरेको सामाजिक सुरक्षा भत्ताको अभिलेख तोकिए बमोजिमको ढाँचामा राख्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेख व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१३) **सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको नाम हटाउनेः**

(१) नगरपालिकाले देहायको अवस्थामा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको नाम आफ्नो अभिलेखबाट हटाउनेछः-

(क) सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति बसाई सरी अन्यत्र गएमा,

(ख) असहाय एकल महिलाले विवाह गरेमा,

(ग) यस ऐन बमोजिम सामाजिक सुरक्षा भत्ता पाउन योग्य नभएमा, मृत्यु भएमा मा तोकिए बमोजिमका अन्य अवस्थामा ।

(२) उपदफा (१) को खण्ड (क) बमोजिम सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति बसाइँ सरी अन्यत्र जाने भएमा नगरपालिकाले परिचयपत्रमा सोही व्यहोरा उल्लेख गरिदिनु पर्नेछ ।

(१४) **बजेट व्यवस्थापनः** यस ऐन बमोजिम प्रदान गरिने सामाजिक सुरक्षा भत्ताको व्यवस्था नगरपालिकाले गर्नेछ र त्यस्तो बजेट सामाजिक सुरक्षा भत्ता बाहेक अन्य काममा खर्च गर्न पाईने छैन ।

## परिच्छेद-३
## कसुर र सजाय

(१५) **कसुर र सजायः**

(१) कसैले देहायको कार्य गरेमा यस ऐन बमोजिम कसुर गरेको मानिनेछः-

(क) विवरण ढाँटी सामाजिक सुरक्षा भत्ता लिएमा,

(ख) यो ऐन वा यस अन्तर्गत बनेको नियम विपरीत सामाजिक सुरक्षा भत्ता लिएमा,

(ग) कुनै व्यक्तिले प्राप्त गरेको सामाजिक सुरक्षा भत्ता निजको संरक्षक माथवर वा स्याहार गर्ने व्यक्ति वा अन्य व्यक्तिले दुरुपयोग गरेमा वा निजको हीत विपरीत प्रयोग गरेमा,

(घ) सामाजिक सुरक्षा भत्ता वितरण गर्ने अधिकारीले सामाजिक सुरक्षा भत्ताको दुरुपयोग गरेमा,

(ङ) गलत विवरण पेस गरेमा वा गलत सिफारिस गरेमा ।

(२) कसैले उपदफा (१) को खण्ड (क), (ख) वा (ग) बमोजिमको कसुर गरेमा वा खण्ड (ङ) बमोजिम गलत विवरण पेस गरी वा जानी-जानी गलत सिफारिस पेस गरी रकम लिएमा नगर प्रमुखले त्यस्तो व्यक्तिले लिएको रकम असुल गरी निजलाई बिगो बराबर जरिबाना गर्न सक्नेछ ।

(१६) **पुनरावेदनः** दफा १५ बमोजिम नगर प्रमुखले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतिस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

(१७) **प्रचलित कानुन बमोजिम सजाय हुनेः** यस ऐन अन्तर्गत कसुर मानिने कुनै कार्य अन्य प्रचलित कानुन बमोजिम समेत कसुर हुने रहेछ भने त्यस्तो कसुरमा प्रचलित कानुन बमोजिम मुद्दा चलाई कारबाही गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

## परिच्छेद-४
## विविध

(१८) **अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्थाः** नगरपालिकाको प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतले भत्ता विवरण सम्बन्धी कार्य प्रक्रियाको निरीक्षण र अनुगमन गर्न सक्नेछ ।

(१९) **विवरण पेस तथा समीक्षा गर्नुपर्नेः**

(१) भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण नगर कार्यपालिकामा पेस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विवरण अर्धवार्षिक एवम् वार्षिक प्रगति प्रतिवेदन को रूपमा कार्यपालिकामा पेस गरी समीक्षा समेत गर्नु पर्नेछ ।

(२०) **पारदर्शिता कायम गर्नुपर्नेः** नगरपालिकाले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैङ्क, लाभग्राहीले पूरा गर्नुपर्ने प्रक्रिया, जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रूपमा प्रचार प्रसार गर्नु पर्नेछ ।

(२१) **नियम बनाउने अधिकारः** यो ऐनको उद्देश्य परिपूर्ति गर्न नगरपालिकाले आवश्यक नियम, कार्यविधि तथा निर्देशिका समेत बनाउन सक्नेछ ।

(२२) **यसै ऐन बमोजिम हुनेः** यस ऐनमा लेखिएको कुराको हकमा यसै ऐन बमोजिम र अन्य कुराका हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२३) **बचाउः** (१) नगरपालिकाबाट सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

# सिँचाइ ऐन, २०८०

**प्रमाणीकरण मिति २०८०/११/०४**

**प्रस्तावनाः**

जलस्रोतको उपयोगबाट सिँचाइ सेवाको व्यवस्थापन गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गरी नागरिकको मौलिक हकको रूपमा रहेको खाद्य सुरक्षाको सुनिश्चितता गर्ने र कृषि क्षेत्रको व्यावसायीकरणबाट आयआर्जन बढाउने उद्देश्यले भरपर्दो, पहुँचयोग्य र सहभागितामूलक सिँचाइ सेवा उपलब्ध गराउने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम"सन्धिखर्क नगरपालिकाको सिँचाइ ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) "आयोजना" भन्नाले नगरपालिकाले यस ऐन अनुसार सञ्चालन गर्ने साना सिँचाइ आयोजना सम्झनु पर्दछ ।

(ख) "उपभोक्ता" भन्नाले अनुदानमा साना सिँचाइ कार्यक्रम सञ्चालन गर्न इच्छुक कृषि व्यवसाय गर्ने उद्देश्य लिई सम्बन्धित सरकारी निकायमा दर्ता भएका कृषक/कृषक समुह/कृषि सहकारी संस्था, निजी कृषि फर्म वा सिँचाइ प्रयोजनका लागि नगरपालिकामा दर्ता भएका उपभोक्ता समितिहरूलाई सम्झनु पर्दछ ।

(ग) "कार्यालय" भन्नाले सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(घ) "तोकिएको" वा"तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(ङ) "नगरपालिका" भन्नाले सन्धिखर्क नगरपालिका सम्झनु पर्दछ ।

(च) "वडा" भन्नाले सन्धिखर्क नगरपालिकाका सम्पुर्ण वडाहरू सम्झनु पर्दछ ।

(छ) "शाखा" भन्नाले सन्धिखर्क नगरपालिकाको कृषि विकास शाखालाई सम्झनु पर्दछ ।

(ज) "समिति" भन्नाले नगरपालिकाको आर्थिक विकास समितिलाई सम्झनु पर्दछ ।

(झ) "सहकारी संस्था" भन्नाले कृषि सहकारी संस्थालाई सम्झनु पर्दछ ।

(ञ) "सिँचाइ" भन्नाले प्राकृतिक रुपमा खोला, ताल वा पानीको मुहानमा उपलब्ध पानीलाई बोट बिरुवा तथा बाली विकासको लागि कृत्रिम तरिकाबाट बोट बिरुवासम्म पानी पुऱ्याउने प्रक्रियालाई सम्झनु पर्दछ ।

(ट) "सिँचाइ कार्यक्रम" भन्नाले कम्तीमा २ बिगाहा क्षेत्रफलमा सिँचाइ सुविधा दिनेगरी सञ्चालन गरिएको सिँचाइ (थोपा सिँचाइ, भूमिगत सिँचाइ, सतह सिँचाइ, सोलार सिँचाइ, लिफ्ट सिँचाइ, कुलो निर्माण तथा मर्मत) कार्यलाई सम्झनु पर्दछ ।

(ठ) "सिँचाइ संरचना" भन्नाले सिँचाइ सुविधा उपलब्ध गराउन मुहानदेखि सिंचित क्षेत्रसम्म निर्माण गरिएका भौतिक संरचना र यसले चर्चेको जमिन, त्यसैसँग सम्बन्धित सडक बाटो वा त्यस्तै अन्य भौतिक संरचना सम्झनु पर्दछ ।

(ड) "सिंचित क्षेत्र" भन्नाले कुनै खास सिँचाइ सेवा पुगेको वा पुग्ने क्षेत्रलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२
## सिँचाइ कार्यक्रमको क्षेत्राधिकार र सिँचाइ प्रणाली विकास सम्बन्धी व्यवस्था

**३. सिँचाइ कार्यक्रमको क्षेत्राधिकारः**

(१) नगरपालिकाबाट नयाँ निर्माण/सुदृढीकरण गरिने सिँचाइ कार्यक्रम भन्नाले दश हेक्टर भन्दा तलको क्षेत्रफलमा सिँचाइ सुविधा दिनेगरी सञ्चालन गरिएको सिँचाइ कार्यक्रम हुनेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घीय तथा प्रदेश कानुनले उपदफा (१) भन्दा फरक ढङ्गले न्यूनतम तथा अधिकतम सीमा तोकेमा सोहि कानुन बमोजिम हुनेछ ।

**४. सिँचाइ प्रणालीको विकासः**

(१) नगरपालिकाले जलस्रोतको विकास र उपयोगका लागि नगरको समग्र सिँचाइ प्रणालीहरूको गुरुयोजना बनाई सोको मार्गचित्र तयार गरी कार्यान्वयन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मार्गचित्रमा जलस्रोतको उपयोग, उपयोग गर्ने तरिका, व्यवस्थापनको ढाँचा, सञ्चालन तथा नियमन गर्ने विधि तोकिए बमोजिम हुनेछ ।

**५. अनुमति बिना सिँचाइ प्रणालीको निर्माण र विकास गर्न नहुनेः**

(१) कसैले पनि नगरपालिका वा नगरपालिकाले तोकेको शाखा वा अधिकारीको अनुमति प्राप्त नगरी कुनै किसिमको सिँचाइ प्रणालीको सर्वेक्षण, निर्माण र विकास गर्न वा सिँचाइ प्रयोजनका लागि जलस्रोतको प्रयोग गर्न वा गराउन पाउने छैन ।

तर, नगरपालिका आफैले सिँचाइ प्रणालीको सर्वेक्षण निर्माण र विकास गर्न चाहेमा कुनै किसिमको अनुमति लिनुपर्ने छैन ।

६. **अन्य प्रयोजनका लागि पानीको प्रयोग गर्न सकिने**ः नगरपालिकाले नगरपालिका अन्तर्गत निर्माण वा विकास गरेको वा निर्माणाधीन वा अनुमति प्राप्त सिँचाइ प्रणाली वा यो ऐन प्रारम्भ हुदाका बखत कायम रहेको सिँचाइ प्रणालीमा उपलब्ध रहेको पानीको सिंचित क्षेत्रको सिँचाइ सेवामा प्रतिकुल असर नपर्ने गरी घरेलु उपयोग, पशुपालन र प्रचलित कानुन बमोजिम मत्स्यपालन, जल परिवहन, जलविहार वा तोकिए बमोजिमको अन्य प्रयोजनमा उपयोग गर्न सक्नेछ ।

## परिच्छेद-३
## आयोजनाको छनोट सम्बन्धी व्यवस्था

७. **आयोजनाको छनोट तथा निर्माणः** यस ऐन बमोजिम नगरपालिकाले सिँचाइ कार्यक्रमको छनोट तथा निर्माण गर्दा तोकिए बमोजिमको मापदण्ड पुरा गरी देहायको प्रक्रिया समेत अवलम्बन गर्नुपर्नेछः

(१) सिँचाइ अनुरोधपत्र मार्फत माग सङ्कलन गर्ने र यथासम्भव उपभोक्ता संस्थाका प्रतिनिधि एवम् सरोकारवालासँग परामर्श गर्ने,

(२) आयोजना निर्माण वा कार्यान्वयन गर्दा उपभोक्ताहरूले तोकिए बमोजिमको लागत सहभागिता वा जनसहभागिता जनाउनुपर्ने ।

८. **प्रतिकुल असर पर्नेगरी सिँचाइ आयोजना कार्यान्वयन गर्न नहुनेः**

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै जलस्रोतबाट निर्मित सिँचाइ प्रणालीलाई असर पार्ने गरि सोहि आयोजनाको पाँचसय मिटर माथिल्लो भाग (अपस्ट्रिम) मा नयाँ आयोजनाको निर्माण गर्न सकिने छैन ।

तर, नगरपालिकाले व्यापक सार्वजनिक उपयोगका लागि त्यस्तो स्रोतको माथिल्लो भागमा नयाँ आयोजना छनोट र विकास गर्न यो दफाले प्रतिकुल असर पार्ने छैन ।

स्पष्टिकरणः यस दफाको प्रयोजनका लागि"व्यापक सार्वजनिक उपयोग" भन्नाले देहायको अवस्थामा भएको जलस्रोतको उपयोग सम्झनु पर्दछ ।

(क) विद्यमान उपयोगबाट लाभान्वित भएका जनसंख्यालाई प्रतिकुल असर नपर्ने गरी सो भन्दा बढी जनसंख्यालाई लाभ हुने सिँचाइ आयोजना भएमा,

(ख) सामाजिक न्यायको दृष्टिकोणले नयाँ आयोजना छनोट गरी कार्यान्वयन गर्नुपर्ने र त्यसरी योजना कार्यान्वयन गर्दा विद्यमान सिँचाइ प्रणाली उपर सारभुत रुपमा तत्काल असर पर्ने नभएमा,

(ग) विद्यमान आयोजना र नयाँ आयोजनाका उपभोक्ताबिच पानीको बाँडफाँट गर्ने सहमति भएमा,

(२) उपदफा (१) बमोजिम नयाँ आयोजना छनोट तथा निर्माण गरेको कारणबाट तत्काल कायम रहेको सिँचाइ प्रणालीको उपभोक्तालाई सारभूत रुपमा प्रतिकुल असर पर्ने भएमा त्यस्ता उपभोक्तालाई उचित क्षतिपूर्ति दिनु पर्नेछ ।

**९. निजी क्षेत्रसँग सहकार्य गर्ने सक्नेः**

(१) कुनै खास सिँचाइ प्रणाली वा सिँचाइको साथ साथै जलस्रोतको अन्य उपयोग गर्दा व्यावसायिक दृष्टिकोणले सम्भाव्य देखिएमा नगरपालिकाले आयोजनाको पहिचान, छनोट, निर्माण, कार्यान्वयन, मर्मत सम्भार, सुधार, सञ्चालन तथा व्यवस्थापनमा सार्वजनिक निजी साझेदारीको आधारमा निजी क्षेत्रसँग तोकिए बमोजिम सहकार्य गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले आयोजनाको पहिचान, छनोट, निर्माण, कार्यान्वयन, मर्मत सम्भार, सुधार, सञ्चालन तथा व्यवस्थापन मध्ये आवश्यकता अनुसार कुनै वा सबै कामहरूमा निजी क्षेत्रलाई संलग्न गराउन वा जिम्मा दिन सक्नेछ ।

**१०. सिँचाइ आयोजना कार्यक्रम सञ्चालनका लागि उपभोक्ताबाट निवेदन संकलन गरिनुपर्नेः** सिँचाइ कार्यक्रम सञ्चालन गर्न निवेदन सङ्कलनका लागि निम्न प्रक्रियाहरू अवलम्बन गर्नु पर्नेछ ।

(क) सूचनाप्रवाह-नगरपालिकाले सिँचाइ विशेष कार्यक्रम सञ्चालन गर्दा अपनाउनु पर्ने आधारहरू तथा कार्यविधि बारे सम्बन्धित सबै वडा कार्यालय मार्फत न्यूनतम तीस दिने सूचना प्रवाह गराउनु पर्नेछ ।

(ख) निवेदन सङ्कलन-उपर्युक्त कार्यक्रम अन्तर्गत सञ्चालन हुने कुनैपनि सिँचाइ आयोजना कार्यान्वयनको लागि कृषक/कृषक समूह/कृषि वा बहुउद्देश्यीय सहकारी वा संस्था, निजी कृषि फर्म वा कम्पनी र कृषि उद्यमीहरूबाट आधिकारिक दर्ताको प्रमाण-पत्र, जग्गा धनी प्रमाणपुर्जाको प्रतिलिपि (ऐलानिको हकमा वडा कार्यालयको सिफारिस) र वडाको सिफारिस सहित अनुसूची-१ अनुसारका कागजात संलग्न राखी तोकिएको समयभित्र नगरपालिकामा निवेदन पेस गर्नु पर्नेछ ।

(ग) आयोजनको अनुमानित लागत अनुसूची-२ अनुसारको फाराम भरी निवेदन साथ पेस गर्नु पर्नेछ र उपभोक्ताले बेहोर्ने जनश्रमदान बापतको प्रतिशत समेत आफ्नो निवेदनमा खुलाउनु पर्नेछ ।

(घ) अनसूची-३ बमोजिम सिँचाइ कार्यक्रमको संक्षिप्त कार्ययोजना समेत निवेदन साथ पेस गर्नु पर्नेछ ।

**११. कार्यक्रमको छनोटको प्रक्रियाः** दफा १० को खण्ड (ख) अनुसार दर्ता भएका निवेदनहरूबाट आयोजना छनोट गर्न देहायका आधारहरूलाई ध्यान दिनुपर्नेछ ।

(१) कृषक/कृषक समूह/सहकारीसंस्था निजी कृषि फर्म वा कम्पनी र कृषि उद्यमीको लागि आयोजना छनोट गर्ने सम्बन्धमा सम्बन्धित निकायबाट गठन एवम् दर्ता भई कम्तीमा एकवर्षको अवधि पुरा गरेका, नियमित बैठक बस्नुका साथै लेखापरीक्षण अध्यावधिक भएको र कृषि विकासको लागि सकृय रुपले कृयाशील रहेको हुनुपर्नेछ ।

(२) कृषक समूह/सहकारी संस्थाले कार्यक्रम सञ्चालन गर्न कूल लागतको न्यूनतम ५ प्रतिशत जनश्रमदान बेहोर्ने प्रतिबद्धता गरेको हुनुपर्नेछ भने कृषक/कृषि उद्यमी/कृषि फर्मले कुल लागतको सम्भव भएसम्मको जनश्रमदान बेहोर्ने प्रतिबद्धता गरेको हुनुपर्नेछ ।

(३) कार्यक्रम छनोट गर्दा दलित, मुक्त कमैया, सामाजिक रुपमा पिछडिएका तथा विपन्न वर्गका महिला कृषक समूहको सहभागिता हुनेगरी छनोट हुनुपर्नेछ ।

(४) कृषक/कृषि उद्यमीका लागि दश हेक्टर तलका क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध हुने निश्चित गर्नु पर्नेछ ।

(५) कृषि व्यवसायीकरण (नगदेवाली) तर्फ उन्मुख गराउने कार्यक्रम सञ्चालन भएका स्थलहरूमा सिँचाइ सुविधा पुऱ्याउने दृष्टिकोण राख्नुपर्नेछ ।

(६) दफा १० को खण्ड (ख) अनुसार दर्ता भएका निवेदनहरूको कृषि विकास शाखाबाट स्थलगत अनुगमन गरी उपयुक्त देखिएका आयोजनाहरूको विवरण समितिमा पेस गर्नु पर्नेछ ।

(७) दफा ११ को खण्ड (च) अनुसार पेस भएका आयोजनाहरू आर्थिक विकास समितिमा पेस भएपछी आयोजनाहरूको छनोट र बजेट बाँडफाँटको निर्णय समितिले गर्नेछ ।

(८) सिँचाइ कार्यक्रम सञ्चालनका लागि समितिले कार्यक्रम संयोजक तोक्न सक्नेछ ।

**१२. नगरपालिका स्तरीय कृषि विकास समिति रहनेः**

(१) दर्ता भइ आएका निवेदन उपर छानविन तथा मूल्याङ्कन गर्नको लागि देहाय बमोजिमको नगरपालिकास्तरीय कृषि विकास समिति रहनेछ ।

| | | |
|---|---|---|
| (क) | नगर प्रमुख | -संयोजक |
| (ख) | नगर उपप्रमुख | -सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (घ) | आर्थिक विकास समिति संयोजक | -सदस्य |
| (ङ) | आर्थिक प्रशासन शाखा प्रमुख | -सदस्य |
| (च) | पूर्वाधार विकास समिति संयोजक | -सदस्य |
| (छ) | पूर्वाधार तथा शहरी विकास शाखा प्रमुख | -सदस्य |
| (ज) | कृषि विकास शाखा प्रमुख | -सदस्य-सचिव |

(२) समितिको बैठकमा आवश्यकता अनुसार आमन्त्रित सदस्य बोलाउन सकिनेछ ।

## परिच्छेद-४
## कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

**१३. कार्यक्रम सञ्चालनः**

(१) नगर कार्यपालिकाको कार्यालयले अग्रसरता लिई सम्बन्धित कृषक/कृषक समूह/कृषि वा बहुउद्देश्यीय सहकारी संस्था, निजी कृषि फर्म वा कम्पनी र कृषि उद्यमीलाई पारदर्शिता अपनाई निर्माण कार्य गराउनु पर्नेछ ।

(२) निर्माण कार्यसम्बन्धी प्रक्रियागत एवम् व्यवस्थापकीय जिम्मेवारी नगर कार्यपालिकाको कार्यालयको कृषि विकास शाखाको रहनेछ ।

**१४. कार्यक्रम सञ्चालनका प्रक्रियाः**

(१) कार्यक्रम सञ्चालनका लागि तपसिल अनुसारका प्रक्रियाहरू अवलम्बन गरिनेछ ।

(क) दफा ११ खण्ड (छ) अनुसार छनोट भएका सिँचाइ आयोजनाहरूको नगरपालिकाको ईन्जिनियर/सब-इन्जिनियर/असिस्टेन्ट सब-इन्जिनियरबाट स्थलगत सर्वेक्षण गरी लागत अनुमान सहितको प्रस्ताव तयार गरी स्वीकृतिका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेस गर्नु पर्नेछ ।

(ख) लागत अनुमान तयार गर्दा लागत अनुमानको तीन प्रतिशत कन्टिन्जेन्सी स्वरुप राख्न सकिनेछ ।

(ग) दफा १४ को खण्ड (क) अनुसार अनुमान तयार गर्दा नगरपालिकाबाट प्रदान गरिने अनुदान र उपभोक्ताले व्यहोर्नुपर्ने जनश्रमदान बापतको रकम स्पष्ट खुलाई राख्नुपर्नेछ ।

(घ) दफा १४ को उपदफा (१) को खण्ड (क) अनुसारको स्वीकृत अनुमानित लागत प्राप्त भईसकेपछि कृषि विकास शाखाबाट उपभोक्तासँग अनुसूची-४ अनुसार सम्झौता गर्नु पर्नेछ ।

**१५. सिँचाइ प्रणालीको सञ्चालन, व्यवस्थापन तथा संरक्षणः** यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक सिँचाइ आयोजनाको सञ्चालन, व्यवस्थापन, मर्मत, सम्भार तथा आयोजना क्षेत्रको अन्य प्रयोग सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१६. मर्मत/सम्भारः** आयोजना सम्पन्न भैसकेपछि सोको मर्मत/सम्भार गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित कृषक/कृषक समूह/कृषि वा बहुउद्देश्यीय सहकारी संस्था, निजी कृषि फर्म वा कम्पनी/कृषि उद्यमीको हुनेछ । साथै नियमित मर्मत सम्भारका लागि एक छुट्टै कोष रहनेछ । तर प्राकृतिक प्रकोपका कारण आयोजनामा क्षति भई सम्बन्धित कृषक/कृषक समूह कृषि सहकारी संस्थाको काबु बाहिरको परिस्थिति सृजित हुन गएमा त्यस्ता आयोजनामा नगरपालिकाले आकस्मिक कोषबाट पुनर्निर्माण/मर्मत सम्भार गर्ने जिम्मेवारी लिनेछ ।

**१७. कार्य सम्पन्न प्रतिवेदनः** डिजाइन, लागत अनुमान र सम्झौता अनुसार आयोजना (स्कीम) को कार्य पूर्णरुपले सम्पन्न भई सञ्चालन भएको अवस्थामा तपसिल बमोजिमको कार्य सम्पन्न प्रतिवेदन दिनुपर्नेछ ।

(क) निर्माण कार्य सुपरिवेक्षण गर्ने वा फाइनल बिल तयार गरी भुक्तानीको लागि पेस गर्ने वा सुपरिवेक्षण गरी फाईनल विल तयार गर्ने प्राविधिकले आईटम अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गरी सम्बन्धित कृषक/कृषक समूह/कृषि वा बहुउद्देश्यीय सहकारी संस्था, निजी कृषि फर्म वा कम्पनी र कृषि उद्यमी लाई उपलब्ध गराउनु पर्नेछ ।

(ख) यसरी प्राप्त कार्य सम्पन्न प्रतिवेदनबारे कृषक/कृषक समूह/कृषि वा बहुउद्देश्यीय सहकारी संस्था, निजी कृषि फर्म वा कम्पनी र कृषि उद्यमीलाई सम्बन्धित वडा कार्यालय र तोकिएको प्राविधिकबाट निरीक्षण गरी सन्तोषजनक रुपमा सम्पन्न भएको पाइएमा निर्माण कार्यको अन्तिम भुक्तानीको लागि कृषक/कृषक समूह/कृषि वा बहुउद्देश्यीय सहकारी संस्था निजी कृषि फर्म वा कम्पनी र कृषि उद्यमीको बैठकबाट निर्णय गराई सार्वजनिक सुनुवाई (खर्च अनुमोदन) गरी वडा कार्यालयको सिफारिस सहित नगरकार्यपालिकाको कार्यालयको कृषि विकास शाखामा पेस गर्नुपर्नेछ ।

(ग) बैठकको निर्णय सहित कार्य सम्पन्न प्रतिवेदन कार्यालयको कृषि विकास शाखामा प्राप्त भएपछि कार्यक्रम संयोजकको सिफारिस सहित भुक्तानीको लागि नगरकार्यपालिका कार्यालयमा पेस गर्नु पर्नेछ ।

(घ) भुक्तानी दिँदा सम्बन्धित कृषक/कृषक समूह/कृषि वा बहुउद्देश्यीय सहकारी संस्था, निजी कृषि फर्म वा कम्पनी र कृषि उद्यमीको बैंक खाता मार्फत भुक्तानी गरिनेछ ।

(ङ) भुक्तानी दिँदा बिल रकमको ५ प्रतिशत रकम धरौटी बापत कट्टा गरी राख्ने र उक्त रकम मर्मत सम्भार अवधि कायम गरी उक्त अवधि भित्र सम्पादित कार्य सकुशल भएमा प्राविधिक टिमको स्थलगत रिपोर्ट पश्चात धरौटी फिर्ता दिन सकिनेछ ।

## परिच्छेद-५

## विविध

**१८. अनुगमन तथा मूल्याङ्कनः**

(१) आवश्यकता अनुसार नगरपालिकाको आर्थिक विकास समिति, कृषि विकास समिति, कृषि विकास शाखा, कार्यक्रम संयोजक र वडा कार्यालयबाट नियमित अनुगमन गरिनेछ ।

(२) अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन अनिवार्य रुपमा पेस गर्नु पर्नेछ ।

**१९. कारवाहि सम्बन्धी व्यवस्थाः**आयोजना स्वीकृत भएका कृषक/कृषक समूह/कृषि वा बहुउद्देश्यीय सहकारी संस्था, निजी कृषि फर्म वा कम्पनीले सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा प्रचलित ऐन, नियम तथा कानुन बमोजिम कारबाही गरी सरकारी रकम असुल उपर गरिनेछ र यस्ता कृषक/कृषक

समूह/सहकारी संस्था, निजी कृषि फर्म वा कम्पनीहरूलाई नगरपालिकाबाट सञ्चालन हुने कुनै पनि कार्यक्रममा तीन वर्षसम्म समावेश गराइने छैन ।

२०. **प्रचलित कानुन बमोजिम हुनेः** सिँचाइ ऐन कार्यान्वयनको सम्बन्धमा प्रचलित कानुनमा उल्लेख भएकोमा सोहि बमोजिम तथा उल्लेख नभएको हकमा यसै ऐन बमोजिम कार्यान्वयन हुनेछ ।

२१. **नियमावली बनाउन सक्नेः** यस ऐन को उद्देश्य प्राप्तिका लागि कार्यक्रम कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियमावली, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

२२. **संक्रमणकालीन व्यवस्थाः** यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआएसम्म कार्यपालिकाले निर्णय गरी लागु गर्न सक्नेछ ।

२३. **बचाउः** सिँचाइ सम्बन्धमा नगरपालिकाबाट यस अघि भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

**दफा १० को खण्ड (ख) सँग सम्बन्धित**

**अनुसूची-१**

**सिँचाइ कार्यक्रमको प्रस्ताव आह्वानको सूचना**

**सूचना । सूचना । । सूचना । । ।**

सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाको कार्यालयको आ.व २०..../......को स्वीकृत कार्यक्रम अनुसार साना सिँचाइ कार्यक्रममा अनुदान सहयोग प्राप्त गरी कार्यक्रम सञ्चालन गर्न इच्छुक कृषक/कृषक समूह/कृषि वा बहुउद्देश्यीय सहकारी संस्था निजी कृषि फर्म र कृषि उद्यमीलाइ दरखास्त आव्हान गरि यो सूचना प्रकाशित गरिएको छ यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र तोकिएको ढाँचा अनुसारको निवेदन साथ तपसिल अनुसारका कागजातहरू संलग्न राखी यस कार्यालयमा प्रस्ताव दर्ता गराउन अनुरोध गरिन्छ ।

**तपसिल**

१. अनुसूची-२ अनुसारको आवेदन फाराम ।

२. अनुसूची-३ अनुसारको संक्षिप्त कार्य योजना ।

३. कृषक समूह/कृषि वा बहुउद्देश्यीय सहकारी संस्था, कृषि फर्म/कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपि ।

४. सहकारी संस्था, कृषि फर्म/कम्पनीको लागि स्थायी लेखा नं. दर्ता प्रमाणपत्रको प्रतिलिपि

५. नेपाली नागरिकताको प्रतिलिपि ।

६. जग्गाधनी दर्ता प्रमाण पत्र/सम्झौताको प्रतिलिपि (ऐलानि प्रति जग्गा भए वडा कार्यालयको सिफारिस) ।

७. निवेदन पेस गर्ने, रकम बेहोर्ने र बोरिङ गर्ने जग्गाको निर्णयको प्रतिलिपि ।

८. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

**नोटः**

कृषकहरूबाट माग भई आएका सिँचाइ योजनाहरूसँग सम्बन्धित लाभग्राहीहरू (मोहीहरू) ले कृषक सिँचाइ उपभोक्ता समित गठन गरी संस्था दर्ता गर्न पेस गरेमा निर्णय प्रतिलिपिका साथ सम्बन्धित वडा कार्यालयको सिफारिस नगरपालिकामा प्राप्त हुन आएपछि नगरपालिकाको कृषि विकास शाखाको सिफारिसमा नगर कार्यपालिकाले उपभोक्ता संस्था दर्ता गरी प्रमाण पत्र उपलब्ध गराउनेछ ।

## दफा १० को खण्ड (ग) सँग सम्बन्धित

## अनुसूची-२

## सिँचाइ कार्यक्रममा अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने निवेदन

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सन्धिखर्क नगरपालिका ।

**विषयः साना सिँचाइ कार्यक्रममा अनुदान उपलब्ध गराई दिने बारे ।**

महोदय,

म/हामीलाई साना सिँचाइ कार्यक्रम अन्तर्गत अनुदान सहयोग प्राप्त गरी..................कार्य गर्न ईच्छा भएकाले निम्नानुसार कागजात राखी निवेदन पेस गरेको छु/छौं । अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रक्रियाभित्र रही कार्य गर्नेछु/गर्नेछौ । पूनश्चः तपसिल अनुसारका कागजातहरू यसै निवेदन साथ संलग्न राखेको बेहोरा समेत अनुरोध गर्दछु/गर्दछौं ।

**तपसिल**

१. अनुसूची-३ अनुसारको संक्षिप्त कार्ययोजना ।
२. कृषक समूह/कृषि वा बहुउद्देश्यीय सहकारी संस्था, कृषि फर्म/कम्पनी, सिँचाइ उपभोक्ता समिति दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
३. कृषक समूह/कृषि वा बहुउद्देश्यीय सहकारी संस्था, कृषि फर्म/कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
४. सहकारी संस्था, कृषि फर्म/कम्पनीको लागि स्थायी लेखा नं. दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
५. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
६. जग्गाधनी दर्ता प्रमाणपत्र/सम्झौताको प्रतिलिपि (ऐलानी प्रति जग्गाको भए वडा कार्यालयको सिफारिस)
७. निवेदन पेस गर्ने, जनश्रमदान बापत बेहोर्ने खर्च र बोरिङ गर्ने जग्गाको निर्णयको प्रतिलिपि ।
८. सम्बन्धित वडा कार्यलयको सिफारिस ।
९. आयोजना छनोट भएमा कार्यान्वयन गर्ने प्रतिबद्धता ।

निबेदक

नामः

संस्थाको नामः

ठेगानाः

दस्तखतः

फोन नं.

संस्थाको छाप

## दफा १० को खण्ड (घ) सँग सम्बन्धित
## अनुसूची-३
## सिँचाइ कार्यक्रमको संक्षिप्त कार्य योजना

निवेदकको नाम थरः

कृषक समूह/सहकारी/कृषि फर्मको नामः

ठेगानाः सन्धिखर्क नगरपालिका वडा नं.......... टोल.........................

संञ्चालन गर्न खोजेको व्यवसाय र स्थानः

अनुदान माग गरेको रकमः आफ्नो लगानीः

आयोजनाबाट सिंचित हुने क्षेत्रफल (हे.)

लाभान्वित परिवार संख्याः लाभान्वित हुने जनसंख्याः

**सञ्चालन गरिने कार्य विवरणः**

| क्र. स. | क्रियाकलाप | एकाइ | परिमाण | दर | जम्मा | अनुदान माग | निजी लगानी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## दफा १४ को खण्ड (घ) सँग सम्बन्धित

## अनुसूची -४

## सिँचाइ कार्यक्रम संञ्चालनको लागि गरिने सम्झौता -पत्र

सन्धिखर्क नगरपालिकाबाट आ.व २०/को स्वीकृत कार्यक्रम अनुसार सञ्चालन गरिने साना सिँचाइ कार्यक्रम गर्न सन्धिखर्क नगरपालिका, (यस पछि पहिलो पक्ष भनिने) र सन्धिखर्क नगरपालिका वडा नं ..........को श्री(यस पछी दोश्रो पक्ष भनिने) बिच तपसिलका सर्तहरू पालन गरी/गराई कार्यक्रम सम्पन्न गर्न यो सम्झौता गरी लियौ/दियौ ।

**तपसिल**

१. पहिलो पक्षले दोश्रो पक्षलाई आयोजनाको लागि दिने अनुदान रकम आयोजना सम्पन्न भए पछी संलग्न लागत अनुमान अनुसारको रू. ........चेकबाट अनुदान रकम उपलब्ध गराउने छ भने बाँकी रकम रू. बेहोर्न पर्नेछ ।

२. दोश्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक सहयोगमा आफूले प्रस्ताव अनुसार साना सिँचाइ कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

३. पहिलो पक्षले तोकेको प्राविधिकले नियमित रुपमा कार्यक्रम सञ्चालन गरे नगरेको अनुगमन गर्नेछ, दोश्रो पक्षले स्वीकृत लागत अनुमान र सम्झौता अनुसारका कार्यहरू नगरेको पाईएमा सम्झौता खारेज गर्न सकिनेछ ।

४. दोश्रो पक्षले यस कार्यक्रम अनुसार सम्पन्न गरिएको साना सिँचाइलाई आवश्यकता अनुसार मर्मत सम्भार कोष खडा गरी मर्मत कार्यलाई निरन्तरता दिनु पर्नेछ । सो को लागि पहिलो पक्षले कुनै अनुदान उपलब्ध गराउने छैन ।

५. उपभोक्ता समितिले भुक्तानी बापत प्राप्त गर्ने रकमबाट ५ प्रतिशत रकम कट्टागरी राखिनेछ । उक्त रकम मर्मत सम्भार अवधि (६ महिना) सम्म राखिनेछ र उक्त अवधि समाप्त भएपछि प्राविधिकबाट स्थलगत निरीक्षण गरी मर्मत सम्भार गर्नु नपर्ने भनी प्राविधिक प्रतिवेदन पेस भएमा फिर्ता दिईनेछ । उक्त फिर्ता गरिएको रकम सम्बन्धित उपभोक्ता समितिले निर्णय गरी खर्च/सोधभर्ना गर्न सक्नेछ ।

६. यस सम्झौता अनुसारको कार्य तोकिएको समयभित्र सम्पन्न गरी सक्नु पर्नेछ ।

७. यस सम्झौतामा उल्लेख भएका बेहोरा यस सम्झौता अनुसार र अन्य बेहोराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**पहिलो पक्षको तर्फबाट सहि गर्ने दोश्रो पक्षको तर्फबाट सही गर्ने**

| | |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| सम्पर्क नः | सम्पर्क नः |
| छाप | छाप |

साक्षीः (सम्बन्धित प्राविधिक कर्मचारी) साक्षीः (सचिव, कोषाध्यक्ष आदि)